सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

३ जेठ २०८३, आइतबार (17 May 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक ३४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## कर्नर किक

● रवि मिश्र




कांग्रेसमा फेरि चर्कियो क्रियाशील सदस्यता विवाद

### सदस्यता अद्यावधिक नगर्न देउवा समूहको आह्वान



**कांग्रेस मिलाउने कि फुटाउने सभापतिको हातमा छ :** खड्का

सय रुपैयाँको भन्सार सीमाबारे सर्वोच्चको आदेश

### प्रत्येक व्यक्तिलाई मानवीय र सम्मानजनक व्यवहार गर्नू

(विस्तृत पृष्ठ ३)

## अर्थ पत्रिका



सरकारको स्वीकृतिविना ३५ परियोजनामा विद्युत् प्राधिकरणको ५६ अर्ब सेयर लगानी

### १० महिनामा ९ खर्ब ८८ अर्ब राजस्व संकलन

पुँजीगत खर्च एकतिहाइ पनि पुगेन

(विस्तृत पृष्ठ ६)

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

# अस्पतालमै छैनन् स्तनपान कक्ष

काठमाडौंका ठुला अस्पताल वीर, टिचिङ, पाटनमा मात्रै होइन, बालबालिकाको मात्र विशिष्टीकृत कान्ति बाल अस्पतालमै स्तनपान कक्ष छैन, सिंहदरबारका अधिकांश मन्त्रालयदेखि बसपार्क र विमानस्थलजस्ता भिडभाड हुने सार्वजनिक स्थानमा पनि अवस्था उही छ

**शिवहरि घिमिरे** / नयाँ पत्रिका

अन्य सार्वजनिक ठाउँमा त के सरकारी कार्यस्थल र अधिकांश ठुला अस्पतालमै पनि स्तनपान कक्ष छैनन्। नवजात शिशुलाई फर्मुला मिल्क (पाउडर दुध) पिलाउने 'फेसन' बढ्नुको एउटा प्रमुख कारण कार्यस्थल र अस्पतालमै स्तनपान कक्ष नहुनु हो।

स्तनपानलाई प्रोत्साहन गर्न सरकारले संघअन्तर्गतका ठुला अस्पतालमै स्तनपान कक्ष बनाएको छैन। जहाँ बिरामीको अत्यधिक भिड मात्रै लाग्दैन, महिला कर्मचारी र सेवाग्राही उत्तिकै उपस्थित हुन्छन्। काठमाडौंका ठुला वीर, कान्ति बाल, त्रिवि शिक्षण, पाटन र टेकु अस्पतालमा स्तनपान कक्ष छैनन्। ट्रमा सेन्टर, निजामती अस्पताल र थापाथली प्रसूतिगृहमा भने स्तनपान कक्ष छन्।

> ट्रमा सेन्टर, निजामती अस्पताल, प्रसूतिगृह र प्रहरी अस्पतालमा छ स्तनपान कक्ष

'बिहानैदेखि शिशु बोकेर अस्पताल आएको, दिनभर लाइन बस्नुपऱ्यो। अझ बच्चालाई बोकेर उभिनुपऱ्यो, दुध खुवाउने कक्षसमेत छैन,' त्रिवि शिक्षण अस्पतालमा केही दिनअघि भेटिएकी धादिङकी मैया खड्काले गुनासो गरिन्, 'साना बच्चा बोकेका आमाहरू पनि अस्पतालमा आउँछन्, उनीहरूलाई स्तनपानका लागि बेग्लै कोठा चाहिन्छ भनेर सोच्नुपर्ने हो। अस्पतालले नै यस्तो समस्या नबुझेपछि अन्य ठाउँमा झन् कसरी स्तनपान कक्ष होस्!' घरबाहिर हिँड्दा पर्याप्त स्तनपान गराउन नपाउँदा बच्चाको स्वास्थ्यमा समस्या देखिने गरेको उनको अनुभव छ।

बालबालिकाको मात्रै उपचार हुने विशिष्टीकृत सरकारी अस्पताल कान्ति बालमै स्तनपान कक्ष छैन, जहाँ दैनिक सयौँ आमा बच्चा बोकेर आइपुग्छन्। उनीहरूलाई बस्न सजिलो मेचसमेत छैन। शिशुको उपचारका लागि गोरखाबाट आएकी सुस्मिता कार्कीले स्तनपान कक्ष र बस्ने मेच नहुँदा समस्या भोग्नुपरेको बताइन्। 'संघीय राजधानीकै यति ठुलो अस्पतालमा त स्तनपान कक्ष हुनुपर्ने हो, तर रहेनछ,' उनले भनिन्, 'बरु, गोरखा जिल्ला अस्पतालमै थियो।'

अस्पताल तथा स्वास्थ्य संस्थामा स्तनपान कक्ष सेवाग्राहीलाई मात्रै चाहिने होइन। त्यहीँ कार्यरत नर्सलगायत महिला

» पृष्ठ २ मा क्रमशः




काठमाडौं महानगरमा साँघुरो कोठामा रहेको स्तनपान कक्ष। सेवाग्राहीको भिड लाग्ने ठाउँ भए पनि यहाँ एकैपटक दुई-तीनजना आमा र शिशु बसेर स्तनपान गराउन मिल्दैन।



● जनस्वास्थ्यविद् **डा. अरुणा उप्रेती** भन्छिन्-

असुविधा भए पनि स्तनपान बच्चालाई अमृतसमान हो भनेर बुझ्ने कतिपय आमाले कुनै कोठा र कुनामा गएर पनि स्तनपान गराउँछन्। तर, स्तनपानमा सहज होस् भनेर सरकारी कार्यालयले सोच्न जरुरी छ। अझ स्वास्थ्य संस्थामा त स्तनपान कक्ष अनिवार्य निर्माण हुनुपर्ने हो। पहिले-पहिले हामीकहाँ साडी वा धोतीको सप्कोले छोपेर पनि स्तनपान गराउने चलन थियो। अहिले सामान्य अवस्थामा अधिकांश महिलाले त्यस्तो पहिरन लगाउँदैनन्। अन्य पहिरनले हिँडडुलमा सहज भए पनि स्तनपान गराउन असहज हुने भएकाले उनीहरूले सहज ठाउँ खोज्छन्।

● नेपाल नर्सिङ संघकी महासचिव **देवकाकुमारी आचार्य** भन्छिन्-



सरकारी कार्यालयमा अनिवार्य रूपमा स्तनपान कक्ष र शिशु स्याहार केन्द्र हुनैपर्छ भनेर मन्त्रालयसँग माग गरेका छौं। अस्पतालमा ड्युटी गर्ने नर्सलाई त झन् चिया खाने राम्रो कोठासमेत छैन। धेरै महिला नियमित उपस्थित हुने ठाउँमा शिशु स्याहार केन्द्र नै राख्नुपर्छ। अन्यमा स्तनपान कक्ष राख्नुपर्छ।

■ एयरपोर्टहरूमा २४ घण्टाभित्र स्तनपान र शिशु हेरचाह कक्ष स्थापना गर्न २८ चैतमै सरकारको निर्देशन

## तर, एक महिना बितिसक्दा पनि अधिकांश विमानस्थलमै बनाइएको छैन

अधिकांश विमानस्थलमा स्तनपान तथा शिशु हेरचाह कक्ष छैनन्। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सबै एयरपोर्टमा स्तनपान र शिशु स्याहार कक्ष निर्माण गर्न २८ चैतमा निर्देशन दिएको थियो। मन्त्रालयले २४ घण्टाभित्र शिशु स्याहार कक्ष र स्तनपान कक्ष स्थापना गर्न निर्देशन दिए पनि अधिकांश एयरपोर्टमा स्थापना नै गरिएको छैन। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा भने स्तनपान कक्ष त छ, तर व्यवस्थित छैन। मन्त्रालयको निर्देशनको पालना भएको छैन। शिशु स्याहार कक्ष त पहिलेदेखि नै छैन। मन्त्रालयले एयरपोर्टको सहज स्थानमा स्तनपान कक्ष र शिशु स्याहार कक्ष स्थापना गर्न निर्देशन दिएको छ। प्रायः विमान उडानहरू 'डिले' हुँदा यात्रुहरूले विमानस्थलमा घण्टौंसम्म जहाज कुर्नुपर्छ। यस्तो अवस्थामा अधिकांश विमानस्थलमा आमाहरू कतै कुना लागेर शिशुलाई स्तानपान गराउन बाध्य हुन्छन्।

## सिंहदरबारभित्रका अधिकांश मन्त्रालयमा छैन स्तनपान कक्ष

शिक्षा, रक्षा, गृह, ऊर्जा, भौतिक पूर्वाधार तथा यातायात, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वन र सहरी विकास मन्त्रालयमा स्तनपान कक्ष छैन। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, सञ्चार, अर्थ र कानुन मन्त्रालयमा भने छ। सिंहदरबारभित्रका संसदीय समितिका कार्यालयहरूमा पनि स्तनपान कक्ष छैन। बच्चा बोकेर कार्यालय आउनुपर्ने महिला कर्मचारीले स्तनपान कक्ष नहुँदा समस्या भोगिरहेका छन्।

सिंहदरबारबाहिर रहेको स्वास्थ्य मन्त्रालयमा भने यसअघि स्तनपान कक्ष थियो। तर, उक्त कक्ष रहेको पुरानो भवन जेन-जी आन्दोलनका क्रममा ध्वस्त भएपछि अहिले समस्या छ। हाल मन्त्रालय सरेको नेपाल स्वास्थ्य अनुसन्धान परिषद् भवनमा स्तनपान कक्ष नभएकाले त्यहाँ काम गर्ने सुत्केरी महिला कर्मचारीले समस्या भोगिरहेका छन्। मन्त्रालयमा शिशु स्याहार केन्द्र त पहिले पनि थिएन। यसबाहेक देशभरका अधिकांश सरकारी अड्डाहरूमा स्तनपान कक्ष छैनन्।

## बसपार्कमा पनि छैन स्तनपान कक्ष

यात्रुको अत्यधिक चाप हुने गोंगबुस्थित नयाँ बसपार्कमा पनि स्तनपान कक्ष छैन। यहाँ आफ्नो गन्तव्यमा जान गाडी कुर्न तथा चढ्न शिशु बोकेर आउने आमाहरूको संख्या अत्यधिक हुन्छ। तर, बसपार्कमा स्तनपान कक्षसमेत राखिएको छैन। यहाँ अस्तव्यस्त टिकट काउन्टर र बस व्यवसाय समितिका कार्यालयहरू छन्। शिशु बोकेर आउने आमाहरूले उभिएरै पछ्यौराले छोपेर स्तनपान गराइरहेका हुन्छन्।

# बिचौलिया भट्टमाथि तीन कसुरमा छानबिन गर्दै सिआइबी

■ सिआइबीले भट्टविरुद्ध बिमासम्बन्धी कसुर, धितोपत्रसम्बन्धी कसुर र बैंकिङ कसुरमा अनुसन्धान गरिरहेको छ

● **मनोज केसी**
प्रमुख, सिआइबी

दीपक भट्टमाथि तीन कसुरमा अनुसन्धान भइरहेको छ। उनीसँग जोडिएका व्यक्तिहरू पनि अनुसन्धानमै छन्।



दीपक भट्ट

**नवराज मैनाली** / नयाँ पत्रिका

बिचौलिया दीपक भट्टमाथि केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पनि छानबिन अघि बढाएको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको हिरासतमा रहेका भट्टमाथि सिआइबीले थप तीन कसुरमा छुट्टै छानबिन अघि बढाएको हो।

ब्युरोका अनुसार भट्टविरुद्ध बिमासम्बन्धी कसुर, धितोपत्रसम्बन्धी कसुर र बैंकिङ कसुरमा अनुसन्धान भइरहेको छ। उनलाई सिआइबीले नै गत १९ चैतमा सम्पत्ति शुद्धीकरणको कसुरमा पक्राउ गरी विभागमा बुझाएको थियो। विभागले भट्टमाथिको अनुसन्धान अन्तिम चरणमा पुऱ्याइसकेको छ। सिआइबीको अनुसन्धान भने जारी नै रहेको एआइजी मनोज केसी बताउँछन्। 'दीपक भट्टमाथि तीन कसुरमा अनुसन्धान भइरहेको छ,' उनले भने, 'उनीसँग जोडिएका व्यक्तिहरू पनि अनुसन्धानमै छन्।'

भट्टसँगै शंकर ग्रुपका व्यवसायी सुलभ अग्रवाललाई हिरासतमा राखेर अनुसन्धान भइरहेको छ। ती कसुरमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा जोडिएका अन्य व्यक्तिमाथि पनि छानबिन भइरहेको सिआइबीले जनाएको छ।

● भट्टविरुद्धको सम्पत्ति शुद्धीकरणको मुद्दा भने अस्वाभाविक रूपमा लम्बिएको छ। पक्राउ गरेकै वेला भट्टमाथिको अनुसन्धान अन्तिम चरणमा पुगिसकेको थियो। तर, डेढ महिना हुँदा पनि मुद्दा दायर हुन सकेको छैन। भट्टले अझै पनि अभियोग कमजोर बनाउन चलखेल जारी राखेको स्रोत बताउँछ। भट्टलाई सम्पत्ति शुद्धीकरणको कसुरमा १९ चैतमा सिआइबीले पक्राउ गरी सम्पत्ति शुद्धीकरण विभागलाई बुझाएको थियो।

» पृष्ठ २ मा क्रमशः

# आफ्नो इन्जिन मर्मतका नाममा थन्क्याएर भाडाको इन्जिन चलाउँदा निगमलाई करोडौं घाटा




सगरमाथा जहाजमा बिग्रेको एपियू समयमै नभिक्दा मर्मतमा ढिलाइ

लिजको एपियू पनि नियमविपरीत फिर्ता, काम गरिरहेको इन्जिन झिकेर फेरि 'एमइएल'को दुरुपयोग

**पवन तिमिल्सिना** / नयाँ पत्रिका

राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको न्यारोबडी एयरबस ए-३२० जहाजमा जडान हुने एपियू (अक्जिलरी पावर युनिट) इन्जिन मर्मतका नाममा झन्डै आठ महिनासम्म थन्क्याएर भाडाको इन्जिन प्रयोग गर्दा निगमलाई करोडौं घाटा भएको छ। एकातिर आफ्नो इन्जिन मर्मतका नाममा खर्च गरिरहनुपर्ने र अर्कातिर भाडाको इन्जिनका लागि पनि खर्च व्यहोर्नुपर्ने दोहोरो आर्थिक भारले निगमलाई करोडौं घाटा भएको हो।

सामान्यतः ४५ देखि ६० दिनभित्र एपियू मर्मत गरिसक्नुपर्ने तथा भाडामा इन्जिन लिने हकमा त्यसको परल मूल्यको ६० प्रतिशतभन्दा बढी मूल्य पर्ने गरी भाडामा लिन नपाइने व्यवस्था छ। यी व्यवस्था उल्लंघन गर्दै निगमलाई करोडौं घाटा गराउने गरी अनियमितता भएको स्रोतले बतायो।

उपलब्ध विवरणअनुसार मर्मत र लिजमा गरिएको खर्च जोड्दा आउने रकम झन्डै नयाँ एपियू किन्न पुग्नेबराबर भएको देखिन्छ। ए-३२० जहाजमा प्रयोग हुने एपियू मोडेल 'एपिएस ३२००' (पी/एन : ४५०००१बी) हो। यसको निर्माण कम्पनी प्र्याट एन्ड ह्वाइट्नी हो। सन् २०२६ मा नयाँ एपियूको मूल्य करिब सात लाख ५० हजारदेखि नौ

» पृष्ठ २ मा क्रमशः

पार्टपुर्जाको परल मोलको ६० प्रतिशतभन्दा बढी मूल्य पर्ने गरी भाडामा लिन नपाइने व्यवस्था

## तर, परल मूल्यकै हाराहारीमा भाडाका लागि स्वीकृत

नेपाल वायु सेवा निगम आर्थिक विनियमावली, २०६५ मा विमानका इन्जिन तथा पार्टपुर्जा भाडामा लिने-दिनेसम्बन्धी व्यवस्था छ। जसअनुसार विशेष परिस्थितिमा वायुसेवा सञ्चालनका लागि तत्काल आवश्यक परेमा निगमले अरू हवाई सेवा कम्पनी तथा सम्बन्धित एजेन्सीसँग विमानका इन्जिन तथा पार्टपुर्जा भाडामा लिन सक्ने व्यवस्था छ। त्यसरी भाडामा लिँदा भाडाको दर इन्जिनियरिङ विभागका प्रमुखले वार्ताका आधारमा निर्धारण गर्नुपर्ने हुन्छ। सामान्यता त्यस्ता पार्टपुर्जाको परल मोलको ६० प्रतिशतभन्दा बढी भाडा मूल्य पर्ने गरी भाडामा लिन नपाइने उल्लेख छ। त्यस्तै, इन्जिनको हकमा २१ दिनसम्म कार्यकारी प्रमुखले स्वीकृति दिन सक्नेछ र सोभन्दा बढी समयका लागि इन्जिन भाडामा लिनुपरेमा समितिको स्वीकृति लिनुपर्ने व्यवस्था छ।



अमृतमान शाक्य

कम्पोनेन्टको हकमा एक महिनासम्म इन्जिनियरिङ विभाग प्रमुखले स्वीकृति दिन सक्नेछ। सोभन्दा बढी समयका लागि भाडामा लिनुपर्दा कार्यकारी प्रमुखले स्वीकृति दिन सक्ने व्यवस्था छ। यसरी तत्कालीन कार्यकारी प्रमुख अमृतमान शाक्यले इन्जिनको परल मूल्यकै हाराहारीमा भाडा मूल्य लाग्दा पनि भाडाका लागि स्वीकृत गरेको देखिन्छ।

लहानको प्रादेशिक अस्पतालका अध्यक्ष र तत्कालीन मेसुको चाला

# शिलामा नाम लेखाउन सिटिस्क्यान उद्घाटन, भोलिपल्टै बन्द

### १२ करोडको मेसिन जनशक्ति अभावमा थन्कियो, रेडियोलोजी सिटिस्क्यान ठप्प

लहानमा **मणिलाल विश्वकर्मा**

सिराहाको लहानमा रहेको रामकुमार शारडा उमाप्रसाद मुरारका स्मारक अस्पतालका अध्यक्ष र निमित्त मेडिकल सुपरिटेन्डेन्टले शिलामा आफ्नो नाम राख्नैका लागि सिटिस्क्यान सेवा उद्घाटन गरेको पाइएको छ। तर, २१ वैशाखमा उद्घाटन गरेर अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहता र तत्कालीन निमित्त मेडिकल सुपरिटेन्डेन्ट रणजितकुमार झाको नाम लेखाइसकेपछि भोलिपल्टबाट भने

» पृष्ठ २ मा क्रमशः

■ अस्पतालका अध्यक्ष भन्छन्- **उद्घाटन त भयो, तर चलाउने मान्छे छैनन्**



२१ वैशाखमा सिटिस्क्यान उद्घाटन गर्दै अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रामनारायण मेहता र तत्कालीन निमित्त मेडिकल सुपरिटेन्डेन्ट रणजितकुमार झा

अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति अध्यक्ष रामनारायण मेहताले विपन्न बिरामीको हितका लागि उपकरण जडान गरिए पनि जनशक्ति नहुँदा समस्या परेको बताए। 'हामीले उपकरण जडानपछि उद्घाटन त गऱ्यौं। तर, दक्ष जनशक्ति र अन्तिम प्राविधिक निरीक्षण नहुँदा सेवा दिन सकेका छैनौं,' उनले भने। जनशक्ति व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयसँग समन्वय भइरहेको उनले बताए। हाल १५ शय्याको स्वीकृत दरबन्दी भए पनि अस्पतालले करारका कर्मचारीमार्फत सय शय्याको सेवा दिँदै आएको छ। तर, सिटिस्क्यानजस्तो संवेदनशील र प्राविधिक उपकरण सञ्चालन नहुँदा दुर्घटना, मस्तिष्कघात र गम्भीर चोटपटक लागेका बिरामी बढी मर्कामा परेका छन्। सरकारी अस्पतालमा सुलभ शुल्कमा सेवा पाउने आशामा रहेका सिराहा, सप्तरीका बिरामी महँगो शुल्क तिरेर निजी क्लिनिक र मधेश प्रदेशका विभिन्न अस्पताल जान बाध्य छन्। सरकारी अस्पतालमा तीन हजारदेखि ३५ सय रुपैयाँमा हुने सिटिस्क्यान सेवा नपाउँदा बिरामीले निजीमा दोब्बर-तेब्बर रकम तिर्नुपरेको छ।

■ साढे सात वर्षसम्म पनि बनेन कोल्डस्टोर

# सातपटक थप गरिएको म्याद मंसिरमै सकियो
# ठेकेदार कम्पनीलाई हर्जाना, पेस्की जफत

धनगढीमा **तेजराज भट्ट**



कैलालीको धनगढी उपमहानगरपालिका- १८, फूलबारीमा साढे सात वर्षअघि सुरु गरिएको चिस्यान केन्द्र (कोल्डस्टोर) निर्माणको काम अझै पूरा भएको छैन । दुई हजार मेट्रिकटन क्षमताको यो कोल्डस्टोर निर्माण भए कैलाली र कञ्चनपुरका दर्जनौं किसान लाभान्वित हुने थिए । तर, कोल्डस्टोर नहुँदा यहाँका किसानले सिजनमा उत्पादन गर्ने तरकारी र फलफूल भण्डारणको समस्या उस्तै छ ।

संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय धनगढीले कोल्डस्टोर निर्माणका लागि रविना कन्स्ट्रक्सनसँग १८ मंसिर ०७५ मा निर्माण सम्झौता गरेको थियो । सम्झौताको सर्तअनुसार १७ मंसिर ०७७ भित्रै काम सकिनुपर्ने हो । ११ करोड ९६ लाख ४२ हजार रुपैयाँ लागतको यो कोल्डस्टोर निर्माणका लागि निर्धारितभन्दा झन्डै तीन गुणा बढी समय र सातपटक म्याद थप भइसकेको छ ।

सातौँपटक थप गरिएको अवधि पनि गत मंसिरमा सकिएको छ । अहिलेसम्म भौतिक प्रगति करिब ८८ प्रतिशत रहेको संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय धनगढीले जनाएको छ । पटक-पटक म्याद थप गरेर निर्माण अवधि बढाउँदै लगिए पनि काम पूरा नगरेपछि गत पुसबाट कार्यालयले कम्पनीलाई हर्जाना लगाएको छ भने फागुनमा पेस्की जफत गरेको छ ।

कार्यालयका अनुसार भवन निर्माणको काम निर्माण कम्पनीले पहिले नै गरेको थियो । अहिले चिस्यान गर्ने मेसिन र र्‍याकहरू ल्याइसकिएको छ भने जडान गर्न बाँकी छ । पहिले नै बनाएकाले जीर्ण भएका भवनका पेटी, ब्लकहरू मर्मतको काम बाँकी छ । ट्रान्समिटर राख्नेलगायत विद्युत् जडानको काम पनि बाँकी रहेको कार्यालयले जनाएको छ ।

निर्माण कम्पनीको लापरबाहीका कारण लामो समयसम्म काम पूरा नभएको संघीय सहरी विकास कार्यालयका सूचना अधिकारी इन्जिनियर सौरभ कलौनीले बताए । निर्माण कम्पनीले तदारुकता देखाए बाँकी काम केही दिनमै सकिने उनले बताए । 'निर्माण कम्पनीले भन्नलाई भारतबाट मेसिनरी सामान ल्याउन ढिलो भयो भन्छ, तर काम नगरेकै कारण समयमै सम्पन्न नभएको हो,' उनले भने, 'अहिले पनि काम गरेजस्तो मात्र छ, तीव्रता दिएको छैन ।'

निर्माण कम्पनीको बैंक ग्यारेन्टी तान्ने प्रक्रिया पनि अगाडि बढेको इन्जिनियर कलौनीले जानकारी दिए । उनका अनुसार १२० दिनसम्म सम्झौता रकमको दैनिक ०.०५ प्रतिशत हर्जाना लगाउन पाउने व्यवस्थाअनुसार निर्माण कम्पनीले आगामी असारसम्म काम पूरा गरिसक्नुपर्नेछ । त्यस अवधिमा पनि काम पूरा नगरे ठेक्का तोडेर निर्माण कम्पनीलाई कालोसूचीमा राखिने कार्यालयले जनाएको छ । कार्यालयले हालसम्म आठ करोड २९ लाख १२ हजार रुपैयाँ भुक्तानी दिएको छ ।

धनगढी र आसपास कोल्डस्टोर नहुँदा यहाँका किसानले सिजनमा उत्पादन हुने आलु, प्याजलगायत तरकारी तथा फलफूलहरू भण्डारण गरेर राख्न पाउँदैनन् । धनगढी- १८, फूलबारी नुक्लीपुरमा व्यावसायिक तरकारी खेती गर्दै आएका किसान प्रेम खड्काले कोल्डस्टोर नहुँदा कृषिउपजले बजार मूल्य पाउन नसकेको गुनासो गरे । सिजनमा मूल्य पाउन गाह्रो हुने गरेको र बेसिजनमा बेच्नका लागि भण्डारणको समस्या रहेको उनले बताए ।

कोल्डस्टोर निर्माण भए धनगढी मात्र नभए योसँग जोडिएका र नजिक रहेका कञ्चनपुरको दक्षिणी क्षेत्रका किसानले पनि लाभ लिन सक्नेछन् । धनगढी- १८ का अध्यक्ष भुवन रिजालले कोल्डस्टोरको काम समयमै सक्नका लागि वडा र पालिका तहबाट पनि पटक-पटक आग्रह गरिएको बताए । 'कोल्डस्टोरको भवन संरचना बनिसकेको छ, अब धेरै काम पनि बाँकी छैन, जतिसक्दो चाँडो सञ्चालनमा ल्याइनुपर्छ,' वडाध्यक्ष रिजालले भने ।

कैलाली ५ बाट निर्वाचित सांसद डा. आनन्दबहादुर चन्दले निर्माण कम्पनीले काम नगर्ने हो भने ठेक्का तोडेर जानुको विकल्प नभएको बताए । 'किसानले सिजनमा आफूले उत्पादन गरेको तरकारीको उचित मूल्य पाउँदैनन् । भण्डारण गर्न नपाउँदा बिक्री नभएर फाल्नुपर्ने अवस्था पनि छ । तर, बेसिजनमा त्यही तरकारी भारतबाट बढी मूल्यमा ल्याउनुपर्छ,' चन्दले भने, 'धेरै किसानलाई लाभ हुने यो कोल्डस्टोर जतिसक्दो चाँडो सञ्चालनमा ल्याइनुपर्छ । निर्माण कम्पनीले अब काम नगर्ने हो भने ठेक्का तोडेर कारबाही प्रक्रिया अगाडि बढाउनका लागि सरकारसँग पहल गर्छौं ।'

## बिचौलिया भट्टमाथि...

पृष्ठ १ बाट क्रमशः

बिमा ऐनअनुसार कारबाही गर्न बिमा प्राधिकरणले नै सिआइबीलाई पत्राचार गरिसकेको छ । भट्टले बिमा ऐनको खिलाप हुने गरी हिमालयन रिइन्स्योरेन्सको रकम आफ्नो र आफन्तको खातामा ट्रान्सफर गराएका थिए । त्यस्तै, नेपाल पुनर्बिमा कम्पनीको मूल्य कृत्रिम रूपमा बढाउने भूमिका खेलेको प्राधिकरणको छानबिनले देखाइसकेको छ । जसमा धितोपत्रसम्बन्धी कसुरअनुसार छानबिन अघि बढेको हो ।

प्राधिकरणको जाँचबुझ प्रतिवेदनअनुसार नेपाल रिको सेयर अग्रिम रकम नलिई किनबेच गर्न दिइएको थियो । धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम ८ बमोजिम अग्रिम रकम कम्तीमा २५ प्रतिशत प्राप्त नगरी कारोबार गर्न नहुने उल्लेख छ ।

धितोपत्र कारोबार राफसाफ तथा फर्स्योट विनियमावली, २०६९ को विनियम १३ बमोजिम कारोबार भएको दिनबाहेक दुई कार्यदिनमा राफसाफ तथा फर्स्योट गरे पनि धितोपत्र सोही विनियमावलीको विनियम १६ र १७ बमोजिम खरिदकर्ता ग्राहकबाट रकम लिने र बिक्रीकर्ता ग्राहकलाई रकम दिने कार्य गरेको नदेखिएको भन्दै धितोपत्रसम्बन्धी कसुरमा कारबाहीको सिफारिस भएको हो । यसमा व्यवसायी शेखर गोल्छाको पनि मिलेमतो देखिएको भन्दै सिआइबीले उनलाई पक्राउ गरेको थियो । गोल्छा भने हाजिरी जमानीमा छुटिसकेका छन् ।

नेपाल रिको सेयर मूल्य बढाउन दीपक भट्ट र उनको समूहले नेपाल स्टक एक्सचेन्जको प्रणालीलाई नै झुक्याएको समेत अभियोग छ । भट्ट, भृकुटी स्टक ब्रोकिङ र गोल्छासमेतको मिलोमतोमा नेपाल रिको सेयर मूल्य बढाउने प्रपञ्च रचेको प्रतिवेदनमा उल्लेख छ ।

यसरी सेयर खरिद-बिक्रीका लागि रकम लेनदेन नगर्ने कार्यबाट बजारमा नेपाल रिको सेयर मूल्यमा कृत्रिम माग सिर्जना गरिएको जाँचबुझ प्रतिवेदनमा खुलेको छ । नेपाल रिको सेयर मूल्य ५ साउनको दिउँसो १२ः५६ मा एक हजार ४६१ रुपैयाँबाट १० भदौको दिउँसो ३ः५९ सम्ममा एक हजार ६८६ रुपैयाँ १० पैसासम्म पुऱ्याएको देखिन्छ । यसबाट लगानीकर्ता तथा दोस्रो बजार प्रणालीलाई झुक्याई नेपाल रिको सेयरको मूल्य बढाउने प्रपञ्च रचिएको ठहर छ ।

त्यस्तै, भट्टले जगदम्बा स्टिल्सले हिमालयन बैंकबाट लिएको कर्जा दुरुपयोग गरेका थिए । सो कम्पनीका नाममा एक अर्ब २६ करोडबराबरको ऋण स्वीकृत गरिएको थियो । त्यसमध्ये ३८ करोड ८१ लाख जगदम्बा स्टिल्सको व्यावसायिक चल्ती खाताबाट कम्पनीका अध्यक्ष शंकरलाल अग्रवालले भट्टलाई रकमान्तर गरेर बैंकिङ कसुर गरेको सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको छानबिनबाट पनि प्रस्ट भएको छ । शंकरलाललाई सम्पत्ति शुद्धीकरणले बयान लिई हाजिरी जमानीमा राखेको छ । एक वर्षअघि नै उनले बैंकको रकम अपचलन गरेको खुलिसकेको थियो ।

त्यसवेला सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले राष्ट्र बैंकलाई लेखेको पत्रमा भनिएको छ, 'उक्त कम्पनीका अध्यक्ष शंकरलाल अग्रवालले दीपक भट्टलाई रकमान्तर गरेको २० करोड रुपैयाँ व्यवसायका लागि लिएको ऋणको दुरुपयोग गरी बैंकिङ कसुर गरेको हुन सक्ने भन्ने उल्लेख भएको र सो विषय अनुसन्धान तथा कारबाहीका लागि साधिकार निकायमा पठाइएको भन्नेसमेत देखिन नआएको, सो सम्बन्धमा मूलतः नियामक निकायको हैसियतले नेपाल राष्ट्र बैंकबाट निरीक्षण तथा सुपरिवेक्षण हुनुपर्ने देखिन्छ भने बैंकिङ कसुरमा कारबाही गर्न सक्षम निकाय विभाग नभएकाले नियमन/सुपरिवेक्षणलगायतका जे/जे हुनुपर्ने हो सो गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउनुपर्ने जिम्मेवारी वित्तीय जानकारी इकाइमा समेत निहित रहेको नै मान्नुपर्ने देखिन आयो ।' विगतमा सत्ताको दबाबले अनुसन्धान रोकिँदै आएकोमा अहिले अघि बढेको हो ।

यसपटक पनि सम्पत्ति शुद्धीकरणको मुद्दा भने अस्वाभाविक रूपमा लम्बिएको छ । पक्राउ गरेकै वेला भट्टमाथिको अनुसन्धान अन्तिम चरणमा पुगिसकेको थियो । तर, डेढ महिना हुँदा पनि मुद्दा दायर हुन सकेको छैन । भट्टले अझै पनि आफूमाथिको अभियोग कमजोर बनाउन चलखेल जारी राखेको स्रोत बताउँछ ।


## शिलामा नाम...

पृष्ठ १ बाट क्रमशः

सिटिस्क्यान सेवा बन्द छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गत १४ चैतमा निर्णय गर्दै झालाई दरबन्दी रहेको अस्पताल (वीरमा) काज फिर्ता गरेको थियो । सिटिस्क्यान सञ्चालनका लागि जनशक्ति अभाव रहे पनि शिलामा नाम लेखाउनैका लागि उनी र अध्यक्षले सेवा उद्घाटन गरे । त्यसको भोलिपल्ट २२ वैशाखमा उनी प्रादेशिक अस्पतालबाट रमाना भएका थिए ।

अस्पताल व्यवस्थापन समितिका अध्यक्ष मेहताले तत्कालीन मेसु झाबाट सिटिस्क्यान उद्घाटनको प्रस्ताव आएछि सोहीअनुसार गरिएको हो । 'वैशाखको पहिलो साता भएको समितिको बैठकमा उहाँले उद्घाटनको प्रस्ताव ल्याएपछि मिति तय गरी निर्णय गरिएको हो,' उनले भने, 'निर्णयअनुसार मैले र मेसुले संयुक्त रूपमा उद्घाटन गर्‍यौं । जनशक्ति अभावमा नियमित सञ्चालन गर्न सकिएको छैन । त्यसका लागि प्रदेश मन्त्रालयमा पहल गरिरहेका छौं ।'




अधिकारकर्मी राजकुमार कुर्मीले करोडौंको उपकरण थन्क्याएर राख्नु लहान क्षेत्रका लागि दुर्भाग्यपूर्ण भएको बताए । 'उपकरण खरिद गर्न हतार गर्ने मन्त्रालयले जनशक्ति व्यवस्थापनमा किन गम्भीरता देखाउँदैन ?' उनले प्रश्न गरे ।

हालै जिम्मेवारी सम्हाल्न आएकी मेडिकल सुपरिटेन्डेन्ट डा. वर्षा प्रकाशले सिटिस्क्यान सञ्चालन गर्नु आफ्नो मुख्य प्राथमिकता रहेको बताइन् । 'प्रदेशभरि नै रेडियोलोजिस्टको अभाव छ, मन्त्रालयमा ताकेता गरिरहेका छौं, तर कर्मचारी कहिले आउँछन् भन्ने टुंगो छैन,' उनले भनिन् ।

०८१ भदौमा तत्कालीन निमित्त मेसु डा. बृजेन्द्र साहको पालामा सिटिस्क्यान मेसिन ल्याइएको थियो । तर, रेडियोलोजिस्टसमेत रहेका साहको सरुवा भएपछि मेसिन चलेको थिएन । मधेश प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले १२ करोड रुपैयाँमा खरिद गरेको दुईवटा सिटिस्क्यानमध्ये एउटा लहान अस्पताललाई उपलब्ध गराएको थियो ।

## अस्पतालमै छैनन्...

पृष्ठ १ बाट क्रमशः

कर्मचारीलाई पनि चाहिन्छ । कतिपय नर्स/कर्मचारी साना बच्चालाई सँगै लगेर काममा खटिनुपर्ने अवस्था छ । तर, स्तनपान कक्ष र शिशु स्याहार केन्द्र नहुँदा उनीहरूले दिनदिनै समस्या भोग्नुपरेको छ ।

त्रिवि शिक्षण अस्पतालमा कार्यरत एक नर्सले आफूले भोगिरहेको पीडा सुनाइन्, 'बच्चालाई समयमै दुध खुवाउन नपाउँदा र आराम दिन नसक्दा मेरो काममा समेत समस्या परेको छ । अहिले मलाई परेपछि थाहा पाएँ, स्तनपान कक्ष र शिशु स्याहार तथा आराम कक्ष सबै अस्पतालमा हुनुपर्ने रहेछ ।'

नेपाल नर्सिङ संघकी महासचिव देवकाकुमारी आचार्य अस्पतालमा नर्सहरूलाई त चिया खाने राम्रो कोठासमेत नभएको गुनासो गर्छिन् । 'सरकारी कार्यालयमा अनिवार्य रूपमा स्तनपान कक्ष र शिशु स्याहार केन्द्र हुनैपर्छ भनेर मन्त्रालयसँग माग गरेका छौं । अस्पतालमा ड्युटी गर्ने नर्सलाई त झन् चिया खाने राम्रो कोठासमेत छैन,' उनले भनिन्, 'धेरै महिला नियमित उपस्थित हुने ठाउँमा शिशु स्याहार केन्द्र नै राख्नुपर्छ । अन्यमा स्तनपान कक्ष राख्नुपर्छ ।' स्वास्थ्य मन्त्रालयले ०७७ मै सार्वजनिक स्थल तथा स्वास्थ्य संस्थामा स्तनपान कक्ष बनाउने योजना सारे पनि अझै अलपत्र छ ।

वीर अस्पतालका निर्देशक डा. दिलीप शर्मा शिशु स्याहार कक्ष सानो भएकाले अब स्तनपान कक्षसहित शिशु स्याहार केन्द्र व्यवस्थित पार्ने बताउँछन् । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा. युवानिधि बसौलाले पनि स्तनपान र शिशु स्याहार कक्ष बनाउन खोजे पनि ठाउँ साँघुरो हुँदा सम्भव नभएको बताए । 'अस्पतालमा शिशु र आमाको लागि छुट्टै कोठा बनाउन आवश्यक छ, हामीले चासो पनि दिएका छौं, तर ठाउँ साँघुरो भएर समस्या परेको हो ।'

निजामती अस्पताल र ट्रमा सेन्टरमा भने एक वर्षअघि स्तनपान कक्ष बनाइएको छ । उक्त कक्षमा आमा र शिशुलाई केहीबेर आराम गर्न मिल्ने गरी कुर्सीहरू राखिएका छन् । निजामतीका निर्देशक डा. मोहनचन्द्र रेग्मी र ट्रमाका निर्देशक डा. बद्री रिजालका अनुसार अहिले स्तनपानका लागि सहज भएको छ । प्रसूतिगृहमा त अस्पतालले सञ्चालन गरेको मिल्क बैंकका कारण नवजात शिशुले फर्मुला मिल्क खानुनपरेको निर्देशक डा. श्रीप्रसाद अधिकारीले बताए । भिडभाडमा स्तनपान गराउन असहज हुने भएपछि घरबाहिर निस्किँदा कैयौँ आमाहरू बोतलमा पाउडर दुध बोकेर आउने गरेका देखिन्छन् । यो अवस्था अधिकांश ठुला अस्पतालमा मात्रै होइन, सरकारी कार्यालयहरूमा जाँदा पनि उस्तै छ ।

स्वास्थ्य मन्त्रालयको रिपोर्टअनुसार देशका ४० जिल्ला स्वास्थ्य कार्यालयमा मात्रै स्तनपान कक्ष छन् । प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमै सीमित कार्यालयमा मात्रै यो सुविधा छ । अधिकांश मन्त्रालयमा स्तनपान कक्ष छैन । ६० भन्दा धेरै जिल्ला प्रशासन कार्यालयमा पनि यस्तो कक्ष छैन । त्यस्तै, निकै कम स्थानीय तहमा मात्रै यो सुविधा छ । देशका सबैजसो विमानस्थलमा भने स्तनपान कक्ष छन् ।

विश्व स्वास्थ्य संगठनका अनुसार शिशुलाई स्वस्थ राख्न जन्मिएको एक वर्षसम्म २४ घण्टामा कम्तीमा १२ पटक स्तनपान गराउनुपर्छ । तर, नेपालमा स्तनपान गराउने आमाको संख्या घटिरहेको रिपोर्टहरू आएका छन् ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का अनुसार शिशुलाई स्वस्थ राख्न जन्मिएको एक वर्षसम्म २४ घण्टामा कम्तीमा १२ पटक आमाको दुध खुवाउनुपर्छ । एक वर्षअघि गरिएको राष्ट्रिय सर्वेक्षणले स्तनपान गराउने आमाको संख्या ५५ प्रतिशत मात्रै रहेको देखाएको थियो । पछिल्लोपटक यसमा अध्ययन भएको छैन । स्वास्थ्य मन्त्रालय र डब्लुएचओको टिमले यस अध्ययन गरेका थिए । आठ वर्षअघि गरिएको सर्वेक्षणमा ६५ प्रतिशत आमाले स्तनपान गराएको पाइएको थियो । तर, पछिल्लो अध्ययनमा झन् घटेको छ । कान्ति बाल अस्पतालका बालरोग विशेषज्ञ डा. रामहरि चापागाईंले स्तनपान गराउन दर कम हुनु निराशाजनक भएको बताए । 'अहिले फर्मुला मिल्क खुवाउने गरिन्छ, तर आमाको दुध अमृतसम्मान हो, त्यससँग अरूको तुलना हुँदैन,' उनले भने ।

### ठुला निजी अस्पतालमा भने छन् स्तनपान कक्ष

अधिकांश ठुला सरकारी अस्पतालमा स्तनपान कक्ष नभए पनि निजी अस्पतालमा भने छन् । नर्भिक, ह्याम्स, मेडिसिटी, ग्रान्डी, केएमसी, एभरेस्टलगायत निजी अस्पतालमा स्तनपान कक्ष राखिएको छ । आमा र शिशुहरू अस्पताल आउने भएकाले सहजताका लागि स्तनपान कक्ष राखिएको एभरेस्ट अस्पतालका प्रशासन दीपक बरालले बताए । तर, जावलाखेलस्थित अल्का अस्पतालमा भने स्तनपान कक्ष छैन । शिशु स्याहार केन्द्र भने अधिकांश निजी अस्पतालमा पनि छैन ।

### प्रहरी अस्पताल र मुख्यालयमा मात्रै छ स्तनपान कक्ष

नेपाल प्रहरी अस्पतालमा भने स्तनपान कक्ष छ । त्यहाँ शिशु स्याहार कक्ष भने छैन । नेपाल प्रहरीको मुख्यालयमा स्तनपान कक्ष छ । तर, प्रहरी महिलाका लागि आराम कक्ष तथा शिशु स्याहार कक्ष छैन । जिल्ला प्रहरी परिसर काठमाडौं र ललितपुरमा पनि स्तनपान कक्ष भए पनि प्रहरीका सबैजसो वृत्त र प्रभागहरूमा भने छैनन् । उपत्यका ट्राफिक प्रहरी कार्यालयमा पनि स्तनपान कक्ष छैन ।

### सिंहदरबारभित्रका अधिकांश मन्त्रालयमा छैन स्तनपान कक्ष

सिंहदरबारभित्र रहेका कार्यालयहरूमा समेत स्तनपान कक्ष छैन । शिक्षा, रक्षा, गृह, ऊर्जा, भौतिक पूर्वाधार तथा यातायात, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वन र सहरी विकास मन्त्रालयमा स्तनपान कक्ष छैन । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, सञ्चार, अर्थ र कानुन मन्त्रालयमा भने छ । सिंहदरबारभित्रका संसदीय समितिका कार्यालयहरूमा पनि स्तनपान कक्ष छैन । बच्चा बोकेर कार्यालय आउनुपर्ने महिला कर्मचारीले स्तनपान कक्ष नहुँदा समस्या भोगिरहेका छन् । 'कार्यालयमा आराम गर्ने र बच्चालाई राख्न तथा स्तनपान गराउन सहज हुने कोठा छैन । यहीं काम गर्नेहरूका लागि त छैन, बाहिरबाट आउने सेवाग्राहीका लागि हुने कुरै भएन,' सहरी विकास मन्त्रालयमा कार्यरत एक कर्मचारीले भनिन् । त्यस्तै, आराम कक्ष नहुँदा सिंहदरबारभित्रका महिला कर्मचारी बच्चालाई मोबाइलमा भुलाएर काम गर्न बाध्य छन् ।

सिंहदरबारबाहिर रहेको स्वास्थ्य मन्त्रालयमा भने यसअघि स्तनपान कक्ष थियो । तर, उक्त कक्ष रहेको पुरानो भवन जेन-जी आन्दोलनका क्रममा ध्वस्त भएपछि अहिले समस्या छ । हाल मन्त्रालय सरेको नेपाल स्वास्थ्य अनुसन्धान परिषद् भवनमा स्तनपान कक्ष नभएकाले त्यहाँ काम गर्ने सुत्केरी महिला कर्मचारीले समस्या भोगिरहेका छन् । मन्त्रालयमा शिशु स्याहार केन्द्र त पहिले पनि थिएन ।

### सेवाग्राहीको बढी भिड हुने कार्यालयमै कतै व्यवस्थित कतै अव्यवस्थित

जिल्ला प्रशासन कार्यालय भक्तपुरको एउटा सानो कोठामा दुईवटा कुर्सी राखेर स्तनपान कक्ष बनाइएको छ । तर, त्यहाँ आमा र शिशुलाई सहजै बस्न र आराम गर्न मिल्ने कुर्सी तथा टेबल राखिएको छैन ।

भूमिसुधार तथा मालपोत कार्यालय डिल्लीबजारमा पनि निकै साघुँरो कोठामा दुई कुर्सी राखेर स्तनपान कक्ष बनाइएको छ । स्तनपान कक्षमा बेर्ड तथा बच्चा सुताउने र बसाल्ने ठाउँ समेत छैन ।

जिल्ला प्रशासन कार्यालय काठमाडौंमा भने व्यवस्थित स्तनपान कक्ष छ । त्यहाँ एउटा बेड, बच्चा सुताउन मिल्ने कोर्को र बच्चा भुलाउन खेलौनाहरू समेत राखिएको छ । 'हामीकहाँ व्यवस्थित र सुविधासम्पन्न स्तनपाक कक्ष छ, बेड र बच्चालाई सुताउने सामानहरू पनि राखेका छौं,' काठमाडौंका सिडिओ इश्वरराज पौडेलले भने । जिल्ला प्रशासन कार्यालय ललितपुरमा पनि स्तनपान कक्ष छ, तर साघुँरो छ । यहाँ स्तनपान कक्षमा बेडहरू राखिएको छैन । त्यस्तै, काठमाडौं महानगरपालिकामा पनि साघुँरो कोठामा स्तनपान कक्ष राखिएको छ । सेवाग्राहीको भीड लाग्ने ठाउँ भएपनि यहाँ एकैपटक दुई-तीनजना आमा र शिशु बस्न मिल्दैन ।

### बसपार्कमा पनि छैन स्तनपान कक्ष

यात्रुको अत्यधिक चाप हुने गोंगबुस्थित नयाँ बसपार्क क्षेत्रमा स्तनपान कक्ष नै छैन । यहाँ आफ्नो गन्तव्यमा जान गाडी कुर्न तथा चढ्न शिशु बोकेर आउने आमाहरूको संख्या अत्यधिक हुन्छ । तर, बसपार्कमा स्तनपान कक्षसमेत राखिएको छैन । यहाँ अस्तव्यस्त टिकट काउन्टर र बस व्यवसाय समितिका कार्यालयहरू छन् । शिशु बोकेर आउने आमाहरूले उभिएरै पछ्यिाराले छोपेर स्तनपान गराइरहेका हुन्छन् ।

'बसपार्कमा शिशुसहित आउनेहरू धेरै हुनुहुन्छ, यहाँको बसपार्कमा त छिर्नै डर लाग्छ,' नयाँ बसपार्क क्षेत्रमा भेटिएकी धादिङ गजुरीकी मिना थापाले भनिन्, 'कम्तिमा बच्चालाई आराम गराउन र दुध खुवाउन सजिलो ठाउँ हुनुपर्ने हो, तर यहाँ त्यस्तो ठाउँ नै छैन ।' पश्चिम नेपाल बस व्यवसाय समितिको टिकट काउन्टरमा भेटिएका माधब थापाले यहाँ स्तनपान कक्ष बनाउनको लागि ठाउँ नभएको बताए । उनले यात्रुहरू बस्नको लागि काउन्टरअगाडि कुर्सीहरू राखिएको बताए । 'हामीकहाँ स्तनपान कक्ष नै भनेर छैन, यात्रु बस्नको लागि केहि कुर्सीहरू छन्,' उनले भने ।

## आफ्नो इन्जिन...

पृष्ठ १ बाट क्रमशः

लाख अमेरिकी डलरसम्म छ । निगमका दुई फरक एपियूसम्बन्धी खर्च विवरणअनुसार एपिएस ३२००, सिरियल नं. पिडब्लुसी जेडई ४२६३ नामक एपियूको मर्मतमा करिब पाँच लाख ८५ हजार अमेरिकी डलर खर्च भएको छ । एपिए ३२००, सिरियल नं. पिडब्लुसी जेडई ४११० को लिज खर्च हेर्दा दैनिक ७५० अमेरिकी डलरका दरले २२३ दिनसम्म लिजमा प्रयोग गर्दा कम्तीमा एक लाख ६७ हजार २५० अमेरिकी डलर खर्च भएको छ । यी दुई खर्च मात्रै जोड्दा करिब सात लाख ५२ हजार अमेरिकी डलर पुग्छ । यो नयाँ एपियूको न्यूनतम मूल्यकै हाराहारी हो ।

यसबाहेक 'सगरमाथा' जहाजमा जडित अर्को एपियू (सिरियल नं. ३८०५) को मर्मत अझै सम्पन्न नभएको उल्लेख छ । जसले थप आर्थिक भार बढ्ने देखिन्छ । विमान प्राविधिक क्षेत्रका जानकारका अनुसार समयमै मर्मत नगरी लामो समयसम्म लिजमा निर्भर हुँदा लागत अनावश्यक रूपमा बढ्ने गर्छ । एउटा एपियू समयमै मर्मत नगर्दा लिज र मर्मत दुवैमा ठुलो रकम खर्च भई अन्ततः नयाँ उपकरण किन्न सकिने बराबर खर्च भएको देखिन्छ । अर्को एपियूको मर्मत खर्च अझै थपिने क्रममा छ ।

नेपाल वायु सेवा निगम आर्थिक विनियमावली, २०६५ मा विमानका इन्जिन तथा पार्टपुर्जा भाडामा लिने दिनेसम्बन्धी व्यवस्था छ । जसअनुसार विशेष परिस्थितिमा वायुसेवा सञ्चालनका लागि तत्काल आवश्यक परेमा निगमले अरू हवाई सेवा कम्पनी तथा सम्बन्धित एजेन्सीसँग विमानका इन्जिन तथा पार्टपुर्जा भाडामा लिन सक्ने व्यवस्था छ । त्यसरी भाडामा लिँदा भाडाको दर इन्जिनियरिङ विभागका प्रमुखले वार्ताका आधारमा निर्धारण गर्नुपर्ने हुन्छ । सामान्यता त्यस्ता पार्टपुर्जाको परल मोलको ६० प्रतिशतभन्दा बढी भाडा मूल्य पर्ने गरी भाडामा लिन नपाइने उल्लेख छ । त्यस्तै, इन्जिनको हकमा २१ दिनसम्म कार्यकारी प्रमुखले स्वीकृति दिन सक्नेछ र सोभन्दा बढी समयका लागि इन्जिन भाडामा लिनुपरेमा समितिको स्वीकृति लिनुपर्ने व्यवस्था छ । कम्पोनेन्टको हकमा एक महिनासम्म इन्जिनियरिङ विभाग प्रमुखले स्वीकृति दिन सक्नेछ । सोभन्दा बढी समयका लागि भाडामा लिनुपर्दा कार्यकारी प्रमुखले स्वीकृति दिन सक्ने व्यवस्था छ । यसरी कार्यकारी प्रमुख अमृतमान शाक्यले इन्जिनको परल मूल्यकै हाराहारीमा भाडा मूल्य लाग्दा पनि भाडाका लागि स्वीकृत गरेको देखिन्छ ।

एपियू भनेको जहाजको पुच्छर भागमा जडित सानो, तर अत्यन्त महत्त्वपूर्ण इन्जिन हो । यसले जहाजलाई विद्युत् आपूर्ति गर्ने, मुख्य इन्जिन स्टार्ट गराउने र आकस्मिक अवस्थामा आपत्‌कालीन ऊर्जा उपलब्ध गराउने काम गर्छ । यस्तो संवेदनशील प्रणाली बिग्रिएको अवस्थामा समयमै मर्मत नगरी जहाज सञ्चालन गरिएको पाइएको छ ।

जहाज निर्माता कम्पनीले सञ्चालनमा अवरोध नआओस् भनेर केही समयसम्म एपियू बिग्रिएको अवस्थामा पनि जहाज उडाउन सहुलियत दिने गर्छ । जसलाई 'एमइएल' (मिनिमम इक्विपमेन्ट लिस्ट) भनिन्छ । तर, यो सहुलियतको उद्देश्य तोकिएको अवधिभित्र मर्मत सम्पन्न गरी पुनः जडान गर्नु हो । स्रोतका अनुसार निगम व्यवस्थापनले यही सहुलियतको दुरुपयोग गर्दै समयमै मर्मत नगरेको पाइएको छ । यसले हवाई सुरक्षामा समेत गम्भीर असर पार्ने गरी नियमविपरीत एपियू झिकेर एमइएलको गलत प्रयोग गरिएको आरोप छ ।

यसक्रममा नेपाल नागरिक उड्डयन प्राधिकरणलाई समेत विभिन्न आर्थिक प्रलोभन देखाएर एमइएलअन्तर्गत दिइएको समयसीमा बारम्बार थप गराइएको उल्लेख गरिएको छ । सामान्यतया ४५ देखि ६० दिनभित्र मर्मत हुनुपर्ने एपियू मर्मत कार्य एक वर्षसम्म लम्ब्याइएको पाइएको छ । नियामक निकाय प्राधिकरणले यसमा नियामकीय लापरबाही अर्थात् सेफ्टी ओभरसाइट गरेको गम्भीर आरोप छ । तर, नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुल भने प्राधिकरणले विशेष प्राविधिक कारण अर्थात् आवश्यक उपकरण समयमै उपलब्ध नहुने अवस्थामा एमइएल प्रयोगका लागि लामो समयसम्म स्वीकृति दिन सक्ने तर्क गर्छन् । यद्यपि, त्यसका लागि नियामक निकायबाट आवश्यक अनुमति लिएको हुनुपर्ने भुलको भनाइ छ ।

### सगरमाथा जहाजमा बिग्रेको एपियू समयमै नझिक्दा मर्मतमा ढिलाइ

निगमको न्यारोबडी एअरबस ए-३२० नाइनएन-एकेडब्लू सगरमाथा जहाजमा जडित एपियू इन्जिन मर्मतमा गम्भीर लापरबाही देखिएको छ । सगरमाथा जहाजमा जडित एपियू (सिरियल नम्बर ३८०५)मा ८ अगस्ट २०२५ मा समस्या फेला परेको थियो । यस्तो अवस्थामा एमइएल क्याटेगोरी 'डी' प्रयोग गर्दै तुरुन्तै एपियू हटाएर मर्मतका लागि पठाउनुपर्ने प्रावधान हुन्छ । एमइएलअनुसार चार महिनाभित्र मर्मत सम्पन्न गर्नुपर्ने हुँदा यसको अन्तिम म्याद ६ डिसेम्बर २०२५ सम्म तोकिएको थियो । तर, प्रमाणअनुसार उक्त समयसीमाभित्र व्यवस्थापनले कुनै प्रभावकारी कदम चालेन । बिग्रेको एपियू झिक्ने कामसमेत नगरी जहाज सञ्चालन जारी राखिएको उल्लेख छ ।

यसैबिच, 'लुम्बिनी' जहाज (नाइनएन-एकेएक्स)बाट १६ मे २०२५ मा हटाइएको एपियू (सिरियल नम्बर पिडब्लुसी जेडई ४२६३) लाई समेत तत्काल मर्मत नगरी लामो समय थन्क्याइएको पाइएको छ । उक्त एपियू करिब सात महिनापछि मात्र मर्मत गरी १० डिसेम्बर २०२५ मा 'सगरमाथा' जहाजमा जडान गरिएको थियो । समयमै मर्मत नगर्ने, उपलब्ध उपकरण प्रयोगमा ढिलाइ गर्ने र एमइएलको सहुलियतलाई कार्यान्वयनभन्दा पनि टार्ने माध्यम बनाउने प्रवृत्ति देखिएको छ ।

त्यस्तै 'नाइनएन-एकेएक्स लुम्बिनी' जहाजमा जडित एपियू १३ जनवरी २०२५ मा गम्भीर रूपमा बिग्रिएको थियो । यस्तो अवस्थामा तुरुन्तै हटाएर विदेशस्थित मर्मत केन्द्रमा पठाउनुपर्ने भए पनि व्यवस्थापनले त्यसो नगरी एमइएल क्याटेगोरी 'डी' प्रयोग गरेर बिग्रेकै अवस्थाको एपियूसहित जहाज सञ्चालन गरिरह्यो । यो सुविधा १३ मे २०२५ सम्म मात्रै मान्य थियो । अर्थात् चार महिनाभित्र मर्मत गरेर पुनः जडान गर्नुपर्ने थियो । तर, तोकिएको समयभित्र पनि मर्मतका लागि प्रभावकारी कदम नचालिएको र उल्टै लिजमार्फत नयाँ एपियू ल्याउने प्रक्रियामै समय बिताइएको देखिन्छ । १३ मेसम्म पनि लिज एपियू उपलब्ध गराउन नसकेपछि निगम व्यवस्थापनले प्राधिकरणसँग थप समय मागेको थियो, जसअनुसार १५ दिनको म्याद थपिएको थियो । अन्ततः १६ मे २०२५ मा सिरियल नम्बर 'पिडब्लुसी जेडई ४११०' भएको लिज एपियू ल्याएर 'लुम्बिनी' जहाजमा जडान गरियो भने आफ्नै 'पिडब्लुसी जेडई ४२६३' सिरियल नम्बरको एपियू जहाजबाट निकालिएको थियो ।

### लिजको एपियू पनि नियमविपरीत फिर्ता, काम गरिरहेको इन्जिन झिकेर फेरि 'एमइएल'को दुरुपयोग

निगमको 'नाइनएन-एकेएक्स लुम्बिनी' जहाजमा जडान गरिएको लिजको एपियूसमेत हवाई नियमविपरीत फिर्ता गरिएको पाइएको छ । उक्त जहाजमा १६ मे २०२५ मा जडान गरिएको लिज एपियू (सिरियल नम्बर पिडब्लुसी जेडई ४११०) लाई २५ डिसेम्बर २०२५ सम्म २२३ दिनसम्म भाडामा प्रयोग गरियो । स्रोतका अनुसार लामो समयसम्म लिजमा राख्दा यसको भाडा लागत एपियूको कुल मूल्यको करिब ६० प्रतिशत नजिक पुगेपछि मात्रै जहाजबाट निकालिएको थियो । तर, नेपाल नागरिक उड्डयन प्राधिकरण तथा अन्तर्राष्ट्रिय उड्डयन नियमअनुसार सेवायोग्य (नबिग्रेको) एपियू जानाजानी हटाएर एमइएलको सहुलियत प्रयोग गर्न पाइँदैन । एमइएल व्यवस्था खराबी देखिएको अवस्थामा मात्रै सीमित समयका लागि अस्थायी छुट दिनका लागि हो । तर, निगमले व्यावसायिक कारण देखाउँदै काम गर्ने अवस्थामा रहेको एपियू हटाएर फेरि जहाजलाई एपियूविना सञ्चालन गरेको देखिएको छ ।

यसरी एपियू हटाएपछि लागू गरिएको एमइएलको म्याद २४ अप्रिल २०२६ सम्म थियो । तर, उक्त अवधिसम्म पनि निगमले आफ्नै एपियू मर्मत गर्न नसकेपछि पुनः नागरिक उड्डयन प्राधिकरणसँग समय थप मागेको र प्राधिकरणले थप एक महिनाको म्याद दिएको बुझिएको छ ।

हवाई क्षेत्रका जानकारका अनुसार एपियूविना जहाज सञ्चालन गर्नु विशेष गरी आकस्मिक अवस्थामा जोखिमपूर्ण हुन्छ । यस्तो अवस्थामा आपत्‌कालीन विद्युत् आपूर्ति प्रभावित हुन सक्छ, केबिनमा हावा आपूर्ति अवरुद्ध हुन सक्छ र ग्राउन्ड अपरेसनमा समेत समस्या आउन सक्छ । यसले यात्रु सुरक्षामा प्रत्यक्ष असर पार्न सक्छ ।

सामान्यतया एपियू मर्मत कार्य ४५ देखि ६० दिनभित्र सम्पन्न हुने गर्छ । यही आधारमा निर्माता कम्पनीले अधिकतम १२० दिनसम्म मात्रै एमइएल प्रयोग गर्न सकिने व्यवस्था गरेको हुन्छ । तर, निगमले यस सीमालाई बारम्बार लम्ब्याउँदै नियमको दुरुपयोग गरेको देखिएको छ ।

### नेपाल नागरिक उड्डयन प्राधिकरणका सूचना अधिकारी तथा डेपुटी म्यानेजर ज्ञानेन्द्र भुल भन्छन्-

कुनै पनि जहाजका दुई प्रकारका सूची हुन्छन् । एउटा एमएमइएल र अर्को एमइएल । एमएमइएल भनेको मास्टर मिनिमम इक्विपमेन्ट लिस्ट हो भने एमइएल भनेको मिनिमम इक्विपमेन्ट लिस्ट हो । एमएमइएल जहाज निर्माता कम्पनीले तयार गर्छ, भने एमइएल सम्बन्धित एयरलाइन्स कम्पनीले तयार गर्छ । जहाजमा प्रयोग हुने सबै उपकरण अनिवार्य हुँदैनन् । केही उपकरण नहुँदा पनि जहाज उडाउन मिल्ने हुन्छ । यस्ता उपकरणलाई विभिन्न क्याटेगोरी (ए, बी, सी, डी)मा विभाजन गरिएको हुन्छ । यी उपकरणले उडान सञ्चालनमा त्यति महत्त्वपूर्ण (सिग्निफिकेन्ट) भूमिका खेल्दैनन् । अर्थात् ती नभए पनि जहाज उडान गर्न नसकिने अवस्था हुँदैन ।

यस्तो अवस्थामा निश्चित समयसीमाभित्र मर्मत गर्ने सर्तमा केही उपकरणविना पनि जहाज उडाउन पाइन्छ । जसलाई एमइएल भनिन्छ । एमइएलभित्र ए, बी, सी, डी गरी चार क्याटेगोरी हुन्छन् । प्रत्येक उपकरणको प्रकृतिअनुसार फरक-फरक समयसीमा तोकिएको हुन्छ, एक दिन, दुई दिन, १० दिन, २० दिन वा अधिकतम १२० दिनसम्म । सामान्यतया एयरलाइन्सले आफ्नो स्वीकृत एमइएलभित्र रहेर जहाज सञ्चालन गर्न सक्छ । यदि तोकिएको समयभन्दा बढी अवधि एमइएलमा जहाज उडाउनुपरेमा नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकको स्वीकृति लिनुपर्ने हुन्छ । यी सबै व्यवस्था कानुनअनुसार नै गरिएको हुन्छ । विशेष प्राविधिक कारण, जस्तै आवश्यक उपकरण समयमै उपलब्ध नहुने अवस्थामा एमइएल प्रयोग (एक्टिभेट) गरिन्छ । त्यसैले, अनन्तकालसम्म पनि एमइएल लागू हुन सक्छ । एक वर्षसम्म नपाइने भन्ने हुन्न । तर त्यसका लागि नियामक निकाय प्राधिकरणबाट आवश्यक अनुमति लिएको हुनुपर्छ ।

■ कांग्रेसमा फेरि चर्कियो क्रियाशील सदस्यता विवाद

# सदस्यता अद्यावधिक नगर्न देउवा समूहको आह्वान

## कांग्रेस मिलाउने कि फुटाउने सभापतिको हातमा छ : खड्का

**प्रेम गौतम**/नयाँ पत्रिका

कांग्रेसमा पटक-पटक देखिँदै आएको क्रियाशील सदस्यता विवाद पुनः चर्किएको छ। संस्थापन पक्षले सदस्यता अद्यावधिक अभियान जारी राख्दा इतर पक्षले भने सदस्यता अद्यावधिक नगर्न आह्वान गरेको छ। तर, संस्थापन पक्षले सदस्यता अद्यावधिक नगरे महाधिवेशनमा सहभागी हुन नपाउने स्पष्ट पारेको छ। र, सदस्यता अद्यावधिक गर्ने समय आगामी २१ जेठसम्म थपेको छ।

वैशाख मसान्तसम्म सदस्यता अद्यावधिक गरिसक्ने लक्ष्यसहित संस्थापन पक्षले केन्द्रीय नेताहरूलाई देशव्यापी रूपमा परिचालन गरे पनि अझै सम्पन्न भएको छैन। यसअघि क्रियाशील सदस्यताको विषय नटुंगिएकै कारण गत पुसमा निर्धारण गरिएको १५औँ महाधिवेशन हुन सकेको थिएन। नियमित महाधिवेशन हुन नसकेपछि तत्कालीन संस्थापन पक्षविनै तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको अगुवाइमा विशेष महाधिवेशन भएको थियो। विशेष महाधिवेशनबाट थापाको नेतृत्वमा गठित कार्यसमितिलाई सर्वोच्च अदालतले मान्यता दिएपछि आगामी १६-१९ असोजमा १५औँ महाधिवेशनको मिति तोकिएको छ। र, महाधिवेशनको पहिलो चरणअन्तर्गत सदस्यता अद्यावधिकको काम अघि बढाएको हो। सभापति थापाले काठमाडौँ महानगरपालिका- ३० मा आफ्नो सदस्यता अद्यावधिक गर्दै गत १ वैशाखमा अभियान सुरु गरिएको थियो। क्रियाशील सदस्यता अद्यावधिक र पार्टीलाई पुनर्संगठित गर्ने यस अभियानलाई कांग्रेसले जरा अभियानको नाम दिएको छ।

संगठनलाई व्यवस्थित, सुदृढ र अद्यावधिक बनाउने उद्देश्यले अभियान सञ्चालन गरिएको कांग्रेस सदस्यता व्यवस्थापन समितिका सदस्य एवं सहमहामन्त्री प्रकाश स्नेहीले जानकारी दिए। अभियानअन्तर्गत देशभरका क्रियाशील सदस्यहरूको सदस्यता अद्यावधिक भइरहेको उनले बताए। '१४५ वटा क्षेत्रमा सदस्यता अद्यावधिकको काम सुरु भइसकेको छ। भोलि (आइतबार)बाट १६५ वटै क्षेत्रबाट अद्यावधिक हुन्छ,' उनले भने, 'अद्यावधिकमा प्राविधिक कठिनाइ थियो। पुरानो परम्पराबाट प्रविधिमा जाँदा केही समय लाग्यो। अहिले हामीले संसारको जुन कुनाबाट पनि सदस्यता हेर्न सकिने बनाएका छौं।' अहिलेसम्म कति अद्यावधिक भयो भन्ने रेकर्ड समितिसम्म आइपुगेको छैन। 'काम धमाधम भइरहेको छ। अहिले ट्याक्कै डाटा आइपुगेको छैन। हामीले अहिले क्वान्टिटीभन्दा क्वालिटीमा जोड दिएका छौं,' स्नेहीले भने, 'सबै सदस्यको टेलिफोन नम्बर, फोटो, सदस्यले चलाउने सबै सामाजिक सञ्जाललगायत सम्पूर्ण विवरण अद्यावधिक हुन्छ। सदस्यको सम्पूर्ण विवरण प्रविधिबाट हेर्न सकिन्छ।'

वडामा जान नसक्नेको हकमा अनलाइनमार्फत अद्यावधिक गर्न सकिने व्यवस्था मिलाइएको छ। तर, त्यसको अनुमोदन केन्द्रीय कार्यसम्पादन समितिले गर्नुपर्नेछ। 'सदस्यताका लागि वडामा जानुपर्छ। तर, वडामा जान नसक्ने अवस्थामा जहाँबाट पनि अद्यावधिक गर्न सकिन्छ। कोही बिरामी छ, कोही विदेशमा छ भने वडामा नगए पनि अद्यावधिक गर्न सकियो। तर, उनीहरूको नवीकरण गर्ने/नगर्ने अधिकार केन्द्रीय कार्यसमितिलाई हुन्छ,' स्नेहीले भने। सदस्यता अद्यावधिक नगरे महाधिवेशनमा सहभागी हुन नपाउने उनले स्पष्ट पारे। 'यदि कोही सदस्यले सदस्यता अद्यावधिक गरेनन् भने उनीहरू महाधिवेशन प्रक्रियामा सहभागी हुन पाउँदैन। पुरानो सदस्यता रेकर्डमा चाहिँ देखिन्छ,' उनले भने।

महामन्त्री प्रदीप पौडेलको संयोजकत्वमा कांग्रेस सदस्यता व्यवस्थापन समिति छ। समितिले क्रियाशील सदस्यता वितरण, छुट नवीकरण र अद्यावधिकसम्बन्धी कार्य २१ जेठभित्र समय थपेको छ। 'सदस्यता व्यवस्थापन केन्द्रीय समितिले क्रियाशील सदस्यताको अभिलेखीकरणलाई डिजिटल रूपमा सबैभन्दा बलियो सदस्य नेटवर्क भएको पार्टी बनाउनका लागि विभिन्न डिजिटल माध्यम प्रयोगमा ल्याएको छ,' समितिले भनेको छ, 'कांग्रेसका प्रत्येक क्रियाशील सदस्यले आफ्नै मोबाइलबाट अनलाइनमार्फत फाराम भरी अद्यावधिक गर्न सकिने व्यवस्था गरिएको छ। यसका लागि कांग्रेसको सदस्यता पोर्टलमा 'स्वयं सदस्यता आवेदन फाराम' उपलब्ध गराइएको छ।' कांग्रेससँग आबद्ध विदेशस्थित 'नेपाली जनसम्पर्क समिति' हरूका लागि पनि 'स्वयं सदस्यता आवेदन फाराम' उपलब्ध गराइएको छ। सदस्यता अद्यावधिक नगर्ने र कांग्रेस परिचयपत्र प्राप्त नगर्ने व्यक्तिले १५औँ महाधिवेशनको प्रक्रियामा सहभागी हुन नपाउने विधानमा व्यवस्था छ। त्यसैले तोकिएको समयावधिभित्रै सदस्यता अद्यावधिक गर्नु/गराउनु हुन सम्बन्ध सबैलाई समितिले आग्रह गरेको छ।

संस्थापन पक्षले १५औँ महाधिवेशनको मिति घोषणा गरेर क्रियाशील सदस्यता अद्यावधिक गरिरहेको छ भने इतर पक्षले सदस्यता अद्यावधिक अभियानमा सहभागी नहुन आफूपक्षीय नेता तथा कार्यकर्तालाई आह्वान गरेको छ। १५औँ महाधिवेशनका लागि क्रियाशील सदस्यहरूको नवीकरण भइसकेकाले त्यसलाई दोहोऱ्याएर गर्न खोज्नु बदनियतपूर्ण देखिएको इतर पक्षको जिकिर छ। इतर पक्षका नेता कुन्दनराज काफ्लेले देशैभरिका क्रियाशील सदस्यलाई सदस्यता अद्यावधिक नगर्न आह्वान गरेको बताए।





● **कुन्दनराज काफ्ले**, नेता, कांग्रेस



१५औँ महाविशेधनका लागि पार्टी विधानअनुसार सम्पूर्ण प्रक्रिया पूरा गरी वैधानिक रूपले क्रियाशील सदस्यहरूले सदस्यता नवीकरण गरिसकेको हुनाले क्रियाशील सदस्यहरूलाई अद्यावधिकको नाममा पार्टी विधानविपरीत पुनः सदस्यता नवीकरण गर्न दबाब दिने, धम्क्याउने, तर्साउनेलगायतका कार्य बदनियतपूर्ण देखिएको छ। देशैभरिको क्रियाशील सदस्यलाई सदस्यता अद्यावधिक नगर्न आह्वान गरेका छौं।

● **प्रकाश स्नेही**, सहमहामन्त्री



'१४५ वटा क्षेत्रमा सदस्यता अद्यावधिकको काम सुरु भइसकेको छ। भोलि (आइतबार)बाट १६५ वटै क्षेत्रबाट अद्यावधिक हुन्छ। अद्यावधिकमा प्राविधिक कठिनाइ थियो। पुरानो परम्पराबाट प्रविधिमा जाँदा केही समय लाग्यो। अहिले हामीले संसारको जुन कुनाबाट पनि सदस्यता हेर्न सकिने बनाएका छौं।

### भ्रातृ संस्थामा समानान्तर कमिटी बनाउने निर्णय

कांग्रेसको संस्थापन इतर पक्षले भ्रातृ संगठनमा समानान्तर कमिटी गठन गर्ने निर्णय गरेको छ। काठमाडौंको सुकेधारामा शनिबार भएको भेलाले महिला संघ, नेपाल विद्यार्थी संघ, नेपाल तरुण दललगायतका संघ अलोकतान्त्रिक तरिकाले विघटन गरेको भन्दै कार्यकर्ता भेला गरी कमिटी गठन गर्ने निर्णय गरेको हो। 'विशेष महाधिवेशनबाट निर्वाचित गगनकुमार थापा नेतृत्वको केन्द्रीय समितिले नेपाल महिला संघ, नेपाल विद्यार्थी संघ र नेपाल तरुण दललगायतका भ्रातृसंस्थाहरूलाई अलोकतान्त्रिक तवरले विघटन गर्दा पार्टीको बृहत्तर एकतामा आघात पुगेको हुनाले सो संस्थासम्बद्ध नेता कार्यकर्ताहरूको भेला गरी नयाँ केन्द्रीय समितिहरू गठन गर्ने' निर्णय युवा भेलाले गरेको छ। महिला संघमा सभापति थापाले मीना खरेलालाई नियुक्त गरिसकेका छन्। यस्तै, संस्थापन पक्षले पार्टीको विधानविपरीतसमेत हुने गरी पार्टी एकताविरुद्ध विभिन्न गतिविधि गरेको तथा पार्टीका जिम्मेवार र इमानदार नेता कार्यकर्ताहरूलाई अनुशासनको नाममा अनुचित कारबाही गरेको ठहर गर्दै भेलाले त्यस्ता गतिविधि रोक्न तथा पार्टीको बृहत्तर एकताका लागि देशव्यापी जागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ।

सय रुपैयाँ भन्सार सीमाबारे सर्वोच्चको आदेश-

# प्रत्येक व्यक्तिलाई मानवीय र सम्मानजनक व्यवहार गर्नू

**नयाँ पत्रिका**

सर्वोच्च अदालतले भारतीय नाकाबाट व्यक्तिगत प्रयोजनका लागि समान ल्याउनेहरूलाई सम्मानपूर्वक व्यवहार गर्न आदेश दिएको छ। सर्वोच्चको संयुक्त इजलासले अन्तरिम आदेश दिँदै चोरीपैठारीको कसुरजन्य कार्यबाहेक सम्मानपूर्वक व्यवहार गर्न भनेको हो। न्यायाधीशहरू हरिप्रसाद फुयाँल र टेकप्रसाद दुंगानाको इजलासले शुक्रबार यस्तो आदेश दिएको हो।



'व्यापारिक प्रयोजनका लागि सामान ओसारपसार गर्ने वा चोरीपैठारीको कसुरजन्य कार्य नियन्त्रण गर्नेबाहेक सम्बन्धित व्यक्तिको स्वास्थ्यसँग सम्बन्धित औषधिजन्य वस्तु, सामाजिक सम्बन्धमा प्रयोग गरिने न्यूनतम आवश्यकताका वस्तु तथा सीमाक्षेत्रका स्थानीयवासीको व्यक्तिगत प्रयोगका न्यूनतम मालवस्तु खरिद गरी कानुनबमोजिम ल्याउने सम्बन्धमा उक्त सूचना कार्यान्वयन गर्दा, गराउँदा कानुन कार्यान्वयन गर्ने अधिकारीहरूले नेपालको संविधानको धारा १६ को सम्मानपूर्वक बाँच्न पाउने हकको प्रतिकूल नहुने गरी प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक व्यवहार गर्नू-गराउनू भनी विपक्षीहरूको नाममा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ (२) (क) बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार गर्नू,' आदेशमा भनिएको छ।

अधिवक्ता आमितेश पण्डितसमेतले दायर गरेको रिटउपर यस्तो आदेश आएको हो। गत १४ वैशाखमा दायर रिटमाथि नृपध्वज निरौलाको इजलासले १५ गते नै कारण देखाउ आदेश जारी गरेको थियो भने अन्तरिम आदेश सम्बन्धमा छलफलका लागि दुवै पक्ष झिकाएको थियो। त्यसपछि दुईपटक हेर्न नभ्याइनेमा परेको यो रिटमा दुई पक्षबिच छलफलपछि अन्तरिम आदेश जारी भएको हो। रिटमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालयलगायतलाई विपक्षी बनाइएको थियो।

संविधानको धारा १६ मा रहेको सम्मानपूर्वक बाँच्न पाउने हकको प्रचलन सीमामा व्यक्तिगत प्रयोजनका लागि सामान ल्याउनेमाथि पनि गर्न आदेश भएको हो।

यद्यपि, सय रुपैयाँको सीमा सम्बन्धमा तत्काल अदालत बोलेको छैन। यसको वैधता, सान्दर्भिकता र औचित्यताका सम्बन्धमा पूर्ण सुनुवाइका वेला विचार गर्ने न्यायाधीशद्वयको मत छ।

रिट निवेदकहरूले भन्सार कर तथा छुटसम्बन्धी नियमहरूमा भौगोलिक र वर्गीय रूपमा स्पष्ट विभेद गरेको दाबीसहित दक्षिणी भेगका लाखौँ नागरिक प्रत्यक्ष प्रभावित बन्न पुगेको दाबी गरेका थिए। सय रुपैयाँभन्दा बढीको सामानमा भन्सार तिर्नुपर्ने नियम हालको समयमा अव्यावहारिक भएको र हवाई यात्राबाट भारतबाट ल्याउने सामानभन्दा आर्थिक रूपले बोझिलो भएको निवेदनमा थियो।

सरकारले सय रुपैयाँभन्दा बढीको सामान जुनसुकै प्रयोजनका लागि ल्याउँदा पनि भन्सार तिर्नुपर्ने नियम लागू गर्न राजपत्रमा सूचना नै प्रकाशित गरेपछि स्थानीय जिल्ला प्रशासन कार्यालय र सशस्त्र प्रहरी बलले माइकिङ गरी त्यसको जानकारी स्थानीयलाई गराएको थियो। त्यसैअनुसार भन्सार लिँदा कतिपय स्थानमा झडपसमेत भएका थिए। भन्सार महसुल लगाउने राज्यको सार्वभौम अधिकार भएको तथा यस्तो अधिकारअन्तर्गत नेपाल सरकारले छुट दिन सक्ने व्यवस्था रहेकाले तत्काल यस सम्बन्धमा अदालतले केही बोलेको छैन। आदेशमा भनिएको छ, 'अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको रु १०० को सीमा (क्याप)को वैधता, सान्दर्भिकता र औचित्यताका सम्बन्धमा प्रस्तुत निवेदकको पूर्ण सुनुवाइ हुँदा विचार गरिने नै हुँदा त्यस सम्बन्धमा हाल केही बोलिरहनुपरेन।'

चीनबाट आउने सर्वसाधारणलाई ठुलो भन्सार छुट दिइएको, तर भारतबाट आउनेलाई कर लगाउनु नेपाल भारत व्यापार सन्धिको पनि प्रतिकूल भएको रिटमा थियो। यस्ता नियम अस्वीकार्य र प्रभावहीन हुने भन्दै व्यक्तिगत प्रयोजनका लागि सामान ल्याउँदा रोक अवरोध वा भन्सार महसुल नलिन तथा छुट दिन निवेदकले माग गरेका थिए भने सरकारले निकालेको सूचना बदर हुनुपर्नेसमेत निवेदनमा थियो। तत्कालका लागि सर्वोच्चले त्यसलाई अस्वीकार गरेको हो।

## संक्षेप

### प्रधानमन्त्री कार्यालयको नाममा वडासचिवलाई धम्काउने युवक पक्राउ

**काठमाडौं**/ आफू प्रधानमन्त्री कार्यालयबाट बोलेको भन्दै वडा सचिवलाई धम्क्याउने युवक पक्राउ परेका छन्। दैलेखको दुल्लु नगरपालिका-१३ का वडा सचिव कमल भण्डारीलाई धम्क्याउने स्थानीय प्रकाश खड्का शनिबार काठमाडौंमा पक्राउ परेका हुन्। प्रधानमन्त्री कार्यालयको निर्देशनमा जिल्ला प्रहरी परिसर, काठमाडौंले उनलाई पक्राउ गरेको हो। खड्काले आफू प्रधानमन्त्री कार्यालयबाट बोलेको भन्दै वडासचिवलाई धम्काएका थिए। उनले धम्क्याएको अडियो सार्वजनिक भएपछि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले उनलाई कारबाही गर्न निर्देशन दिएको थियो। त्यसकै आधारमा शनिबार प्रहरीले उनलाई पक्राउ गरेको हो। उता, प्रधानमन्त्री कार्यालयले पनि शनिबार विज्ञप्ति प्रकाशन गरी सो घटना निन्दनीय भएको भन्दै कारबाहीका लागि निर्देशन दिइएको उल्लेख गरिएको थियो। कार्यालयले आगामी दिनमा हुनसक्ने यस्ता प्रकृतिका सम्भावित दुरुपयोग र भ्रमबाट बच्नका लागि आधिकारिक माध्यमबाट प्रमाणीकरण गरेर मात्र कामकारबाही अघि बढाउन आग्रह गरेको छ।

### श्रीमती हत्या आरोपमा शंकर बादी पक्राउ

**सल्यान**/ श्रीमती हत्या आरोपमा एक व्यक्ति पक्राउ परेका छन्। पक्राउ पर्नेमा बागचौर नगरपालिका- ५ चिलडाँलेनिवासी २४ वर्षीय शंकर बादी रहेको जिल्ला प्रहरी कार्यालय सल्यानले जनाएको छ। प्रहरीका अनुसार गत १४ वैशाख राति खाना खाएर सुतेकी २० वर्षीया सरिता बादी भोलिपल्ट बिहान आफ्नै घरमा मृत अवस्थामा फेला परेकी थिइन्। घटनापछि माइती पक्षले श्रीमान् शंकर बादीमाथि हत्या गरेको आरोप लगाउँदै प्रहरीमा जाहेरी दर्ता गराएका थिए। माइती पक्षले शंकरले पटक-पटक मदिरा सेवन गरी श्रीमतीलाई कुटपिट तथा मानसिक यातना दिने गरेको आरोप लगाउँदै आएका थिए। पछिल्लोपटक पनि घरायसी विवादकै क्रममा सरिताको हत्या गरिएको उनीहरूको आरोप छ। माइती पक्षले घटनाको अनुसन्धान माग गरेका छन्। जिल्ला प्रहरी कार्यालय सल्यानका प्रहरी निरीक्षक तथा सूचना अधिकारी देवराज भट्टराईका अनुसार घटनामा संलग्न रहेको आरोपमा शंकर बादीलाई पक्राउ गरी थप अनुसन्धान भइरहेको छ। घटनाको प्रकृति, मृत्युको कारण तथा अन्य तथ्यबारे अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

### जानकी मन्दिरलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउन 'हेरिटेज वाक'

**जनकपुरधाम**/ जनकपुर साहित्य महोत्सवअन्तर्गत दोस्रो दिन शनिबार 'हेरिटेज वाक' कार्यक्रम सम्पन्न भएको छ। जनकपुरधामका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक स्थलहरूको महत्त्व उजागर गर्दै जानकी मन्दिरलाई युनेस्कोको विश्व सम्पदा सूचीमा सूचीकृत गराउने अभियानलाई थप बल पुऱ्याउने उद्देश्यले आयोजना गरिएको हेरिटेज वाकमा विद्यार्थी, युवा, सुरक्षाकर्मी तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता थियो। महोत्सवको पहिलो सत्रअन्तर्गत आयोजित हेरिटेज वाक प्रसिद्ध जानकी मन्दिरपरिसरबाट सुरु भएको थियो। सहभागीहरूको विशाल जुलुस नगर परिक्रमा गर्दै राम मन्दिर, पेठिया बजार, दशरथ तलाउ, बाह्रबिघा, अरगजा पोखरी, धनुष सागर र गंगा सागरलगायतका ऐतिहासिक तथा धार्मिक स्थल हुँदै महेन्द्रनारायण निधि सभाकक्ष पुगेर समापन भएको थियो। हेरिटेज वाकमा सहभागीहरूले जनकपुरधामको प्राचीन सांस्कृतिक पहिचानलाई संरक्षण गर्नुपर्ने आवश्यकता औंल्याउँदै सम्पदाको महत्त्वबारे जनचेतना फैलाउने प्रयास गरेका थिए। आयोजकका अनुसार जानकी मन्दिरसँगै जनकपुरधामका अन्य ऐतिहासिक स्थलहरूलाई पनि अन्तर्राष्ट्रियस्तरमा चिनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

■ एमालेले सोमबार साऱ्यो सचिवालय बैठक

# कार्यविभाजन र चुनावी समीक्षा समानान्तर एजेन्डा

**नयाँ पत्रिका**

एमालेले केन्द्रीय सचिवालयको बैठक दुई दिन पर सारेको छ। शनिबार बोलाएको बैठक महासचिव शंकर पोखरेलको अस्वस्थता र कतिपय नेता आइतबार मदन-आश्रित स्मृति दिवसको सिलसिलामा विभिन्न जिल्ला जाने कार्यक्रम रहेकाले दुई दिन पर सारिएको एमालेले जनाएको छ।

'पदाधिकारी तहकै कतिपय नेताहरू स्मृति दिवसको सिलसिलामा उपत्यकाबाहिर जानुपरेकाले बैठक सारिएको हो, अरू कारण होइन,' केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले भने। महासचिव पोखरेल पनि अस्वस्थताका कारण निवासमै आराम गर्नुपरेका कारण पनि बैठक सारिएको एमाले नेताहरूको भनाइ छ। तर, २१ फागुनको चुनावयता अध्यक्ष केपी ओलीको उपस्थितिमा चुनावी समीक्षासमेत नभएको र यसबिचमै उपाध्यक्ष विष्णु पौडेल र महासचिव पोखरेल ओलीको सम्मानजनक बहिर्गमनका पक्षमा उभिएका कारण पनि आन्तरिक समीकरणलाई लक्षित गरेर पनि बैठक सारिएको हुन सक्ने कतिपय नेताहरूको आशंका छ। सारिएको बैठकमा के-के एजेन्डा हुने विषयमा नेताहरूलाई औपचारिक जानकारी गराइएको छैन।

● **डा. भीष्म अधिकारी**
केन्द्रीय कार्यालय सचिव



पदाधिकारी तहकै कतिपय नेताहरू स्मृति दिवसको सिलसिलामा उपत्यकाबाहिर जानुपरेकाले बैठक सारिएको हो, अरू कारण होइन।

११औँ महाधिवेशनसँगै विधानले सिधै अध्यक्षले नै बैठकमा प्रस्ताव राख्ने अधिकार दिएकाले कुन-कुन एजेन्डामा छलफल हुँदै छ भन्ने कुरामा पदाधिकारी तहकै नेताहरू स्पष्ट जानकार छैनन्। केन्द्रीय कार्यालय सचिव अधिकारीले चुनावअघि सीमित नेताहरूको मात्र अस्थायी कार्यविभाजन भएका कारण पार्टीलाई नियमित शैलीबाट अघि बढाउन नयाँ कार्यविभाजनमाथि केन्द्रित रहेर छलफल हुने सम्भावना रहेको बताए। 'चुनावी समीक्षा पनि हुन्छ, तर त्योभन्दा पनि अपरिहार्य अहिलेका लागि कार्यविभाजन नै हो, सम्भवतः अध्यक्षले पनि महासचिवसँगको समन्वयमा त्यही नै गृहकार्य गरिरहनुभएको होला,' उनले भने।

पार्टीभित्र इतरपक्ष भने पार्टी पुनर्गठनको एजेन्डालाई कमजोर पार्न पनि अध्यक्ष ओलीले कार्यविभाजनको एजेन्डालाई प्राथमिकता दिएको बुझाइमा छ। 'अबको बैठकमा नेताहरूले आफूलाई लागेका कुरा खुलस्त ढंगले नै राख्नुहोला, त्यसले पार्टीलाई नयाँ ढंगले अगाडि कसरी लैजान सकिन्छ भन्ने दृष्टिकोण तय गर्न मद्दत पनि पुग्छ,' नेता कर्ण थापाले भने, 'अब अध्यक्षसामु पनि धेरै विकल्प छैन, पार्टीलाई झन् कमजोर बनाउनेभन्दा पुनर्गठनको दिशामा लैजानका लागि उहाँले पनि अब नयाँ तरिकाले सोच्नु नै पार्टी र देशको हित हुन्छ।'

ओलीको स्वास्थ्य सुधारोन्मुख भए पनि पूर्ण स्वस्थ नभइसकेकाले बैठक गुन्डुमै बस्नेछ। एमालेले चुनावमा व्यहोरेको अकल्पनीय क्षतिको नैतिक जिम्मेवारी लिँदै ओलीले राजीनामा दिएर पार्टी पुनर्गठनका लागि ढोका खुलाउनुपर्ने इतरपक्षले आवाज उठाउँदै आएको छ। तर, सचिवालय र केन्द्रीय समितिमा कमजोर अवस्थाका कारण पछिल्ला दिनमा उपाध्यक्ष विष्णु पौडेल, महासचिव शंकर पोखरेलसहितका नेताहरूसँग मिलेर पुनर्गठनको एजेन्डालाई जोडदार उठाउने इतरपक्षको नीति छ।

# राष्ट्रसंघीय बैठकलाई परराष्ट्रमन्त्रीको भिडियो सम्बोधन

**काठमाडौं**/ परराष्ट्रमन्त्री शिशिर खनालले शनिबार संयुक्त राष्ट्रसंघको मुख्यालय, न्युयोर्कमा आयोजित आर्थिक तथा सामाजिक परिषद्को विशेष बैठकलाई भिडियो सम्बोधन गरेका छन्। 'अन्तर्राष्ट्रिय सहयोगमार्फत विश्वव्यापी विकासलाई टेवा : ऊर्जा र आपूर्ति प्रवाहको संरक्षण' नामक विषयमा परराष्ट्रमन्त्री खनालले साना तथा कम विकसित मुलुकलाई एक्लै नछाड्न विश्व समुदायलाई आह्वान गरेका छन्।

परिषद्का अध्यक्ष संयुक्त राष्ट्रसंघका लागि नेपाली स्थायी प्रतिनिधि लोकबहादुर थापा छन्। परराष्ट्रमन्त्री खनालले विश्वव्यापी ऊर्जा र आपूर्ति प्रवाहमा आउने अवरोधले गरिबी निवारण, मानव सुरक्षा, र दिगो विकास लक्ष्यप्राप्तिमा गम्भीर खतरा निम्त्याउनेतर्फ ध्यानाकर्षण गराएका छन्। उनले देशहरूबिच आपसी मतभेद सुल्झाउन, विश्वव्यापी शान्ति, स्थिरता र शान्तिपूर्ण सहअस्तित्व सुनिश्चित गर्न कूटनीति र संवादको माध्यम अपनाउन पनि जोड दिएका छन्।

परराष्ट्रमन्त्री खनालले राष्ट्रसंघको बडापत्रलगायतका अन्तर्राष्ट्रिय कानुन, ऐक्यबद्धता र साझेदारीमा आधारित बहुपक्षीयता र विश्वव्यापी सहयोगलाई सुदृढ पार्नुपर्ने पनि बताए। 'उत्थानशील पूर्वाधार, नवीकरणीय ऊर्जा, दिगो आपूर्ति प्रणाली र प्राविधिक नवप्रवर्तनमा लगानी बढाउनु आवश्यक छ,' खनालले भने, 'सहुलियतपूर्ण वित्तीय व्यवस्थापन, आपत्कालीन तरलता सहयोग र ऋण मिनाहा वा राहतका उपायमार्फत सबैभन्दा जोखिमपूर्ण अवस्थामा रहेका तथा विशेष परिस्थिति भोगिरहेका राष्ट्रहरू, विशेष गरी नेपालजस्ता अल्पविकसित र भूपरिवेष्टित अल्पविकसित मुलुकहरूलाई सहयोग गर्नुपर्छ। 'पश्चिम एसियाको द्वन्द्वले नेपाललाई टाढाबाट होइन, नजिकबाटै छोएको पनि परराष्ट्रमन्त्री खनालले बताए। 'त्यहाँ काम गर्ने २० लाखभन्दा बढी नेपाली परिवारलाई बढ्दो ऊर्जा मूल्य, घट्दो विप्रेषण र पर्यटनमा आएको सुस्तीले जीवनमा प्रत्यक्ष असर परिरहेको छ,' खनालले भने। उनले संकटमा सबैभन्दा बढी भार पर्ने भनेकै साना र अतिकम विकसित राष्ट्रहरू भएको उल्लेख गर्दै परराष्ट्रमन्त्री खनालले थपे, 'यी देशहरूलाई एक्लो नछोडिओस्। यसमा हस्तक्षेप गर्न अन्तर्राष्ट्रिय समुदायको साझा जिम्मेवारी हो।'

# कार्यविधिमै अल्झियो कोशी प्रदेशका कर्मचारीको घरेलु कपडाको पोसाक भत्ता

## बजेट आएको ११ महिना बितिसक्दा पनि प्रतिव्यक्ति ५५ सय रुपैयाँ पोसाक भत्ता पाउनबाट कर्मचारी वञ्चित

विराटनगरमा **गणेश लम्साल**

साना र मझौला घरेलु कपडा उद्योगहरूलाई राहत दिने गरी कोशी प्रदेश सरकारले ल्याएको कर्मचारी पोसाक भत्ता अझै पाउन सकेका छैनन्। चालू आर्थिक वर्ष ०८२/८३ को बजेटमार्फत कोशीका साना र मझौला घरेलु कपडा उद्योगलाई राहत दिन भनी प्रदेशका निजामती कर्मचारीलाई दिने व्यवस्था गरिएको प्रतिव्यक्ति ५५ सय पोसाक भत्ता उनीहरूले जेठ महिना लागिसक्दा पनि पाएका छैनन्।

आफ्नै प्रदेशका घरेलु उद्योगमा उत्पादन भएका ढाका, अल्लोलगायतका कपडाहरूको अतिरिक्त पोसाक लगाउने गरी सरकारले चालू वर्षको बजेटमा कर्मचारीहरूका लागि जनही ५५ सय रुपैयाँ प्रदान गर्ने बताएको थियो। तर, अर्को बजेट आउन लागिसक्दा पनि कर्मचारीहरूले पोसाक भत्ता पाएका छैनन्।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रायः सबै सार्वजनिक कार्यक्रममा घरेलु उद्योगहरूलाई प्रोत्साहन गर्न प्रदेशका चार हजार कर्मचारीहरूका लागि जनही ५५ सय पोसाक भत्ता चालू वर्ष विनियोजन गरेको र आगामी वर्ष पालिकाहरूहरूसँग समन्वय गरेर थप सात हजार कर्मचारीहरूका लागि भत्ता उपलब्ध गराउन

कोशी सरकारले प्रदेशका चार हजार निजामती कर्मचारीलाई नियमित १० हजार रुपैयाँ पोसाक भत्ता प्रदान गर्दै आएको छ




सरकार लागिपरेको बताउने गरेका छन्। 'कम्तीमा एक दिन भए पनि प्रदेशमै उत्पादन भएका कपडा लगाउन सरकारले प्रदेशका चार हजारजना कर्मचारीलाई बजेट प्रदान गरिसकेको छ, चाँडै पालिकाहरूका सात हजार कर्मचारीका लागि पनि प्रदान गराउने योजना छ। यसो भएमा हाम्रा घरेलु र मझौला कपडा उद्योगलाई थोरै भए पनि प्रोत्साहित हुन्छ,' उनले भने।

उद्योग मन्त्रालयका अनुसार कोशी प्रदेशमा करिब दुई सयवटा साना तथा घरेलु उद्योग कपडा उद्योग छन्। प्रायः महिलाहरूले जेनतेन सञ्चालन गरेका यस्ता उद्योगहरू सरकारी प्रोत्साहनको अभावमा प्रायः रुग्ण अवस्थामा छन्। यसैले घरेलु उद्यमीहरूको बारम्बारको आग्रहपछि महिला उद्यमीलाई प्रोत्साहन गर्न यो योजना ल्याइएको थियो। तर, बजेट आएको ११ महिना बितिसक्दा पनि सरकारले अझै भत्ता उपलब्ध गराएको छैन। कोशी सरकारले प्रदेशका चार हजारजना निजामती कर्मचारीलाई नियमित १० हजार रुपैयाँ पोसाक भत्ता प्रदान गर्दै आएको छ। त्यसमा ५५ सय रुपैयाँ थपेर कुल १५ हजार पाँच सय रुपैयाँ पुऱ्याउने र त्यसबापत हप्ताको कम्तीमा एक दिन खाडी, अल्लो वा ढाकाजस्ता स्थानीय कपडा लगाउनुपर्ने नीति सरकारले बनाएको छ।

आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता सुशील बाँस्तोलाले अतिरिक्त पोसाक भत्ताका लागि कार्यविधि तयार गर्न स्वीकृत प्रदान गरिसकेको बताए। तर, अर्थ मन्त्रालयले स्वीकृत दिए पनि मुख्यमन्त्री कार्यालयले भने अझै कार्यविधि निर्माण गरेर स्वीकृत गरिसकेको छैन। प्रदेशका चार हजार कर्मचारीले नियमित १० हजार रुपैयाँ पोसाक भत्ता भने बुझिसकेका छन्।

कर्मचारीहरू भने प्रदेशमै उत्पादन भएका घरेलु अल्लो, ढाका र खाडीका कपडा महँगो पर्ने भएकाले सरकारले प्रदान गर्ने ५५ सय भत्ताले कपडा खरिद गरेर सिलाउन अपुग हुने बताउँछन्। मुख्यमन्त्री कार्कीले स्थानीय उद्यमशीलतालाई टेवा दिन पहिलो चरणमा कर्मचारीहरूमा अतिरिक्त पोसाक भत्ता वितरण गर्ने र दोस्रो चरणमा पातलो धागो उत्पादन गरेर हलुका कपडाहरू उत्पादन गर्न घरेलु उद्योगलाई सहयोग गर्ने बताउँछन्।'विभिन्न कारणले भत्ता दिन केही ढिलाइ भएको हो, तर बजेट खेर जाँदैन। केही दिनभित्रै कर्मचारीहरूले पाउनुहुन्छ, यसलाई अगामी बजेटमा पनि निरन्तरता दिनेछौं,' उनले भने।

# मदन भण्डारीका विचार र योगदानको सान्दर्भिकता

## मदन भण्डारी एमालेका नेता मात्र नभई यो देशको कम्युनिस्ट, लोकतान्त्रिक र देशभक्तिपूर्ण आन्दोलनका समेत नेता हुनुहुन्थ्यो



● युवराज ज्ञवाली

अग्रलेख

नेकपा (एमाले)ले जननेता मदन भण्डारी र जीवराज 'आश्रित'को स्मृति दिवसका सन्दर्भमा हरेक वर्ष ३ जेठमा उहाँहरूको योगदानको चर्चा गर्दै विभिन्न कार्यक्रम आयोजना गर्दै आएको छ। वास्तवमा मदन भण्डारी एमालेका नेता मात्र नभई यो देशको कम्युनिस्ट, लोकतान्त्रिक र देशभक्तिपूर्ण आन्दोलनका समेत नेता हुनुहुन्थ्यो।

सन् १९९० को दशक सोभियत संघ र पूर्वी यरोपका समाजवादी मुलुकमा ७० वर्षको सोभियत मोडेलको समाजवाद पतनको समय थियो। विश्वका तमाम कम्युनिस्ट पार्टीहरूमा आफ्नो नाम परिवर्तन गर्दै पार्टी विघटन गर्ने एक किसिमको होडबाजी नै चलेको थियो। विश्वभरि नै कम्युनिस्ट आन्दोलनमा चरम निराशा छाएको अवस्था थियो। त्यसवेला विश्वभरिका तमाम पुँजीवादी राजनीतिक पार्टीहरू, पुँजीवादलाई चिरस्थायी बनाउन चाहने तमाम विद्वान् तथा बुद्धिजीवीले विश्वबाट कम्युनिस्ट आन्दोलन मात्र होइन, समाजवाद नै असफल भएको, मार्क्सवादको सान्दर्भिकता सकिएको भन्दै ठुल्ठुला ग्रन्थ नै लेखे। पुँजीवादले अर्को ठुलो विजय हासिल गरेको हल्ला मच्चाइयो। त्यसवेला उनीहरूले विश्वमा कम्युनिस्टलाई उठ्न नदिने महाअभियान नै चलाए।

सो घटनापछि विश्व पुँजीवादको अगुवा अमेरिकाको एकछत्र हैकम सुरु भयो। ऊ आफूलाई एकल महाशक्ति राष्ट्रका रुपमा उभ्याउन सफल भयो। तर, अन्तर्राष्ट्रिय परिस्थिति अत्यन्त प्रतिकूल भएको अवस्थामा पनि विश्वको सुदूरपूर्व चीन र भारतको बिचमा अवस्थित सानो देश नेपालमा भने कम्युनिस्ट आन्दोलन नवीन विचार, नयाँ उत्साह र नयाँ आस्था एवं विश्वाससाथ तीव्र रूपमा फैलँदै थियो।

त्यसवेला तत्कालीन मालेको ०४६ भदौमा सम्पन्न चौथो महाधिवेशनपछि प्रमुख नेता, महासचिव मदन भण्डारीको अगुवाइमा संयुक्त जनआन्दोलनको कार्यनीतिक कार्यदिशा र त्यसको ठोस योजना तयार पारियो। नेकपाका संस्थापक महासचिव कमरेड पुष्पलालले मार्गदर्शन गरेको संयुक्त जनआन्दोलनको कार्यनीति, उहाँको कार्यकालमा लागू गर्न नसकिए पनि भण्डारीको नेतृत्वमा त्यसले सफलता हासिल गऱ्यो। चौथो महाधिवेशनलगत्तै बसेको केन्द्रीय कमिटी बैठकले नेपाली कांग्रेस तथा अन्य वामपन्थी दलहरूसँग संयुक्त जनआन्दोलनका लागि कार्यगत एकताको प्रस्ताव अगाडि बढायो। निकै ठुलो छलफल र प्रयत्नपछि वाममोर्चा निर्माण र कांग्रेससँग सहकार्यको बाटो खुल्यो। सो आन्दोलनमा कांग्रेसलगायत अन्य वामपन्थी दलको महत्त्वपूर्ण भूमिका रहे पनि त्यसका प्रमुख डिजाइनर तत्कालीन माले र त्यसका प्रमुख नेता मदन भण्डारी नै रहेको यथार्थलाई विभिन्न घटनाक्रम र तथ्यका आधारमा पुष्टि गर्न सकिन्छ।

सो आन्दोलनका अनेक उतारचढावमा त्यसलाई सही दिशामा अघि बढाउँदै बहुदलीय व्यवस्था घोषणा, अन्तरिम सरकार गठन, संविधान निर्माण र ०४८ सालको निर्वाचनको तहसम्म पुऱ्याउन कांग्रेसलगायत तमाम पार्टी र नेताहरूको ठुलो योगदान रहेसँगै भण्डारीको भूमिका प्रत्यक्ष र परोक्ष रूपमा सबैभन्दा उच्च छ। संविधान निर्माणका क्रममा उत्पन्न समस्यालाई सही किसिमले हल गर्न भण्डारीको अगुवाइमा तत्कालीन संविधानबारे २७ बुँदे असहमतिसहित आलोचनात्मक समर्थन गर्ने नीति अपनाइयो। त्यसवेलाको राजनीतिक शक्ति सन्तुलनको परिस्थितिमा त्यो नीति अत्यन्त सही र समयसापेक्ष थियो। पछि ०६२/६३ को दोस्रो जनआन्दोलनको समयमा त्यसवेलाको २७ बुँदे प्रस्तावले सफलता प्राप्त गऱ्यो।

०४८ को संसदीय निर्वाचनमा भण्डारीले तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गरी राजधानीका दुई स्थानबाट सानदार जनमतसहित विजय हासिल गर्नुभयो। त्यसवेला एमाले अधिकांश सिनियर नेतासहित देशभरका हरेक निर्वाचन क्षेत्रमा कांग्रेससँगको निकट प्रतिस्पर्धाका आधारमा सशक्त प्रमुख प्रतिपक्षी पार्टी बन्न सफल भयो। त्यसवेला अमेरिकाबाट प्रकाशित हुने महत्त्वपूर्ण पत्रिका न्युज विकले 'कार्लमार्क्स लिभ इन नेपाल' भनेर प्रमुख महत्त्वसाथ समाचार प्रकाशित गऱ्यो। देश-विदेशका तमाम सञ्चारमाध्यममा नेपाली राजनीतिको बढ्दो वामपन्थी प्रभावले ठुलो महत्त्व पायो।

निर्वाचनपश्चात् त्यसवेला कलकत्तामा भएको कम्युनिस्टहरूको अन्तर्राष्ट्रिय सेमिनारमा मदनद्वारा गरिएको सम्बोधन तथा उपस्थित विभिन्न देशका प्रतिनिधिसँगको छलफलका क्रममा उहाँ सबैभन्दा आकर्षक व्यक्तित्वका रूपमा स्थापित हुनुभयो। सो सेमिनारमा उहाँले जनवादी चरणमा मात्र होइन, यसपछिको समाजवादी चरणमा समेत लोकतान्त्रिक प्रणालीका आधारमा अघि बढ्नुपर्ने दृष्टिकोण प्रस्तुत गर्नुभयो।

पहिलो र दोस्रो विश्वयुद्धको अवधिमा संसारका अधिकांश कम्युनिस्ट पार्टीले शस्त्रबलका आधारमा प्रतिक्रियावादी शक्तिलाई पराजित गरेर कम्युनिस्ट पार्टीको एकल सरकार सञ्चालन गर्ने, त्यसलाई सर्वहारा वर्ग अथवा जनताको जनवादी अधिनायकत्वका रूपमा शासन चलाउने र भिन्न विचारलाई प्रतिक्रियावादीका रूपमा हेर्नेजस्ता तमाम मान्यताको विकल्पमा नेपालमा मार्क्सवादको सिर्जनात्मक प्रयोगका रूपमा जनताको बहुदलीय जनवादी मान्यताको विकास भएको थियो।




'हाम्रो सिद्धान्त कुनै जडसूत्र होइन, बरु कामका लागि मार्गदर्शन हो,' भन्ने स्वयं मार्क्स-एंगेल्सको भनाइअनुसार परिवर्तित विश्व परिस्थिति र नेपाली ठोस विशेषतामा आधारित भएर भण्डारीले जबजको नवीन मान्यता अघि सार्नुभएको थियो।

मार्क्सवादका केही आधारभूत मान्यतामा दृढतापूर्वक उभिँदै समय र परिस्थितिको सापेक्षताअनुसार नीति, विचार र आफ्ना तमाम व्यावहारिक विषयमा नयाँ परिमार्जन र विकास गर्न सकिएन भने त्यो आस्थाका आधारमा माला जप्ने सिद्धान्त मात्र साबित हुन्छ, तर त्यसले जनताको जीवन परिवर्तन गर्न सक्तैन। त्यसैले, भण्डारीले 'सिद्धान्तका लागि जीवन होइन, जीवनका लागि सिद्धान्त' भन्नेमा जोड दिनुभयो।

त्यसवेला, एमालेको आन्तरिक जीवनमा मात्र होइन, सार्वजनिक रूपमै गम्भीर बहस र विचार-विमर्शपछि विभिन्न वैचारिक विषयवस्तु र मूल्य-मान्यतालाई एकीकृत गर्दै त्यसलाई 'जनताको बहुदलीय जनवाद' नामकरण गरिएको थियो। त्यसको सार पक्ष भनेको नेपाली समाजको क्रान्तिकारी परिवर्तन थियो भने सो परिवर्तन मूलतः शान्तिपूर्ण संघर्ष र लोकतान्त्रिक प्रणालीका आधारमा सम्पन्न गर्ने मान्यता थियो। त्यसअन्तर्गत केवल कार्यक्रमिक विषयवस्तु मात्र नभई कतिपय नीति, विचार, पार्टी निर्माण तथा तमाम मूल्य-मान्यता अघि सारिएका थिए।

नेपाली समाजलाई जनताको जनवादी चरण हुँदै समाजवाद र साम्यवादको लक्ष्यमा पुऱ्याउन बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, कानुनको शासन, संविधानको सर्वोच्चता, शक्ति पृथकीकरणको सिद्धान्त, मानव अधिकारको रक्षा, बहुमतप्राप्त दल सत्तापक्ष र अल्पमतको प्रतिपक्ष, जनताको राज्यसत्ता, राष्ट्रिय हितलाई ध्यानमा राख्दै बाह्य पुँजी र प्रविधिको उपयोग, समानतापूर्ण र न्यायपूर्ण समाजवादी चरणमा पुग्नका लागि त्यसको आधारका रूपमा जनताको बहुदलीय व्यवस्था स्थापना, जनवादी व्यवस्थामा पर्याप्त उत्पादक शक्तिको विकासका लागि पहिलो उपचरणमा सामन्तवादका अवशेषको अन्त्य, दोस्रोमा जनवादी व्यवस्थाको सुदृढीकरण र तेस्रोमा, समाजवादमा संक्रमणका तीन उपचरणको चर्चा गरिएको छ।

> अहिलेको असफलता मदन भण्डारीको विचार तथा मूल्य-मान्यता, कम्युनिस्ट विचारधारा र जबजको असफलता नभई मूलतः त्यसलाई ठिक किसिमले व्यवहारमा कार्यान्वयन गर्न नसक्ने र गुटगत संकीर्णता तथा आत्मकेन्द्रित चिन्तनबाट ग्रस्त नेतृत्वका कमजोरीको समग्र परिणाम हो

जनवादी चरणमा सार्वजनिक, सहकारी र निजी स्वामित्वमा आधारित तीनखम्बे अर्थतन्त्रको नीति तथा नेपालको अर्थतन्त्रलाई नोकरशाही पुँजीवादको नियन्त्रणबाट मुक्त गरी राष्ट्रिय पुँजीको विकास, सामन्ती भू-स्वामित्वको सम्पूर्ण रूपमा अत्य गर्दै आधुनिक र वैज्ञानिक कृषि प्रणालीको विकास, शिक्षा-स्वास्थ्यलगायत तमाम क्षेत्रमा आमजनताका आवश्यकतालाई प्राथमिकतामा राखेर नयाँ नीति र योजना बनाउने विषय समेटिएका छन्।

जनवादी चरणमा गरिने उपर्युक्त तमाम विषय समाजवादको बलियो आधार निर्माण गर्ने आवश्यक मात्र होइनन्, अनिवार्य विषय हुन्। यसरी प्राप्त गर्ने समाजवाद समानतामा आधारित समृद्ध, सुखी र लोकतान्त्रिक हुनुपर्ने जबजको महत्त्वपूर्ण मान्यता हो। भण्डारीले राज्यसत्ताको लोकतान्त्रीकरणसँगै पार्टीको लोकतान्त्रीकरणमा पनि उत्तिकै जोड दिनुभएको थियो। पार्टी सञ्चालनका सन्दर्भमा सामूहिक नेतृत्व, सामूहिक बुद्धि र सामूहिक प्रयत्नलाई अनिवार्य बनाइएको छ भने पार्टीमा भिन्न मतप्रतिको सहिष्णुता र सम्मानसँगै बहुमतको निर्णय कार्यान्वयन गर्नुपर्ने, जनवादमा आधारित केन्द्रीयता, पार्टीमा निर्बाध रूपमा आफ्ना विचार प्रस्तुत गर्ने स्वतन्त्रताबारे स्पष्ट पारिएको छ। पार्टीमा एकल र व्यक्तिवादी नेतृत्व, आत्मप्रशंसा, गुटगत क्रियाकलाप, अनैतिकता, भ्रष्ट आचरणजस्ता तमाम गलत चिन्तन र प्रवृत्ति हटाउन निरन्तर अन्तरपार्टी संघर्ष सञ्चालन गर्ने विषयमा भण्डारीको जोड रहेको थियो।

भण्डारी सच्चा मार्क्सवादी नेतासँगै लोकतान्त्रिक मूल्य-मान्यताप्रति प्रतिबद्ध तथा सच्चा देशभक्त, देश र जनताप्रति इमानदार व्यक्ति हुनुहुन्थ्यो। सिद्धान्त र व्यवहारबिचको तालमेल, पार्टीको विचारअनुकूलको आचरण तथा कार्यशैली र राजनीतिलाई जनताको सेवा ठान्ने सच्चा जनवादी नेता मुलुकले पाएको थियो। नेपाली कम्युनिस्ट आन्दोलनमा एकातिर मार्क्सवादलाई जडसूत्रका रूपमा कार्यान्वयन गर्न खोज्ने प्रवृत्ति र अर्कोतिर त्यसको सिर्जनात्मक प्रयोगको बहानामा मार्क्सवादका आधारभूत वैज्ञानिक सच्चाइलाई त्याग्दै पुँजीवादी नवउदारवादको पिछलग्गु बन्दै जाने चिन्तन र प्रवृत्तिविरुद्ध उहाँ निरन्तर संघर्षरत रहनुभयो। उहाँले पार्टीमा आफ्नो निहित स्वार्थका लागि निजी मान्छेको कोटरी बनाउने प्रवृत्तिको विरोध गर्दै पार्टीका हरेक नेता र कार्यकर्तालाई उनीहरूको गुण र दोषका आधारमा आपसी निकटता र दूरी कायम गर्दै योग्य, सक्षम र इमानदार व्यक्तिलाई प्रेरित र प्रोत्साहित गर्ने परिपाटीमाथि जोड दिनुभयो।

मुलुकमा बहुदलीय व्यवस्था स्थापनापछि पार्टीका नेता तथा कार्यकर्ता स्थानीय तहदेखि केन्द्रसम्म राज्यका विभिन्न तहमा रहेर काम गर्ने अनुकूल अवसर प्राप्त भयो। बदलिएको नयाँ परिस्थितिमा कतिपय व्यक्तिहरू निजी स्वार्थ र लोभबाट मुक्त भएर काम गर्ने हुन् या होइनन् भन्ने प्रश्न उठेका वेला उहाँले हाम्रो वास्तविक परीक्षा त अब सुरु हुन्छ भन्दै विगतमा जस्तै आगामी दिनमा पनि स्वार्थ त्यागको भावनाका आधारमा अघि बढ्न प्रेरित गर्नुहुन्थ्यो।

नेपाली जनताले कम्युनिस्टलाई पटक-पटक सत्तामा पुग्ने अवसर दिए। विभिन्न समयमा महत्त्वपूर्ण काम पनि भए, तर नेतृत्वमा रहेका केही सीमित व्यक्तिको चरम गुटबन्दीपूर्ण क्रियाकलाप र आत्मकेन्द्रित चिन्तन र प्रवृत्तिका कारण अन्तिम अवस्थामा आइपुग्दा पार्टीले गम्भीर धक्का खानुपर्ने अवस्था उत्पन्न भयो।

यसपटकको असफलता भनेको मदन भण्डारीको विचार तथा मूल्य-मान्यता, कम्युनिस्ट विचारधारा र जनताको बहुदलीय जनवादको असफलता नभई मूलतः त्यसलाई ठिक किसिमले व्यवहारमा कार्यान्वयन गर्न नसक्ने र गुटगत संकीर्णता तथा आत्मकेन्द्रित चिन्तनबाट ग्रस्त नेतृत्वका कमजोरीको समग्र परिणाम हो। यसपटकको यो धक्का एउटा दुःखद घटना भए पनि यसबाट गम्भीर शिक्षा लिन सकियो भने मदन भण्डारीको सपना अवश्य साकार हुनेछ। जननेता मदन भण्डारी र जीवराज 'आश्रित'प्रति हार्दिक श्रद्धाञ्जली!

---

## ३ प्रश्न

नेपाल प्रहरीका पूर्वएआइजी **विज्ञानराज शर्मा**लाई



**सडक दुर्घटनाबाट दैनिक सातजनाले ज्यान गुमाइरहेको तथ्यांकले के संकेत गर्छ ?**

यो तथ्यांक दिन-प्रतिदिन बढ्दै छ। हामीकहाँ सडक निर्माणदेखि नै लापरबाही सुरु हुन्छ। सडकको 'क्वालिटी कन्ट्रोल'मा खासै ध्यान दिइन्न। ठेकेदार, कन्सल्टेन्सी र सरकारबिच कसले बढी कमाउने भन्ने होड चल्दै आएको छ। चालकको लापरबाही पनि यसमा जिम्मेवार छ। हाइवेमा भन्दा भित्री सडकहरूमा यस्तो दुर्घटनाको 'ग्राफ' उच्च छ। अधिकांश ग्रामीण सडक योजनाबद्ध रूपमा भन्दा पनि स्थानीय जनप्रतिनिधिको लहड र डोजरचालकको ज्ञानका भरमा खनिन्छन्। सवारीसाधनको कन्डिसन पनि ठिक हुँदैन। पुराना सवारीसाधन पनि गुडिरहेका हुन्छन्। व्यवसायीको सिन्डिकेटले पनि दुर्घटना बढाउन सहयोग पुऱ्याइरहेको हुन्छ।

**सडक दुर्घटनामा यात्रुहरूको जिम्मेवारीचाहिँ कति हुन्छ ?**

दुर्घटनामा चालकसँगै यात्रुहरूको जिम्मेवारी पनि अत्यन्त धेरै हुन्छ। पहिले-पहिलेजस्तो छतमा बसेर यात्रा गर्ने क्रम धेरै रोकिएको भए पनि खाँदाखाँद गरेर सवारीसाधनको क्षमताभन्दा बढी यात्रुले एकसाथ यात्रा गर्ने क्रम चलिरहेकै छ। सवारीधनी या चालकहरूले पनि कमाउने मौकाका रूपमा यसलाई लिँदा दुर्घटना बढिरहेको छ। यसमा यात्रुहरू स्वयं बढी सचेत हुनुपर्छ।

**दुर्घटना न्यूनीकरणका उपाय के-के हुन सक्छन् ?**

यसका लागि सर्वप्रथम यातायात ऐनमै सुधार गर्नुपर्छ। लाइसेन्स परीक्षा प्रणालीमा सुधार गरी विदेशतिर जस्तै फिल्डमै टेस्ट गर्ने व्यवस्था हुनुपर्छ। पर्याप्त इन्जिनियरिङ तयारी र उनीहरूको प्रभावकारी 'मनिटरिङ'मा सडक निर्माण गर्नुपर्छ। 'मास ट्रान्सपोर्ट' सञ्चालनमा ल्याउनुपर्छ। व्यवसायीबिचको अनावश्यक प्रतिस्पर्धा र सिन्डिकेट अन्त्य गर्नुपर्छ। पुराना सवारीसाधन विस्थापित गर्नुपर्छ। सवारीसाधनको 'कन्डिसन' परीक्षण गर्ने संयन्त्र बनाउनुपर्छ। 'टोल' उठाउने अधिकारसहित सडक निर्माण र मर्मतसम्भारको जिम्मा निजी क्षेत्रलाई दिनुपर्छ। पर्याप्त साधनस्रोतसहितको 'हाइवे पेट्रोलिङ पुलिस'को व्यवस्था गर्नुपर्छ।

प्रेरक प्रसंग

## अलेक्जेन्डर र सन्तको सवालजवाफ

विश्वविजयी अलेक्जेन्डर भारत पुग्दा त्यहाँबाट एकजना ज्ञानी सन्तलाई आफ्नो राज्यमा लान चाहन्थे। उनले आफ्ना सैनिकलाई ज्ञानी सन्त खोजेर ल्याउन आदेश दिए। सन्त खोज्दै जाँदा सैनिकहरू सन्त दण्डामिसको कुटीमा पुगे। सिपाहीले उनलाई सम्राट्ले बोलाएको खबर सुनाए। तर, दण्डामिसले सैनिकसित जान अस्वीकार गरे। सैनिकले जतिसुकै प्रयास गर्दा पनि उनी जान तयार भएनन्। यो खबर सुनेपछि अलेक्जेन्डर स्वयं उनको कुटीमा पुगे। उनले दण्डामिसलाई भने, 'म यो आधा विश्वको सम्राट् हुँ। तैपनि, मैले बोलाउँदा तपाईं किन आउनुभएन ? म तपाईंलाई आफूसँगै लान चाहन्छु।'

दण्डामिसले भने, 'हेर्दा त तपाईं सामान्य दीनहीन भिखारीजस्तै देखिनुहुन्छ। कसरी आधा विश्वका सम्राट् हुनुभयो ? मलाई पत्यार भएन।' दण्डामिसको भनाइले अलेक्जेन्डर रन्थनिए। तर, जसोतसो रिसलाई नियन्त्रणमा राखेर उनले भने, 'ठिकै छ, भिखारी नै सही ! तर, तपाईंले यस भनाइलाई प्रमाणित गरेर देखाउनुपर्छ। अन्यथा म जे पनि गर्न सक्छु।'

दण्डामिसले हाँस्दै भने, 'सत्यलाई पनि प्रमाणित गरिरहनुपर्छ र ? मानिलिनुहोस्, तपाईं आफ्ना सेना र सहयोगीबाट छुट्टिएर मरुभूमिमा कतै हराउनुभयो। कैयौँ दिनदेखि बाटो पहिल्याउन नसकेर अल्भिनुभएको तपाईं खाना र पानीको अभावमा जीवन र मृत्युको दोसाँधमा पुग्नुभयो। अचानक त्यहाँ पुगेको भिखारीसित पानी रहेको थाहा पाएपछि तपाईंले पानी माग्नुभयो। उसले तपाईंलाई प्रश्न गऱ्यो, पानीको बदलामा तिमी मलाई के दिन्छौ ? त्यतिखेर तपाईंको उत्तर के हुनेछ ?' अलेक्जेन्डरले भने, 'त्यतिखेर आफ्नो प्राण बचाउन म उसलाई आधा राज्य दिनेछु।' दण्डामिसले प्रश्न गरे, 'त्यति गर्दा पनि उसले पानी दिएन भने ?' अलेक्जेन्डरले जवाफ दिए, 'यस्तो अवस्थामा म उसलाई पूरै राज्य दिन तयार हुनेछु।'

अलेक्जेन्डरको जवाफ सुनेपछि मन्द मुस्कुराउँदै दण्डामिसले भने, 'जाबो एक लोटा पानीमा साटिन सक्ने राज्यको के घमन्ड गर्नुहुन्छ ? आखिर तपाईं र भिखारीबिच के नै अन्तर भयो र ?'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## पैसा कहिले फिर्ता हुन्छ ?

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले ओरियन्टल सहकारीका दुई सय ८४ जना ऋणीको तीनपुस्ते विवरण सार्वजनिक गरेकोमा आफ्नो डुबेको रकम फिर्ता हुने आशामा देशैभरका बचतकर्तामा भिनो आशा पलाएको छ। यो प्रक्रिया देशैभरका समस्याग्रस्त सहकारीमा एकैपटक लागू हुनुपर्छ। त्यसका लागि जिल्लास्थित नियामक निकाय जिल्ला सहकारीलाई पनि जिम्मेवार बनाउनुपर्छ। केन्द्रमा मात्र एउटा समिति गठन गरेर काम गर्दा देशैभरका बचतकर्ताले न्याय पाउन ढिला हुन्छ। ऋणीहरूले साँवा-ब्याज तिरेनन् भने धितो राखेका घरजग्गा तत्काल लिलाम गरियोस्। सञ्चालकको पनि घरघरानाबाट असुलउपर गरियोस् र बचतकर्ताको रकम फिर्ता गर्न सुरु गरियोस्। साथै, हाल चालू रहेका सहकारीमा पनि भविष्यमा यस्तो गलत कार्य हुनबाट जोगिन चुस्त नीति-नियम र प्रभावकारी नियमन गरियोस्। यसो गर्न सके हाल सरकारमा रहेको रास्वपा र उसका सभापति रवि लामिछानेमाथि लागेको सहकारी ठगको ट्याग पनि जनमानसबाट बिस्तारै हट्नेछ।

● **कुबेर श्रेष्ठ**, काठमाडौं
kuberstha97@gmail.com

### कति राम्रो व्यवस्था !

प्रधानन्यायाधीशदेखि संवैधानिक पदाधिकारीसम्मले चार-चार महिनामा 'रिपोर्ट कार्ड' सार्वजनिक गर्नुपर्ने व्यवस्था निकै राम्रो छ। यसले उनीहरूको कार्यकुशलता बढाउने, प्रतिस्पर्धात्मक व्यवस्था बढाउने, काममा उत्प्रेरित हुनेजस्ता सकारात्मक परिणाम देखिन सक्छ। तर, यो व्यवस्था प्रभावकारी रूपमा लागू चाहिँ हुन्छ कि हुँदैन, शंकै छ। यो व्यवस्था लागू भयो भने यसले पदाधिकारीको कार्यक्षमतामा सुधार आउने विश्वास गर्न सकिन्छ।

● **सुधा मुल्मी**, चपली, काठमाडौं

### कहालीलाग्दो तथ्यांक

प्रत्येक बिहान घरबाट निस्किनेमध्ये सातजनाले सडक दुर्घटनाका कारण बेलुका घर फर्किन नपाउने समाचार पढ्दा मनै भरंग भयो। दैनिक सातजनाले यसरी अकालमै ज्यान गुमाउनु भनेको सम्बन्धित परिवारका लागि मात्र नभई यो सिंगो समाज र राष्ट्रकै लागि चिन्ताको विषय हो। यस्ता कुनै पनि दुर्घटनामा सामान्यतः सवारीचालककै लापरबाही बढ्ता जिम्मेवार हुन्छ। त्यसैले यस्ता दुर्घटनाबाट जोगिन र जोगाउन सचेत बनौँ।

● **सुमना पाण्डे**, सतुंगल, काठमाडौं

### प्रधानमन्त्रीले संसद्मा किन नबोल्ने ?

हिजोका मन्त्री र प्रधानमन्त्रीले बढी बोलेर जनतालाई दिक्क लगाएका थिए भने अहिलेका प्रधानमन्त्री बालेन्द्र शाह नबोलेर जनतालाई चिन्ता लागेको छ। प्रधानमन्त्रीको सम्बोधन आउला भनेर सुन्न बसेका जनता निराश भएका छन्। लगभग दुईतिहाइको सरकारका प्रधानमन्त्री मौन बसेपछि जनताको आवाज कसले उठाउने भन्ने प्रश्न उठ्न थालेको छ। सामाजिक सञ्जालमा पोस्ट गरेर मात्र हुँदैन। अन्तर्राष्ट्रिय जगत्ले पनि प्रधानमन्त्रीले के बोल्नुहुन्छ भनेर कान थापेर कुरिरहेका वेला मौन बस्नु ठिक होइन। नचाहिने कुरा नबोल्नु पत्रकार फेस नगर्नु जायज छ, तर चाहिने कुरामा प्रधानमन्त्रीले सम्बोधन गर्नैपर्छ।

जनताले बालेनलाई ५० हजारभन्दा बढी मत दिएर जिताएका उनीहरूको माग सम्बोधन होला, हिजोदेखिको समस्या हल होला भन्ने अपेक्षा राखेर हो, यो विषय प्रधानमन्त्री शाहले बुझ्न आवश्यक छ। प्रधानमन्त्री संसद्प्रति उत्तरदायी बन्नैपर्छ। विगतका मन्त्री, प्रधानमन्त्रीहरूले ३५ वर्षसम्म जनतालाई रुवाएर देश कंगाल बनाए। अहिले भर्खर गठन भएको सरकारले केही गरेन भनेर रोइलो गरिरहनु जरुरी छैन। प्रधानमन्त्रीले बोलेनन् भनेर विपक्षीले भन्दैमा फरक पर्दैन, तर जनताका लागि भए पनि बोल्नु भने पर्छ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

---

# कंग्रेसले किन रोज्यो केरलाको मुख्यमन्त्रीमा सथिसनलाई ?

## राज्यमा बलियो उपस्थिति, युडिएफका गठबन्धन सहयोगीहरूको समर्थन र धर्मनिरपेक्षतावादी छविले सथिसनको मुख्यमन्त्री बन्ने ढोका खोल्यो



देश/विदेश

● इशा मिश्रा
*(पत्रकार मिश्रा समसामयिक राजनीतिमाथि कलम चलाउँछिन्)*

केरलाका नयाँ मुख्यमन्त्री को हुने भन्नेबारे १० दिन लामो रहस्य अन्ततः बिहीबार अन्त्य भयो। भारतीय राष्ट्रिय कंग्रेसले राज्यको विधान सभाका पूर्वप्रतिपक्षी नेता बिडी सथिसनलाई मुख्यमन्त्री बनाएसँगै कंग्रेसको केन्द्रीय 'अल इन्डिया कंग्रेस कमिटी (एआइसिसी)'का महासचिव केसी वेणुगोपाल पाखा लागेका छन्। कंग्रेसले वेणुगोपालको स्थानमा सथिसनलाई मुख्यमन्त्रीमा अघि सार्ने निर्णय गर्नुपछाडि मुख्यतः पाँच प्रमुख कारण छन्।

पहिलो कारण, केरलाका ६ पटकका विधायक सथिसनले यसपटक राज्यमा कंग्रेस नेतृत्वमा रहेको गठबन्धन 'युनाइटेड डेमोक्रेटिक फ्रन्ट (युडिएफ)'को चुनावी अभियानको नेतृत्व गरेका थिए। उनकै नेतृत्वमा पार्टीले राज्यमा यसपटक बलियो जनसमर्थन प्राप्त गरेको छ। चुनावी ऱ्यालीहरूमा उनले युडिएफले यसपटक केरलाको कुल १४० सिटमध्ये १०० भन्दा कम सिट जित्यो भने 'राजनीतिबाट सन्न्यास' लिने बताउने गरेका थिए। नभन्दै युडिएफले यसपटक १०२ सिट जित्यो। कंग्रेस एक्लैले ६३ सिट जित्दै सबैभन्दा ठुलो एकल दलका रूपमा देखा पऱ्यो।

विगतमा विधान सभामा विपक्षी दलको नेताका रूपमा सथिसन अघिल्लो पिनारायी विजयन सरकारविरुद्ध सबैभन्दा प्रमुख विपक्षी व्यक्तित्व थिए। हुन त वेणुगोपालले दिल्लीमा रहेर कंग्रेस नेता राहुल गान्धीसँग घनिष्टता विकास गरेको मानिन्छ। तर, १० वर्षपछि केरलामा युडिएफलाई सत्तामा फर्काउने आधार भने सथिसनले तयार पारेका थिए। चुनावी जितपछि वेणुगोपाल मुख्यमन्त्री बन्ने चर्चाबिच कंग्रेसका तल्लो तहका कार्यकर्ता विरोधमा केरलाका सडकमा उत्रिएका थिए। त्यसैले जनभावना बुझ्दै, कंग्रेस नेतृत्वले सथिसनलाई रोज्नु नै उत्तम हुने निर्णय गऱ्यो।

सथिसनलाई मुख्यमन्त्री बनाउन योगदान गर्ने दोस्रो कारण उनीप्रति गणबन्धन सहयात्री दलको समर्थन रह्यो। २२ जना विधायक भएको इन्डियन युनियन मुस्लिम लिग (आइयुएमएल), ७ जना विधायक भएको केरला कंग्रेस (जोसेफ) र ३ विधायक भएको क्रान्तिकारी समाजवादी पार्टीले सथिसनलाई मुख्यमन्त्रीका रूपमा नियुक्ति गर्न खुला रूपमा आह्वान गरेका थिए। राज्यमा गठबन्धनलाई एकताबद्ध राख्नु महत्त्वपूर्ण भएकाले पनि कंग्रेस नेतृत्वले बहुमत गठबन्धनको आह्वान सुन्ने निर्णय लियो। किनकि, सरकार गठनको सुरुमै सहयोगीको प्राथमिकतालाई बेवास्ता गर्दा पछि तनाव सिर्जना हुन सक्थ्यो।

तेस्रो कारण वेणुगोपालको छविसँग जोडिएको छ। उसो त उनले केरलाबाट तीनपटक विधान सभा र तीनपटक लोकसभा चुनाव जितिसकेका छन्। तर, पछिल्लो एक दशकको अवधिमा राज्यमा उनलाई धेरै हदसम्म 'दिल्लीका मान्छे'का रूपमा हेर्न थालिएको छ। यो छविपछाडि केन्द्रका नेता राहुल गान्धीसँगको उनको निकटता र राष्ट्रिय राजनीतिमा उनको सक्रियताको भूमिका हुन सक्छ। उनी सन् २०१७ देखि एआइसिसीका महासचिव छन् र प्रायः केरला राज्यमा भन्दा भारतीय केन्द्रको राजनीतिमा सक्रिय छन्। उनले सन् २०१९ को लोकसभा चुनाव लडेनन्। र, अर्को वर्ष राजस्थान राज्यको कोटाबाट राज्यसभा सदस्य बने।

चौथो कारण यो पनि थियो कि वेणुगोपाललाई मुख्यमन्त्री बनाइएको भए कंग्रेसले राज्यमा तुरुन्तै दुईवटा उपचुनाव लड्नुपर्ने थियो। वेणुगोपाल हाल अलाप्पुझा क्षेत्रबाट लोकसभा सांसद छन्, विधायक होइनन्। मुख्यमन्त्री बन्नका लागि उनले केन्द्रको संसद् पदबाट राजीनामा दिनुपर्ने थियो र ६ महिनाभित्र विधान सभा उपचुनाव लड्नुपर्ने थियो। यसमा हारको जोखिम पनि थियो। यसअघि पनि वेणुगोपालले सन् २०२४ को लोकसभा चुनाव लड्न राज्यसभा सिट त्यागेका थिए। उनी मुख्यमन्त्री बनेका भए, कंग्रेसले अलाप्पुझा लोकसभा सिटका लागि पनि उपचुनाव लड्नुपर्ने थियो। कंग्रेसले अहिले कैयौँ राज्यमा लोकसभा सिटमा भएको उपचुनावमा जित निकाल्न संघर्ष गरिरहेको समयमा धेरै पार्टी नेताले अर्को चुनावी जोखिम लिनु अनुपयुक्त हुने महसुस गरे। सथिसन पहिल्यै एक विधान सभाका विधायक र विपक्षी नेता थिए। त्यसैले पनि उनी सुरक्षित विकल्प बने।

कंग्रेसले सथिसनलाई छान्नुपछाडिको पाँचौँ कारण थियो, धर्मनिरपेक्ष नेताका रूपमा उनको बलियो छवि। केरलाको राजनीतिमा साम्प्रदायिक ध्रुवीकरण बढ्दै गएको समयमा, सथिसनले भाजपा र माकपा (मार्क्सवादी कम्युनिस्ट पार्टी) दुवैलाई साम्प्रदायिक राजनीतिमा संलग्न भएको आरोप लगाउँथे। उनको वैचारिक अडान कंग्रेस नेतृत्वको राष्ट्रिय लाइनसँग मिल्दोजुल्दो थियो, विशेष गरी राहुल गान्धीको धर्मनिरपेक्षता, सामाजिक न्याय र साम्प्रदायिक राजनीतिको विरोधको निरन्तर सन्देशसँग।

सथिसन ती केही कंग्रेसी नेतामध्ये एक देखिएका छन्, जसले 'जे बोल्छन्, त्यही व्यवहारमा उतार्छन्' भन्ने प्रतिष्ठा बनाएका छन्। उनले राज्यका अन्य नेताभन्दा कंग्रेसको वैचारिक लाइनलाई स्पष्ट रूपमा व्यक्त गरे। संवेदनशील राजनीतिक मुद्दामा अन्य धेरै नेताले नरम वा सतर्क अडान लिँदा सथिसनले आक्रामक नीति अंगीकार गरेर केरलामा कंग्रेसको राष्ट्रिय सन्देशलाई निरन्तर प्रवर्द्धन गरे। उनलाई मुख्यमन्त्री बनाउनुपछाडि हालैका वर्ष पार्टीले हासिल गरेको सबैभन्दा ठुलो चुनावी जितका 'आर्किटेक्ट'प्रति पार्टीको सम्मानजस्तो पनि देखिन्छ।


*द प्रिन्टबाट*

# के हो राष्ट्रपति ट्रम्पलाई चिनियाँ समकक्षी सीले चेतावनी दिएको 'थुसिडाइड्स ट्र्याप' ?

अमेरिकी राजनीतिशास्त्री ग्राहम एलिसनले लोकप्रिय बनाएको यो पदावली (थुसिडाइड्स ट्र्याप)लाई दुई शक्तिशाली देश कसरी युद्धमा फस्न सक्छन् भनेर वर्णन गर्न प्रयोग गरिन्छ



● डेभिड एम प्रिटचार्ड
लेखक युनिभर्सिटी अफ क्विन्सल्यान्डका ग्रिक इतिहासका सहप्राध्यापक हुन्



'पेलोपोनेसियाली युद्ध'को इतिहासले आज चीन-अमेरिका सम्बन्धका लागि महत्त्वपूर्ण पाठ प्रदान गर्दछ। पहिलो पाठ, कुनै पनि स्थापित महाशक्तिले (यहाँ अमेरिका) उदीयमान महाशक्ति (चीन)को उदयलाई रोक्नु मूर्खतापूर्ण हुन सक्छ भन्ने हो। स्पार्टाले त्यस्तो प्रयास गर्दा भयानक मूल्य चुकाउनुपऱ्यो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र चिनियाँ राष्ट्रपति सी जिनपिङबिच यो साता बेइजिङमा शीर्ष भेटवार्ता भयो। भेटमा सीले अमेरिकी समकक्षी ट्रम्पलाई आफ्नो देशले 'थुसिडाइड्स ट्र्याप'मा फस्नबाट बच्नुपर्ने चर्चा गरेको बताइएको छ। सन् २०१० को दशकको सुरुमा अमेरिकी राजनीतिशास्त्री ग्राहम एलिसनले लोकप्रिय बनाएको यो पदावलीलाई दुई शक्तिशाली देश कसरी युद्धमा फस्न सक्छन् भनेर वर्णन गर्न प्रयोग गरिन्छ। विशेषतः विद्यमान महाशक्ति राष्ट्र उदाउँदो शक्तिको कारण चिन्तित हुँदा यस्तो अवस्था आउन सक्ने यस अवधारणाले बताउँछ। र, एलिसनले यो पदावली विशेष गरी चीन र अमेरिकालाई मध्यनजर गरेर प्रस्तुत गरेका थिए।

यसको नाम एथेन्सका इतिहासकार तथा जनरल थुसिडाइड्सबाट लिइएको हो, जसले ईसापूर्व ४३१ मा एथेन्स र स्पार्टाबिच भएको २७ वर्षे 'पेलोपोनेसियाली युद्ध'माथि बृहत् इतिहास लेखेका थिए। आफ्नो पुस्तकमा थुसिडाइड्सले खासमा के भनेका थिए ? र एथेन्स र स्पार्टाको अनुभव अमेरिका-चीनबिचको वर्तमान अवस्थासँग कत्तिको मेल खान्छ ? यहाँ त्यसैको वर्णन गरिएको छ।

## ■ एथेन्स-स्पार्टा युद्धसँग जोडिएको इतिहास

'थुसिडाइड्स ट्र्याप' पदावलीले भन्छ कि कुनै स्थापित महाशक्तिले आफू पछि पर्ने भयले उदाउँदो शक्तिसँग नराम्रो व्यवहार गर्ने गर्छ र यसले दुई देशबिच युद्ध एक मात्र विकल्प नहुँदानहुँदै पनि युद्धको सम्भावना बढ्दै जान्छ। यो अवधारणा एथेनियन जनरल थुसिडाइड्सले लेखेको 'पेलोपोनेसियन युद्धको इतिहास (पुस्तक एक, अध्याय २३)'मा उल्लेख उद्धरणमा आधारित छ। पुस्तकमा थुसिडाइड्सले भनेका छन् : 'एथेन्सको बढ्दो शक्ति र यसले लेसेडेमोन (स्पार्टा)मा बढाएको डरको भावनाले युद्धलाई अपरिहार्य बनायो।'

अर्को शब्दमा, जनरल थुसिडाइड्सले पेलोपोनेसियाली युद्धलाई अपरिहार्य बनाउने पक्षमा एथेनियन शक्तिको उदय भएको विषयलाई जोड दिएका छन्। त्यतिखेर धेरै ग्रिकवासीले एथेन्स र स्पार्टा ससाना विवादकै कारणले पटक-पटक लडिरहेको भनिरहेका थिए। तर, थुसिडाइड्सले त्यसभन्दा फरक विचार राख्दै भने कि स्पार्टा (परम्परागत महाशक्ति)लाई नयाँ शक्तिशाली राज्य एथेन्सको उदयप्रति उत्पन्न चिन्ता नै युद्धको मूल कारण थियो।

थुसिडाइड्सले एथेन्स र स्पार्टाबारे व्यक्त गरेका विचार अहिलेको सन्दर्भमा तुलना गर्दा चीनको उदयको बारेमा स्थापित महाशक्ति अमेरिकाको चिन्ताले अन्य विकल्प उपलब्ध हुँदाहुँदै दुई देश युद्धतर्फ धकेलिन सक्ने भन्छ। तथापि, प्राचीन ग्रिसको इतिहासका कैयौं अध्येताहरूले भने यस पदावली जुन सन्दर्भमा प्रयोग भइरहेको छ, त्यसप्रति असन्तुष्टि जनाएका थिए।

## ■ विवादित पदावली

यस पदावलीमा रहेको 'ट्र्याप (फन्दा)' शब्दले ईसापूर्व ४३१ को घटनामा स्पार्टाले चालेको कदम गलत भएको र उसले फरक ढंगले कदम चाल्न सक्थ्यो भन्ने संकेत गर्छ। तर, थुसिडाइड्सले नै आफ्नो पेलोपोनेसियन युद्धको इतिहासको पुस्तकको अन्य भागमा वास्तवमा त्योभन्दा फरक वर्णन गरेका छन्। उनका अनुसार स्पार्टाहरू उदाउँदो शक्ति एथेन्सँग डराउनुको उचित कारण थियो। त्यतिवेलासम्म एथेन्स बाल्कन र एजियन सागरमा एक प्रमुख नौसेना शक्ति बनिसकेको थियो। यस क्रममा उसले स्पार्टाको कैयौं सहयोगीलाई आफूतर्फ तानेको थियो। गुट परिवर्तन गर्न अस्वीकार गर्ने राज्यमाथि उसले आक्रमणसमेत गरिरहेको थियो।

एथेन्सबाट बढ्दो आक्रमणबिच स्पार्टाका सहयोगीले ईसापूर्व ४३२ मा औपचारिक रूपमा आफ्नो गुनासो राखेका थिए- 'तपाईंहरूले एथेन्सबारेमा केही कदम चाल्नुपर्छ। त्यस्तो कुनै कदम चालिएन भने, हामी उनीहरूसँग सामेल हुन बाध्य हुनेछौं।' आफ्ना सहयोगी राज्यको दबाबका कारण स्पार्टावासीलाई एथेन्सविरुद्ध कारबाहीमा उत्रिन बाध्य बनाएको थियो। एक अर्थमा एथेन्सको बढ्दो शक्तिप्रति स्पार्टाको चिन्ताले युद्ध निम्त्याएको थियो। तर, स्पार्टाले एथेन्सविरुद्ध पूर्णस्तरको युद्धमा उत्रनैपर्ने महसुस गऱ्यो। यसैले उसले ईसापूर्व ४३१ मा एथेन्ससँग विगतमा भएको शान्तिसन्धि तोड्यो।

## ■ दीर्घकालीन दृष्टिकोण

'थुसिडाइड्स ट्र्याप' पदावलीले खासमा स्पार्टाका लागि लामो अवधिमा परिस्थिति कसरी खराब बन्यो भन्ने व्याख्या गर्छ। उनीहरूले पेलोपोनेसियाली युद्ध जितेका थिए। तर, जितका लागि २७ वर्ष लाग्यो। र, जितपछि स्पार्टा पहिलेभन्दा ठुलो महाशक्ति बन्ने धुनमा थप ठुलो राज्यविस्तारमा संलग्न भयो। यसले विभिन्न राज्यमा विभाजित अन्य ग्रिकलाई समेत चिन्तित बनायो। ईसापूर्व ४०४ पछि स्पार्टन्सको शक्तिमा भएको वृद्धिले नै यसका धेरै सहयोगीलाई शत्रु बनायो। त्यसपछि विभाजित सबै ग्रिक राज्यहरू स्पार्टाविरुद्ध सामना गर्न एकजुट भए। यसै, एकीकृत शक्तिले ईसापूर्व ३७१ मा भएको 'ल्युक्ट्राको युद्ध'मा स्पार्टाको महाशक्तिको पहिचान पूर्ण रूपमा सधैंका लागि नष्ट गरिदियो।

स्पार्टाको सम्पूर्ण सुरक्षा संरचना ध्वस्त भयो। तिनीहरूले आफ्ना सबै सहयोगी गुमाए। तिनको शक्तिको स्रोत रहेका दासहरू सबै मुक्त भए। योसँगै स्पार्टा केवल एक सानो राज्यमा खुम्चियो। त्यसैले अमेरिकाका लागि 'थुसिडाइड्स ट्र्याप'ले कुनै पाठ दिन्छ भने मूलतः महाशक्ति राष्ट्रको डरले अन्तर्राष्ट्रिय मामिलालाई उल्लेख्य रूपमा आकार दिन्छ भन्ने हुन्छ। 'थुसिडाइड्स ट्र्याप' पदावलीमा जोड दिने धेरै मानिसहरूले स्पार्टाको नियतिमा मात्र चर्चा गर्छ। लामो अवधिमा एथेन्समा के भयो भनेर उल्लेख गर्न बिर्सन्छन्। एथेन्स 'पेलोपोनेसियन युद्ध'मा बच्यो। उसले आफ्नो लोकतन्त्र र सेना पुनर्स्थापित गर्दै एक क्षेत्रीय शक्ति बन्यो।

ईसापूर्व चौथो शताब्दीको सुरुतिर एथेन्सले फारसी साम्राज्यबाट दबाब महसुस गर्न थालेको थियो। कुनै पनि ग्रिक राज्यभन्दा धेरै गुणा शक्तिशाली फारससँग भिड्नु एथेन्सलाई सम्भव थिएन। त्यसैले एथेन्सले आफूलाई खुम्च्याएर विशाल भूमध्यसागरीय क्षेत्रको महाशक्ति बन्ने महत्त्वाकांक्षा त्याग्यो। यसले फारसनजिक रहेका एनाटोलियाका ग्रिक राज्यहरूमाथि आफ्नो साम्राज्यवादी नियन्त्रण पुनर्स्थापित गर्ने प्रयास नै परित्याग गरिदियो।

एथेन्सले नजिकको एजियन सागरमा बढी ध्यान केन्द्रित गर्ने र फारसीसँग टकरावमा पर्नबाट बच्ने नीति अपनाएको थियो। अर्थात्, एथेन्सले आफ्नो शक्तिको सीमिततालाई पहिचान गरेको थियो। त्यसैले ईसापूर्व ४३१ मा एथेन्ससँग लड्ने स्पार्टाको निर्णयले एथेन्सलाई आफ्नो दिगो अस्तित्व रक्षाबारे सोच्न र त्यसअनुरूपको रणनीति अपनाउन बाध्य बनायो।

## ■ आजको विश्वका लागि के छ पाठ ?

'पेलोपोनेसियाली युद्ध'को इतिहासले आज चीन-अमेरिका सम्बन्धका लागि महत्त्वपूर्ण पाठ प्रदान गर्दछ। पहिलो पाठ, कुनै पनि स्थापित महाशक्तिले (यहाँ अमेरिका) उदीयमान महाशक्ति (चीन)को उदयलाई रोक्नु मूर्खतापूर्ण हुन सक्छ भन्ने हो। स्पार्टाले त्यस्तो प्रयास गर्दा भयानक मूल्य चुकाउनुपऱ्यो। एथेन्सलाई मिलाएर अघि बढेको भए स्पार्टा कम्तीमा चौथो शताब्दीसम्म महाशक्तिको रूपमा रहन सक्ने इतिहासले देखाउँछ।

अर्को पाठ यो हो कि अमेरिकाजस्तो स्थापित महाशक्तिले आफ्नो महत्त्वाकांक्षालाई सीमित गरेर आफ्नो क्षेत्रमा मात्र ध्यान केन्द्रित गर्ने विकल्प अपनाउन सक्छ। लोकतान्त्रिक एथेन्सले 'पेलोपोनेसियन युद्ध'पछि यही गरेको थियो। त्यसो गर्नाले एथेन्स सांस्कृतिक र राजनीतिक रूपमा फस्टाउन सक्यो। साथमा यस नीतिले सो राज्यलाई ईसापूर्व ३१० सम्म आफ्ना शत्रुबाट बच्ने अवसर प्रदान गऱ्यो।

*- द कन्भर्सेसनबाट*

## इतिहासमा आज

मे १७





● **सन् १९९० :** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले समलैंगिकतालाई मानसिक रोगको सूचीबाट हटायो।

● **सन् १७५६ :** औपनिवेशिक भूमिमाथि नियन्त्रणको विवाद बढ्दै गएपछि बेलायतले फ्रान्समाथि युद्ध घोषणा गरेसँगै सातवर्षे युद्ध सुरु भयो।

● **सन् १८२४ :** स्वच्छन्दवादी अभियानका केन्द्रीय व्यक्तित्व कवि लर्ड वाइरन (पूरा नाम जर्ज गोर्डन वाइरन)का ६ जना मित्रले उनका डायरी जलाईदिए। यसलाई 'साहित्यिक इतिहास'को सबैभन्दा ठुलो अपराधका रूपमा व्याख्या गरिन्छ।

● **सन् १८८४ :** अलास्का औपचारिक रूपमा अमेरिकी भूमि बन्यो। यो विशाल भूमि १७ वर्षअघि रुसले अमेरिकालाई ७२ लाख डलरमा बेचेको थियो।

● **सन् १८९७ :** जुनसुकै लामो दूरीसम्म यात्रा गर्न सक्ने विश्वको पहिलो सफल पनडुब्बी अमेरिकामा सार्वजनिक भयो। विद्युत् तथा डिजेल इन्जिन भएको यो पनडुब्बी जोन फिलिप होल्यान्डले डिजाइन गरेका थिए।

● **सन् १९०२ :** ग्रिक पुरातत्त्वविद् भ्यालेरियोस् स्टेइसले 'एन्टिकिथेरा मेकानिजम' नामक प्राचीन यान्त्रिक कम्युटर पत्ता लगाए। एक वर्षअघि ग्रिक टापु एन्टिकिथेरानजिक पत्ता लगाएको एक भग्नावशेष जहाजभित्र भेटिएको यस उपकरणलाई हालसम्म पत्ता लागेको सबैभन्दा पुरानो एनालग कम्प्युटर मानिन्छ।

● **सन् १९६० :** पहिलो आणविक रियाक्टर प्रणालीको सर्वाधिकार जेडब्लु फ्लोराले लिए।

● **सन् १९६१ :** फिडेल क्यास्ट्रोलाई अपदस्थ गर्न अमेरिकाबाट अप्रिलमा भएको सैन्य अभियानमा संलग्न बन्दीलाई रिहा गर्ने क्युबाको प्रस्ताव। आफ्नो देशलाई पाँच सयवटा बुलडोजर दिए, बन्दीलाई रिहा गर्ने क्यास्ट्रोले प्रस्ताव गरे।

● **सन् २००७ :** कोरिया युद्धपछि पहिलोपटक उत्तर कोरियाबाट गुडेका रेल दक्षिण कोरिया पुगे।

# बेलायतमा लेबर पार्टीले खोज्नुपर्छ प्रधानमन्त्री स्टारमरको विकल्प

बेलायतको राजनीतिको प्रगतिशील पक्षले दुइटा संकटको सामना गरिरहेको छ। पहिलो- अर्को चुनावपछि लेबर पार्टीको सम्भावित पतन हो भने दोस्रो- सम्भावित सुधारसहित नयाँ सरकार र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प शैलीको नेतृत्वको भविष्य। यी दुई विपत्तिबाट लेबर पार्टीलाई बाहिर निकाल्ने बेलायतको सबैभन्दा राम्रो स्थानमा रहेका व्यक्तित्व ग्रेटर म्यानचेस्टरका मेयर एन्डी बर्नह्याम हुन्। लेबर पार्टीले अब बर्नह्याम पार्टी र देशको अर्को नेता हुन लायक छन् भनी सुनिश्चित गर्न आवश्यक पर्ने सबै कुरा गर्नुपर्छ।

यो पहल पार्टीको सत्तारुढ राष्ट्रिय कार्यकारी समिति (एनइसी) को एक जरुरी बयानबाट सुरु हुनुपर्छ, जसमा भनिएको छ कि यदि बर्नह्याम कुनै पनि प्रत्यक्ष रिक्त पदमा लड्न चाहन्छन् भने स्थानीय सदस्यलाई उनलाई आफ्नो उम्मेदवारको रूपमा चाहने कि नचाहने भनेर फैसला गर्न अनुमति दिइनेछ। साथै उनलाई प्रतिस्पर्धामा प्रवेश गर्न अनुमति दिने समयतालिका पनि समावेश गरिनेछ।

बर्नह्याम लेबर पार्टीको नेतृत्वका लागि किन उत्तम विकल्प हुन सक्छन् भन्ने दुई कारण छन्, उनको विद्यमान लोकप्रियता र उनले अगाडि सारेका योजना। अचम्म मान्नु पर्दैन, यी दुई कुरा एक-अर्कासँग अन्तरसम्बन्धित छन्। लेबर सांसदहरू बर्नह्यामतिर आकर्षित हुनेछन्, किनभने उनीसँग बिटिस राज्य र यसको अर्थतन्त्रलाई कसरी रूपान्तरण गर्ने भन्नेबारे विचारशील दृष्टिकोण छ। हामी अवश्य पनि रूपान्तरणमा पुग्नेछौं। उनको लोकप्रियताले लेबरका नेता तथा कार्यकर्तालाई अभिप्रेरित गर्छ।

स्पष्ट रूपमा भन्नुपर्दा उनले गरेको योगदानलाई मूल्यांकन गर्दा बर्नह्याम चुनावी सुनको धुलो हुन्। स्थानीय रूपमा देशको उत्तरी भूभागदेखि पश्चिमी क्षेत्रमा उनले उत्कृष्ट कार्य गरेका छन्, तर राष्ट्रिय रूपमा पनि उनको योगदान कम महत्त्वपूर्ण छैन। उनको सर्वेक्षण मूल्यांकन अरू सबैभन्दा अगाडि छ। उनी देशका एक मात्र प्रमुख राजनीतिज्ञ हुन्, जसले सकारात्मक मूल्यांकन पाउँछन्। यसैबिच, ३४ प्रतिशत जनताले बर्नह्याम वर्तमान प्रधानमन्त्री स्टारमरभन्दा राम्रो नेता बन्ने सोच्छन्। यो लेबर पार्टीका अन्य दाबेदारभन्दा उल्लेखनीय रूपमा उच्च समर्थन हो।

टाइम्समा रिपोर्ट गरिएको स्ट्याक डाटा स्ट्राटेजी नामक सर्वेक्षण कम्पनीद्वारा गरिएको थप सर्वेक्षण भन्छ- बर्नह्याम प्रधानमन्त्री भएमा हालका ग्रिन पार्टीका ३४ प्रतिशत र रिफर्म युकेका १९ प्रतिशत मतदाताले लेबरलाई मतदान गर्ने सम्भावना बढी हुने देखिन्छ। कम्पनीका निर्देशक आरोन इफ्तिखारका अनुसार यसले बर्नह्यामसँग 'वामपन्थी र दक्षिणपन्थी दुवैबाट मतदातालाई आकर्षित गर्ने र लेबरको भित्तिकएको आधारलाई पुनर्मिलन गर्ने सबैभन्दा स्पष्ट बाटो' रहेको सुझाव दिन्छ।

बर्नह्याम आफ्नो सानो र बदनाम दक्षिणपन्थी गुटको हिस्सा नभएको कारणले गर्दा उनलाई रोक्न हतास केही लेबर पार्टीका सदस्य लेबरले ग्रेटर म्यानचेस्टरमा हुने कुनै पनि मेयरको चुनाव हार्न सक्छ भन्ने तर्कमा मात्र अडिग रहन सक्छन्।



२८ सेप्टेम्बर २०२५ मा लिभरपुलमा लेबरको वार्षिक सम्मेलनमा पार्टी नेता एन्डी बर्नह्याम। तस्बिर : फिल नोबल/रोयटर्स



● निल लसन
लसन क्रस पार्टी अभियान संगठन कम्पासका निर्देशक हुन्।

मोर इन कमन थिंकट्यांकका प्रमुख लुक ट्रिलले स्पेक्टेटरमा लेख्छन्, 'ग्रेटर म्यानचेस्टरका सयौं मतदातासँग समूहमा छलफल गरेपछि म बर्नह्याम कारक वास्तविक हो भनेर पुष्टि गर्न सक्छु। उनी अगाडि भन्छन्, 'त्यसो भए लेबरले पछिल्लो स्थानीय निर्वाचनमा ग्रेटर म्यानचेस्टरमा किन यति नराम्रो नतिजा ल्यायो ? सरल भाषामा भन्नुपर्दा किनभने बर्नह्याम आफैं मतपत्रमा थिएनन्।'

बर्नह्यामलाई बाहिर राख्ने र अझ आपराधिक रूपमा पार्टी र देश दुवैभन्दा गुटलाई अगाडि राख्ने उन्माद गोर्टन र डेन्टन उपचुनावपछि स्पष्ट भयो। उता बर्नह्यामलाई प्रतिस्पर्धाबाट रोकिएपछि ग्रिन पार्टीले उत्तरमा वेस्टमिन्स्टरमा जित हासिल गर्न सफल भयो। सर्वेक्षणले सुझाव दिन्छन् कि यदि बर्नह्याम उम्मेदवार भएको भए लेबरले सहजै जित्ने थियो। बर्नह्यामलाई उम्मेदवारीबाट रोक्न खोज्दा लेबरले उपचुनाव मात्र हारेन, दक्षिणपन्थीलाई हराउन आफ्नो एकाधिकार स्थिति गुमायो। त्यसो भए योजना के हो ? बर्नह्यामको लोकप्रियता केवल उनको शैली र वेस्टमिन्स्टरबाट म्यानचेस्टरसम्मको यात्रा वा हिल्सबरोमाथि ब्रिटिस राजनीतिमा उनले गरेका ठुला हस्तक्षेप र त्यसपछि कोभिडकालमा उत्तरी क्षेत्रलाई कसरी ट्याकल गरियो भन्ने कुरामा आधारित छैन।

उनले हाम्रो अर्थतन्त्रलाई मात्र नभई हाम्रो लोकतन्त्रलाई कसरी रूपान्तरण गर्न आवश्यक छ भन्नेबारे गहिरो रूपमा सोचेका छन्। सबैभन्दा

बर्नह्याम प्रधानमन्त्री भएमा ग्रिन पार्टीका ३४ प्रतिशत र रिफर्म युकेका १९ प्रतिशत मतदाताले लेबरलाई मतदान गर्ने सम्भावना रहेको सर्वेक्षणले देखाउँछ

उल्लेखनीय कुरा के हो भने उनले हाम्रो अर्थतन्त्रमा गहिरो परिवर्तनका लागि दीर्घकालीन प्रगतिशील सहमति निर्माण गरेर राजनीति परिवर्तन गर्नुपर्ने कुरा स्वीकार गर्छन्। उनले ग्रेटर म्यानचेस्टरमा प्रगतिशील दलहरूसँग काम गरेर राजनीतिक स्थिरता कायम गरेर परिवर्तनलाई आत्मसात् गरेका छन्। 'उनले यसलाई 'व्यवसाय-मैत्री समाजवाद' भनेका छन्।

समानुपातिक प्रतिनिधित्वबाट सुरु गर्दै बर्नह्यामले स्वीकार गर्छन् कि हाम्रो देशको विशाल बहुमतका लागि केही पनि परिवर्तन हुनेछैन, जबसम्म हामी हाम्रो लोकतान्त्रिक प्रणाली परिवर्तन गर्दैनौं। लोकतान्त्रिक प्रणालीमा हुने परिवर्तनबाट मात्र हामी हाम्रो आर्थिक प्रणालीमा सघन परिवर्तन गर्न सक्छौं। जबसम्म हामी हाम्रो जीवनमा पानी, ऊर्जा, आवास र यातायातजस्ता आधारभूत कुराको स्वामित्व र नियन्त्रण गर्दैनौं, परिवर्तन हुनेछैन।

विशिष्ट रूपमा बर्नह्याम विगत दुई वर्षको सरकारबाट अछुतो छन्। उनी नयाँ सुरुवातको प्रतिनिधित्व गर्छन्। ग्रेटर म्यानचेस्टरको राजनीतिमा नयाँ दृष्टिकोण र थ्याचरवाद उनका आधार हुन्। उनले हाम्रो देश र यसका जनतालाई गरेको कामलाई उल्ट्याउने दृढ संकल्पले लेबरले के गर्न सक्छ भनेर देखाएका छन्।

उनी लेबर पार्टीलाई बचाउन र रिफर्म युकेका नेता निगल फारेजको नेतृत्वमा रहेको सरकारको नियतिबाट बच्न सबैभन्दा राम्रो स्थानमा छन्। उनी जनता र लेबर पार्टीका सदस्यमाझ अत्यन्त लोकप्रिय छन्, जसले अन्ततः अर्को नेतृत्व कसले गर्ने भनेर निर्णय गर्नेछन्।

दशजना मानिस उनको बाटोमा उभिएका छन्। तिनीहरू लेबरको एनइसीका अधिकारीको समूह हुन्। उनीहरूले उनलाई पछिल्लोपटक अत्यधिक रूपमा रोकेका थिए। उनीहरू अहिले बाहिर निस्केर भन्नुपर्छ। यदि उनी चुनाव लड्न चाहन्छन् र कुनै पनि रिक्त पदमा स्थानीय लेबर पार्टीले उनलाई चुनाव लड्न चाहन्छ भने उनलाई चुनावको समयसीमाभित्र नेतृत्वको अनुमति दिनुपर्छ।

*- गार्जियनबाट*

# स्वतन्त्रता घोषणा नगर्न ताइवानलाई ट्रम्पको चेतावनी

**वासिंटन** / अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ताइवानलाई औपचारिक रूपमा चीनबाट स्वतन्त्रता घोषणा नगर्न चेतावनी दिएका छन्। 'मैले कसैले स्वतन्त्र हुन खोजिरहेको हेर्न चाहेको छैन,' अमेरिकी राष्ट्रपतिले शुक्रबार बेइजिङमा आफ्ना चिनियाँ समकक्षी सी जिनपिङसँगको दुईदिने शिखर सम्मेलनको अन्त्यमा ताइवानप्रति संकेत गर्दै भने। यसअघि ताइवानका राष्ट्रपतिलाई चिंग-तेले ताइवान एक सार्वभौम राष्ट्र भएकाले औपचारिक रूपमा स्वतन्त्रता घोषणा गर्न आवश्यक नरहेको बताएका थिए। ताइवानले बारम्बार आफूलाई स्वतन्त्र राष्ट्रको दाबी गर्दै आएको छ, जसलाई चीनले ठाडै अस्वीकार गरेको छ।

अमेरिकाले लामो समयदेखि ताइवानलाई समर्थन गर्दै आएको छ। यसअघि ताइवानलाई बाह्य हमला भएमा उसलाई हतियार सहयोग गर्ने भन्दै वासिङटनले बेइजिङलाई चिढाउने प्रयत्न गरेको थियो। तर, चीनले ताइवानलाई आफ्नो महत्त्वपूर्ण हिस्सा मान्दै आएको छ। ताइवानलाई एक प्रान्तको रूपमा लिँदै आवश्यक परेमा आफ्नो अधीनमा राख्न सक्ने चीनले धम्की दिँदै आएको थियो। ताइवान मुद्दालाई लिएर विगतमा पनि अमेरिका र चीनबिच बाम्बार विवाद हुने गरेको थियो। तर, चीनको भ्रमणलगत्तै राष्ट्रपति ट्रम्पले स्वतन्त्र घोषणा नगर्न चेतावनी दिनुलाई कूटनीतिक जगत्मा अर्थपूर्ण रूपमा हेरिएको छ।

यसअघि ट्रम्पले आफूले उक्त स्वशासित टापुका बारेमा 'कुनै प्रतिबद्धता नजनाएको' बताएका थिए। अमेरिकाको स्थापित अडान भनेको उसले ताइवानको स्वतन्त्रतालाई समर्थन गर्दैन र बेइजिङसँग उसको निरन्तरको सम्बन्ध एउटा मात्र चिनियाँ सरकार रहेको स्वीकार गर्ने कुरामा निर्भर छ। वासिङटन फर्कने क्रममा राष्ट्रपति ट्रम्पले आफू र सी जिनपिङले उक्त टापुका बारेमा 'धेरै' कुरा गरेका पत्रकारहरूलाई बताए।

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ३ जेठ ०८३

# १० महिनामा नौ खर्ब ८८ अर्ब राजस्व संकलन, पुँजीगत खर्च एकतिहाइ पनि पुगेन

■ पछिल्लो दुई वर्षमा विभिन्न शीर्षकअन्तर्गत भएको राजस्व संकलन

| सि. नं. | कर शीर्षक | ०८१/८२ वैशाख ३१ सम्म | ०८२/८३ वैशाख ३१ सम्म | वृद्धि (%) |
|---|---|---|---|---|
| १ | भन्सार महसुल | १ खर्ब ८४ अर्ब ४५ करोड | १ खर्ब ९८ अर्ब ११ करोड | ७.४% |
| २ | मूल्य अभिवृद्धि कर | २ खर्ब ६९ अर्ब ६० करोड | २ खर्ब ९७ अर्ब ९७ करोड | १०.५% |
| | उत्पादन, बिक्री, सेवा | १ खर्ब १३ अर्ब २९ करोड | १ खर्ब २२ अर्ब २१ करोड | ७.९% |
| | आयात | १ खर्ब ५६ अर्ब ३० करोड | १ खर्ब ७५ अर्ब ७५ करोड | १२.४% |
| ३ | अन्तःशुल्क | १ खर्ब ४२ अर्ब ४१ करोड | १ खर्ब ५७ अर्ब ९० करोड | १०.९% |
| | आन्तरिक उत्पादन | १ खर्ब ५ अर्ब ५८ करोड | १ खर्ब १६ अर्ब ९९ करोड | १०.८% |
| | आयात | ३६ अर्ब ८२ करोड | ४० अर्ब ९१ करोड | ११.१% |
| ४ | शिक्षा सेवा शुल्क | ३ अर्ब ३८ करोड | ५ अर्ब २५ करोड | ५५.५% |
| ५ | आयकर | २ खर्ब २९ अर्ब ८ करोड | २ खर्ब ३४ अर्ब ३१ करोड | २.३% |
| | अन्य आयकर | २ खर्ब ७९ करोड | २ खर्ब ९ अर्ब ७७ करोड | ४.५% |
| | ब्याज कर | २८ अर्ब २९ करोड | २४ अर्ब ५४ करोड | -१३.३% |
| ६ | कर राजस्व जम्मा | ८ खर्ब २८ अर्ब ९४ करोड | ८ खर्ब ९३ अर्ब ५६ करोड | ७.८% |
| ७ | गैरकर जम्मा | ९३ अर्ब ४९ करोड | ९४ अर्ब ९८ करोड | १.६% |
| | कुल राजस्व जम्मा | ९ खर्ब २२ अर्ब ४३ करोड | ९ खर्ब ८८ अर्ब ५५ करोड | ७.२% |

*स्रोत : अर्थ मन्त्रालय*

■ ब्याजकरबाहेक सबै राजस्व शीर्षकमा सुधार, गत वर्षको भन्दा ७.२ प्रतिशत वृद्धि, तर लक्ष्यको तुलनामा ८४.७३ प्रतिशत मात्रै

■ संकलित राजस्वमध्ये प्रदेश र स्थानीय तहमा एक खर्ब २५ अर्ब ३६ करोड रुपैयाँ बाँडफाँट, आठ खर्ब ६८ अर्ब ८९ करोड रुपैयाँ संघीय खातामा

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को १० महिनामा नौ खर्ब ८८ अर्ब ५५ करोड २३ लाख रुपैयाँ राजस्व संकलन भएको छ। यो गत आव ०८१/८२ को सोही अवधिको तुलनामा ७.२ प्रतिशतले वृद्धि हो। गत आवको सोही अवधिमा नौ खर्ब २२ अर्ब ४३ करोड राजस्व उठेको थियो।

अर्थ मन्त्रालयका अनुसार वैशाखमा मात्र एक खर्ब दुई अर्ब २६ करोडको राजस्व उठेको छ। गत आवको वैशाखमा भने ९१ अर्ब ६ करोड मात्रै उठेको थियो। चालू आवको १० महिनाको संकलित राजस्व लक्ष्यको तुलनामा भने ८४.७३ प्रतिशत मात्र हो। सरकारले यस अवधिमा ११ खर्ब ७३ अर्ब ४५ करोडको राजस्व उठाउने लक्ष्य लिएको थियो।

वैशाखसम्मको राजस्व संकलनमा प्रदेश र स्थानीय तहमा एक खर्ब २५ अर्ब ३६ करोड रुपैयाँ बाँडफाँट हुने अर्थ मन्त्रालयले जनाएको छ। आठ खर्ब ६८ अर्ब ८९ करोड रुपैयाँ संघीय सरकारको राजस्वका रूपमा रहने उल्लेख छ। बाँडफाँट हुनेमा रोयल्टीबापत दुई अर्ब ५९ करोड ४८ लाख, भ्याटबापत ८९ अर्ब ३९ करोड १० लाख र अन्तःशुल्कबापत ३३ अर्ब ३८ करोड १७ लाख पर्छन्।

ब्याज आम्दानीबापत उठ्ने आयकर संकलन खस्किए पनि राजस्वका सबै शीर्षकमा सुधार देखिएको छ। निक्षेप थुप्रिँदै गएर निक्षेपमा दिने ब्याजदर घटाइरहेका बैंकहरूको ब्याज खर्च भने बढ्दै गइरहेको छ। ब्याज आम्दानी घटेपछि त्यसबापत उठ्ने आयकर (ब्याजकर) १३.३ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको १० महिनामा २८ अर्ब २९ करोड ८६ लाख ब्याजकर उठेकोमा चालू आवको सोही अवधिमा २४ अर्ब ५४ करोड १३ लाख मात्रै उठेको छ।

## ■ २.३४ खर्ब आयकर संकलन

आयकरबापत २.३ प्रतिशत वृद्धि भई दुई खर्ब ३४ अर्ब संकलन भएको छ। गत आवको सोही अवधिमा आयकर दुई खर्ब २९ अर्ब उठेको थियो।

## ■ भन्सारबाट उठ्यो १.९८ खर्ब

भन्सार महसुल संकलनमा ७.४ प्रतिशतको वृद्धि भएको छ। १० महिनामा भन्सार महसुलबाट एक खर्ब ९८ अर्ब संकलन भएको छ। गत आवको सोही अवधिमा एक खर्ब ८४ अर्ब ४५ करोड मात्रै उठेको थियो।

## ■ इन्धनको भाउ घटाउन खोज्दा दर घट्यो

पेट्रोलियम पदार्थमा लाग्दै आएको पूर्वाधार कर संकलन भने घटेको छ। चालू आवको १० महिनामा पूर्वाधार कर संकलन १६ अर्ब ७६ करोड ४३ लाख रुपैयाँ छ। गत आवको सोही अवधिमा १७ अर्ब १७ करोड २५ लाखको पूर्वाधार कर संकलन भएको थियो। अर्थात्, २.३८ प्रतिशतले पूर्वाधार कर संकलनमा वृद्धि भएको छ। त्यस्तै, सडक निर्माण तथा सम्भार दस्तुर संकलन पनि घटेको छ। गत आवको १० महिनाको तुलनामा ३.८४ प्रतिशतले घटेको छ। चार अर्ब दुई करोड मात्रै यस्तो दस्तुर संकलन भएको छ। गत आवको सोही अवधिमा चार अर्ब १८ करोड संकलन भएको थियो।

## ■ २७.९१ प्रतिशत मात्रै पुँजीगत खर्च

आर्थिक वर्ष सकिन दुई महिना मात्रै बाँकी रहँदा विनियोजितमध्ये एकतिहाइ पनि पुँजीगत खर्च भएको छैन। महालेखा नियन्त्रकको कार्यालयका अनुसार चालू आर्थिक वर्ष ०८२/८३ को १० महिनामा २७.९१ प्रतिशत मात्रै पुँजीगत खर्च भएको छ। चार खर्ब सात अर्ब पुँजीगत खर्च गर्ने वार्षिक विनियोजनमध्ये एक खर्ब १३ अर्ब मात्रै खर्च भएको छ।

२३ र २४ भदौको जेन-जी आन्दोलनपछिको राजनीतिक अस्थिरताका कारण विकास निर्माण सुस्त हुँदा पुँजीगत खर्च हुन नसकेको हो। चालू खर्च विनियोजनको ६८.९८ प्रतिशत छ। ११ खर्ब ८० अर्बको चालू बजेट रहेकोमा आठ खर्ब १४ अर्ब खर्च भएको छ। ऋणको साँवा-ब्याज भुक्तानीमा दुई खर्ब ४५ अर्ब खर्च भएको छ। कुल बजेट खर्च ११ खर्ब ७३ अर्ब ५२ करोड छ। यसरी भएको खर्च कुल बजेट १९ खर्ब ६४ अर्ब ११ करोडको ५९.७५ प्रतिशत हो।

## ■ भ्याट संकलनमा सुधार

सरकारी भुक्तानी बढ्दा मूल्य अभिवृद्धि कर (भ्याट) संकलनमा उल्लेख्य सुधार देखिएको छ। कुल भ्याट संकलन १०.५२ प्रतिशतले बढेको छ। १० महिनामा दुई खर्ब ९७ अर्ब ९७ करोडको भ्याट उठेको छ। गत आवको सोही अवधिमा दुई खर्ब ६९ अर्ब ६० करोडको भ्याट उठेको थियो।




## ■ अन्तःशुल्क १०.८८ प्रतिशतले वृद्धि

चालू आवको १० महिनामा एक खर्ब ५७ अर्ब ९० करोड अन्तःशुल्क करबापत संकलन भएको छ। यो गत आवको सोही अवधिको तुलनामा १०.८८ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा एक खर्ब ४२ अर्ब ४१ करोडको अन्तःशुल्क उठेको थियो।

समीक्षा अवधिमा अन्य आयकरबापत दुई खर्ब नौ अर्ब ७७ करोडको अन्य आयकर संकलन भएको छ। गत आवको सोही अवधिमा दुई खर्ब ७९ करोड संकलन भएको थियो।

## ■ विद्यार्थीबाट सवा पाँच अर्ब राजस्व

सरकारले शिक्षा सेवा शुल्कबापत पाँच अर्ब २५ करोडको राजस्व उठाएको छ। यसमा उच्च शिक्षाका लागि विदेश जाने विद्यार्थीले तिर्ने शुल्कको योगदान उच्च छ। यो गत आवको सोही अवधिको तुलनामा ५५.५३ प्रतिशतले बढी हो। गत आवको सोही अवधिमा तीन अर्ब ३८ करोडको यस्तो शुल्क उठाएको थियो।

# सरकारको स्वीकृतिविना ३५ परियोजनामा प्राधिकरणको ५६ अर्ब सेयर लगानी

नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ अनुसार प्राधिकरणले परियोजनामा सेयर लगानी गर्दा साधारणसभाबाट पारित गर्ने वा नेपाल सरकारको स्वीकृति लिनुपर्छ, तर ०४१ सालमा स्थापना भएको प्राधिकरणको हालसम्म एउटा पनि साधारणसभा भएको छैन

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

शतप्रतिशत सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणले सरकारको स्वीकृतिविना ठुलो रकम सहायक कम्पनीहरूमा सेयर लगानी गरेको देखिएको छ। महालेखा परीक्षकको कार्यालयले शुक्रबार सार्वजनिक गरेको ६३औँ प्रतिवेदनमा प्राधिकरणले सरकारको स्वीकृतिविना ३५ परियोजनामा ५६ अर्ब आठ करोड ६० लाख रुपैयाँबराबरको सेयर लगानी गरेको देखिएको हो।

नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ५ (क) अनुसार प्राधिकरणले परियोजनामा सेयर लगानी गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्छ। 'साधारणसभाको व्यवस्था भएपछि साधारणसभाले पारित गरेबमोजिम र साधारणसभाको व्यवस्था नभएसम्म नेपाल सरकारको स्वीकृति लिई प्राधिकरणले विद्युत्सँग सम्बन्धित उद्योगहरूको सेयर खरिद गर्न सक्नेछ,' ऐनमा भनिएको छ।

०४१ मै स्थापना भएको प्राधिकरणले हालसम्म साधारणसभा गर्न सकेको छैन। त्यो अवस्थामा प्राधिकरणले सरकारको अनुमति लिएर मात्रै विद्युत्सम्बन्धी परियोजनामा सेयर लगानी गर्न सक्छ। तर, प्राधिकरणले सरकारको अनुमति नलिई ५६ अर्बभन्दा बढी लगानी गरेको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

'नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ५ (क) अनुसार सेयर लगानी गर्दा नेपाल सरकारको स्वीकृति लिनुपर्छ। नेपाल विद्युत् प्राधिकरणले नेपाल सरकारको स्वीकृतिबेगर ३५ निकाय (सब्सिडिएरी, एसोसिएट तथा अन्य)मा ५६ अर्ब आठ करोड ६० लाखबराबरको सेयर लगानी गरेको छ,' प्रतिवेदनमा भनिएको छ।

प्राधिकरणले जलविद्युत् लगानी तथा विकास कम्पनी लिमिटेड (एचआईडिसिएल), विद्युत् उत्पादन कम्पनी, राष्ट्रिय प्रसारण ग्रिड कम्पनीसहित सहायक कम्पनीमार्फत चार सय ५६ मेगावाटको माथिल्लो तामाकोशीलगायतका परियोजनामा सेयर लगानी गर्दै आएको छ। त्यस्तै, गण्डकी प्रदेशका दुई मन्त्रालयबाट नेपाल सरकारको स्वीकृति नलिई ३८ करोड १३ लाख रुपैयाँबराबरको रकम प्राप्त गरेको पनि प्रतिवेदनमा उल्लेख छ।

प्राधिकरणका निमित्त कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले सञ्चालक समितिको निर्णयबाट सहायक कम्पनी तथा परियोजनामा सेयर लगानी गर्दै आएको बताए। 'महालेखाले औँल्याएको विषय एकपटक हेर्नुपर्छ होला। मन्त्रिपरिषद्बाटै नै स्वीकृति लिनुपर्ने हो कि अन्य निकायबाट लिए पनि हुने हो ? त्यस विषयमा पनि एकपटक बुझ्नुपर्छ,' उनले भने, 'तर, प्राधिकरणले हालसम्म सञ्चालक समितिबाट स्वीकृति लिएर विभिन्न कम्पनी तथा परियोजनामा सेयर लगानी गर्दै आएको छ। मन्त्रिपरिषद्मा यससम्बन्धी एजेन्डा गएको जस्तो लाग्दैन। सञ्चालक समितिमा ऊर्जामन्त्री अध्यक्ष हुने व्यवस्था छ। यसैगरी, अर्थसचिव र ऊर्जासचिव पनि सञ्चालक हुने व्यवस्था छ। उहाँहरू पनि आफैंमा सरकार नै हो। सोहीअनुसार सञ्चालक समितिबाट निर्णय गराएर लगानी गर्दै आएका छौं।'



## विद्युत् प्राधिकरणका निमित्त कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठ भन्छन्-



महालेखाले औँल्याएको विषय एकपटक हेर्नुपर्छ होला। मन्त्रिपरिषद्बाटै नै स्वीकृति लिनुपर्ने हो कि अन्य निकायबाट लिए पनि हुने हो ? त्यस विषयमा पनि एकपटक बुझ्नुपर्छ। तर, प्राधिकरणले हालसम्म सञ्चालक समितिबाट स्वीकृति लिएर विभिन्न कम्पनी तथा परियोजनामा सेयर लगानी गर्दै आएको छ। मन्त्रिपरिषद्मा यससम्बन्धी एजेन्डा गएको जस्तो लाग्दैन। सञ्चालक समितिमा ऊर्जामन्त्री अध्यक्ष हुने व्यवस्था छ। यसैगरी, अर्थसचिव र ऊर्जासचिव पनि सञ्चालक हुने व्यवस्था छ। उहाँहरू पनि आफैंमा सरकार नै हो। सोहीअनुसार सञ्चालक समितिबाट निर्णय गराएर लगानी गर्दै आएका छौं।'

## सरकारको स्वीकृतिविना नै सहायक कम्पनीमा सञ्चालक

प्राधिकरणले सरकारको स्वीकृतिविना सहायक कम्पनीमा आफ्ना कार्यकारी निर्देशक तथा अन्य कर्मचारीलाई सञ्चालक नियुक्ति गरेको पनि देखिएको छ। प्राधिकरणले आफ्नो बहुमत सेयर भएको सहायक कम्पनीमा कार्यकारी निर्देशकलाई अध्यक्ष र सेयर स्वामित्व भएका अन्य कम्पनीमा सञ्चालकका रूपमा पठाउने गर्छ। कतिपय अवस्थामा प्राधिकरणले आफ्ना कर्मचारीलाई पनि सञ्चालकका रूपमा पठाउने गर्छ। तर, त्यसमा सरकारबाट अनुमति नलिएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

यस्तै, एक कर्मचारीलाई एकभन्दा बढी सहायक कम्पनीमा सञ्चालक बनाएको विषय पनि महालेखाले औँल्याएको छ। 'प्राधिकरणका कार्यकारी निर्देशकलगायतका कर्मचारीलाई सञ्चालकका रूपमा एकभन्दा बढी सहायक कम्पनीमा प्रतिनिधित्व गराएको देखिन्छ। यसरी सञ्चालक नियुक्ति गर्दा नेपाल सरकारको स्वीकृति लिएको देखिएन,' प्रतिवेदनमा भनिएको छ।

## व्यावसायिक योजनासहित पिपिए गर्न जोड

महालेखाले नेपाल विद्युत् प्राधिकरणलाई व्यावसायिक योजनासहित ऊर्जा परियोजनासँग विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए) गर्न जोड दिएको छ। अहिले बर्खामा विद्युत् खेर जाने र हिउँदमा आयात गर्नुपर्ने बाध्यता छ। त्यस विषयलाई समेत ध्यानमा राखेर व्यावसायिक विद्युत् योजनासहित पिपिए गर्नुपर्ने महालेखाको भनाइ छ।

'विशेषगरी सुक्खा महिनाहरूमा आयातित विद्युत्मा निर्भरता रहेको र रन अफ रिभर प्रकृतिका परियोजनाबाट उत्पादित विद्युत् वर्षायाममा खेर गई प्राधिकरणलाई घाटा भइरहेकाले उक्त विषयलाई समेत ध्यान दिई व्यावसायिक विद्युत् योजनासहित विद्युत् खरिद सम्झौता गर्नुपर्छ।'

महालेखाको प्रतिवेदनअनुसार हाल प्राधिकरणमा दुई सय ५३ स्वतन्त्र ऊर्जा उत्पादकसँग १६ हजार २७ मेगावाट विद्युत् खरिद सम्झौताको प्रक्रियामा रहेको छ। नेपालमा अधिकांश जलविद्युत् परियोजना नदी प्रवाह (आरओआर)मा आधारित छन्। ती परियोजनाबाट बर्खामा पूर्ण क्षमतामै विद्युत् उत्पादन गर्न सकिन्छ। तर, त्यसअनुसार खपत तथा निर्यात गर्न नसक्दा विद्युत् खेर जाने गरेको छ। तर, हिउँदमा ती परियोजनाबाट विद्युत् उत्पादन कम हुन्छ, जुनवेला भारतबाट आयात गर्नुपर्छ। यो अवस्थामा अब व्यावसायिक योजनासहित पिपिए गर्नुपर्नेमा महालेखाले जोड दिएको छ। साथै, जलाशययुक्त परियोजना निर्माणमा पनि जोड दिनुपर्ने विज्ञहरू बताउँछन्।

## वास्तविक विद्युत् उत्पादन कम, प्राधिकरणलाई एक अर्ब २२ करोड व्ययभार

यस्तै, समीक्षा वर्ष ०८१/८२ मा अनुमान गरेभन्दा कम विद्युत् उत्पादन भएको पनि देखिएको छ। विद्युत् उत्पादकहरूले मासिक रूपमा विद्युत् उत्पादनको अनुमानित विवरण प्राधिकरणलाई पेस गर्नुपर्छ। तर, त्यसअनुसार विद्युत् उत्पादन हुने नगरेको महालेखाको भनाइ छ। समीक्षा वर्षमा २६ करोड ८८ लाख किलोवाट-घण्टा विद्युत् उत्पादन घाटा लागेको प्रतिवेदनमा उल्लेख छ।

'यस वर्षका लागि गरिएको योजना र वास्तविक विद्युत् उत्पादनको तुलना गर्दा अधिकांश महिनामा योजनाभन्दा उत्पादन कम भएको कारण प्राधिकरणलाई करिब २६ करोड ८८ लाख किलोवाट-घण्टा विद्युत् उत्पादन घाटा भएको देखिन्छ। उत्पादनमा कमी भएका कारण एक मित्रराष्ट्रबाट थप विद्युत् आयात गर्दा प्राधिकरणलाई सोका लागि अनुमानित एक अर्ब २२ करोड ७९ लाख व्ययभार परेको छ,' प्रतिवेदनमा भनिएको छ।

# उदयपुरमा १४७ पसलमा अनुगमन

**उदयपुर**/ जिल्ला प्रशासन कार्यालय उदयपुरले पछिल्लो ६ महिनामा जिल्लाका विभिन्न बजार क्षेत्रका एक सय ४७ वटा पसल तथा फर्ममा अनुगमन गरेको छ। उपभोक्ताको स्वास्थ्य सुरक्षा, बजारमा मूल्य स्थिरता तथा व्यवसायलाई व्यवस्थित बनाउने उद्देश्यले १८ पटक संयुक्त बजार अनुगमन सञ्चालन गरिएको प्रशासनले जनाएको छ।

उदयपुरका सहायक प्रमुख जिल्ला अधिकारी विक्रम पाण्डेयको नेतृत्वमा गरिएको अनुगमन गाईघाट, कटारी, नेपालटार, बेल्टार, हडिया, शिवाई र रामपुरलगायतका व्यापारिक केन्द्रमा केन्द्रित थियो। बजारमा म्याद गुज्रेका खाद्य वस्तु बिक्री, अखाद्य सामग्रीको कारोबार, कृत्रिम अभाव तथा अनुचित मूल्यवृद्धिबारे गुनासो बढेपछि निगरानी कडा पारिएको प्रशासनले जनाएको छ।

पाण्डेयका अनुसार उपभोक्तालाई सुरक्षित तथा गुणस्तरीय वस्तु उपलब्ध गराउने र व्यवसायलाई कानुनी दायराभित्र ल्याउने उद्देश्यले नियमित अनुगमन गरिएको हो।

## ■ न्युरोडमा वडा महोत्सव



काठमाडौंको न्युरोडमा शनिबार भएको २२ वडा महोत्सवमा सहभागीको भिड। महोत्सवमा स्थानीय परिकार, कला-संस्कृति, हस्तकला, घरेलु उत्पादनहरू, तयारी कपडा, जुत्ता, झोला, मोबाइल र विद्युतीय सामानसम्बन्धी दुई सयभन्दा बढी स्टल राखिएका थिए। तस्बिर : **नयाँ पत्रिका**

# वैशाखमा साढे तीन अर्बको वैदेशिक लगानी प्रतिबद्धता

**नयाँ पत्रिका**

चालू आर्थिक वर्ष (आव) ०८२/८३ को वैशाखमा तीन अर्ब ५२ करोड ३० लाख २२ हजारबराबरको वैदेशिक लगानी प्रतिबद्धता आएको देखिएको छ। वैशाखमा एक सय १३ परियोजनामा सोबराबरको लगानी प्रतिबद्धता आएको उद्योग विभागको तथ्यांक छ। यो चालू आवको असोजयताकै उच्च हो।

यद्यपि, गत आवको वैशाखको तुलनामा भने कम हो। गत आवको वैशाखमा नौ अर्ब नौ करोड २२ लाखको वैदेशिक लगानी आएको थियो। तथ्यांकअनुसार चालू आवको साउनमा एक सय २७ परियोजनामा २४ अर्ब १० करोड, भदौमा एक सय नौ परियोजनामा आठ अर्ब ९८ करोडको प्रतिबद्धता आएको थियो। भदौ २३ र २४ को आन्दोलनले त्यसपछि भने यस्तो लगानी प्रतिबद्धता न्यून आउन थाल्यो। तथ्यांकअनुसार असोजमा ७५ परियोजनामा दुई अर्ब चार करोड, कात्तिकमा ७१ परियोजनामा एक अर्ब ५४ करोड, मंसिरमा ५६ परियोजनामा एक अर्ब ९१ करोड ४९ लाखको प्रतिबद्धता आएको थियो। त्यसपछि पुसमा ३९ परियोजनामा ५९ करोड ९५ लाख, माघमा ४९ परियोजनामा एक अर्ब चार करोड ७२, फागुनमा ३० परियोजनामा ३८ करोड र चैतमा ६१ परियोजनामा एक अर्ब १२ करोडको लगानी प्रतिबद्धता आएको विभागको तथ्यांक छ।

चालू आवको १० महिनामा सात सय २८ परियोजनामा ४५ अर्ब ३२ करोड १६ लाख तीन हजार रुपैयाँ वैदेशिक लगानी प्रतिबद्धता आएको छ। यो संख्याका आधारमा गत आवको यसै अवधिको तुलनामा बढी हो। गत आवको १० महिनामा पाँच सय ७६ परियोजनामा वैदेशिक लगानी प्रतिबद्धता आएको थियो। रकमका आधारमा भने कम हो।

गत आवको १० महिनामा ५७ अर्ब ६ करोड ७६ लाख ७३ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको थियो। गत आवभर भने आठ सय ४० परियोजनामा ६४ अर्ब ९६ करोड ५१ लाख ४३ हजार रुपैयाँ लगानी प्रतिबद्धता आएको थियो।

समीक्षा अवधिमा कृषि क्षेत्रमा सबैभन्दा धेरै २२ अर्ब आठ करोड ८० लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ। १६ परियोजनामा सोबराबरको लगानी प्रतिबद्धता आएको हो। यस्तै, पर्यटनमूलक क्षेत्रका एक सय ८९ परियोजनामा १२ अर्ब ५४ करोड ७० लाख ५० हजार रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ। यस्तै, सेवा क्षेत्रका ५५ परियोजनामा चार अर्ब २३ करोड २४ लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ। यस्तै, उत्पादनमूलक क्षेत्रका ४२ परियोजनामा दुई अर्ब ७० करोड ६६ लाख ४४ हजार रुपैयाँ, ऊर्जाका दुई परियोजनामा २३ करोड ४२ लाख ५० हजार रुपैयाँ, खनिज दुई परियोजनामा ११ करोड ५० लाख रुपैयाँ र पूर्वाधारको एक परियोजनामा एक अर्ब ६५ करोड ४४ लाख २२ हजार रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ।

■ तथ्यांकमा वैदेशिक लगानी प्रतिबद्धता

| आव | ०८१/८२ | | ०८२/८३ | |
|---|---|---|---|---|
| महिना | परियोजना | प्रतिबद्धता रकम | परियोजना | प्रतिबद्धता रकम |
| साउन | ९० | ९ अर्ब १५ करोड २५ लाख | १२७ | २४ अर्ब १० करोड ५० लाख |
| भदौ | ५९ | ३ अर्ब ८३ करोड २४ लाख | १०९ | ८ अर्ब ९८ करोड ७० लाख |
| असोज | ५५ | ३ अर्ब ४५ करोड ६३ लाख | ७५ | २ अर्ब ४ करोड ५७ लाख |
| कात्तिक | ५९ | २ अर्ब २२ करोड ३७ लाख | ७१ | १ अर्ब ५४ करोड ३९ लाख |
| मंसिर | ५६ | २ अर्ब ११ करोड २२ लाख | ५६ | १ अर्ब ९१ करोड ४९ लाख |
| पुस | ३५ | ४ अर्ब ९९ करोड ९१ लाख | ३९ | ५९ करोड ९५ लाख |
| माघ | ३२ | १ अर्ब ६ करोड ५२ लाख | ४९ | १ अर्ब ४ करोड ७२ लाख |
| फागुन | ४० | १७ अर्ब ७९ करोड ८६ लाख | ३० | ३८ करोड ६० लाख |
| चैत | ५३ | १३ अर्ब ३१ करोड ५१ लाख | ६१ | १ अर्ब १२ करोड ९२ लाख |
| वैशाख | ९७ | ९ अर्ब ९ करोड २२ लाख | ११३ | ३ अर्ब ५२ करोड ३० लाख |

# आठ महिना पुग्ने चिनीको मौज्दात

## आपूर्ति सहज गराउन मन्त्रालयको सक्रियता, सुलभ मूल्यमा नियमित आपूर्ति गर्ने चिनी उद्योगीको प्रतिबद्धता

**नयाँ पत्रिका**

नेपालमा आठ महिनाको माग धान्ने चिनी मौज्दात रहेको देखिएको छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले संकलन गरेको तथ्यांकले सरकारी संस्थान तथा निजी क्षेत्रसँग रहेको चिनीले आठ महिनाको माग धान्ने देखाएको हो।

भारतले हालै चिनीको निर्यातमा रोक लगाएपछि आपूर्तिमा समस्या हुने जोखिम देखिएको भन्दै उपभोक्ता तथा सरोकारवालाले सरकारको ध्यानाकर्षण गराएका थिए। मन्त्रालले यस विषयमा आफ्नो ध्यानाकर्षण भएको र आमउपभोक्ताको हित, बजार मूल्यको स्थिरता तथा चिनीको सहज उपलब्धतालाई प्राथमिकतामा राखी आवश्यक कार्य गरिरहेको जनाएको हो।

मन्त्रालयका प्रवक्ता नेत्रप्रसाद सुवेदीले शुक्रबार विज्ञप्ति जारी गर्दै तत्काललाई आपूर्ति सहजीकरण तथा अनुगमन गर्नेदेखि दीर्घकालमा आत्मनिर्भर हुने गरी काम थालिएको बताएका छन्। 'नेपालका चिनी उद्योगहरूबाट उत्पादन भई र हालसम्म आयात भई खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडलगायतसँग करिब आठ महिनाको माग पूरा गर्ने चिनीको मौज्दात रहेको छ,' विज्ञप्तिमा उल्लेख छ। यस विषयमा उद्योगमन्त्री गौरी कुमारीले चिनी उद्योगीसँग समेत छलफल गरेको मन्त्रालयले जनाएको छ। छलफलमा सहभागी उद्योगीहरूले बजारमा चिनीको सहज तथा सुलभ मूल्यमा नियमित आपूर्ति गर्न प्रतिबद्धता जनाएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले मातहत निकायबाट बजार अनुगमन, आपूर्ति व्यवस्थापन तथा निकायगत तथा तहगत समन्वयलाई थप प्रभावकारी बनाउने भएको छ। बजारमा कृत्रिम अभाव, कालोबजारी, अनुचित मौज्दात तथा अस्वाभाविक मूल्यवृद्धि हुन नदिन नियमित निगरानी गरी त्यस्ता गतिविधि नियन्त्रण गर्न प्रचलित कानुनको कडाइका साथ कार्यान्वयनको व्यवस्था गर्ने विज्ञप्तिमा उल्लेख छ। 'दीर्घकालीन रूपमा चिनीमा आत्मनिर्भरताका लागि चिनी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न सरकार आन्तरिक उत्पादनलगायतका बहुपक्षीय प्रयासमा रहेको समेत जानकारी गराइन्छ,' विज्ञप्तिमा भनिएको छ।

## 'इभीको मोटर क्षमता परीक्षणका लागि मापदण्ड आवश्यक'

**काठमाडौं**/ विद्युतीय सवारीसाधन (इभी)को मोटर क्षमता परीक्षण तथा प्रमाणीकरणका लागि स्पष्ट राष्ट्रिय प्राविधिक मापदण्ड बनाउन अटोमोबाइल व्यवसायीले माग गरेका छन्। उनीहरूले प्राविधिक मापदण्ड र संस्थागत परीक्षण प्रणाली आवश्यक भएको औंल्याएका हुन्।

नेपाल अटोमोबाइल इम्पोर्टर्स एन्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा)ले शनिबार एक विज्ञप्ति जारी गर्दै मापदण्ड र परीक्षणसम्बन्धी एकीकृत कार्यविधि आवश्यक पर्ने औंल्याएको हो। नाइमाले यसअघि अर्थमन्त्री, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री, भौतिक पूर्वाधार तथा यातायातमन्त्रीलाई समेत इभी मोटर क्षमता परीक्षण, प्रमाणीकरण तथा प्राविधिक मूल्यांकनसम्बन्धी विषयमा स्पष्ट, व्यावहारिक र एकरूप व्यवस्था आवश्यक रहेको धारणासमेत राख्दै आएको छ।

यसै सन्दर्भमा नाइमाले इभी मोटर क्षमताबारे पछिल्लो समय भइरहेका टिप्पणी, चर्चाप्रति आफ्नो ध्यानाकर्षण भएको जनाएको छ। नाइमाका अनुसार नेपालमा आयात भइरहेका इभी अन्तर्राष्ट्रिय मान्यताप्राप्त उत्पादक कम्पनीले जारी गरेका आधिकारिक प्राविधिक विवरण, परीक्षण प्रतिवेदन तथा प्रमाणीकरण प्रक्रियाका आधारमा आयात हुँदै आएका छन्।


'विश्व ओटोमोबाइल उद्योगमा एउटै मोडेलका सवारीसाधन विभिन्न देश, नियामकीय संरचना तथा बजार आवश्यकताअनुसार फरक-फरक प्राविधिक स्पेसिफिकेसनमा उत्पादन हुनु सामान्य अन्तर्राष्ट्रिय अभ्यास हो,' विज्ञप्तिमा भनिएको छ, 'त्यसैले केवल वेबसाइटमा देखिएका विवरण, मोडेल नाम वा बाह्य जानकारीका आधारमा मोटर क्षमतासम्बन्धी निष्कर्ष निकालिनु प्राविधिक रूपमा विश्वसनीय आधार मान्न सकिँदैन।'

यही अस्पष्टताले विभिन्न तहमा भ्रम, अन्योल तथा फरक-फरक व्याख्या उत्पन्न गरिरहेको नाइमाको ठहर छ। इभीको प्राविधिक मूल्यांकन आधिकारिक उत्पादक कम्पनीबाट जारी प्रमाणित विवरण, अन्तर्राष्ट्रिय रूपमा मान्यताप्राप्त परीक्षण निकायका प्रमाणपत्र तथा स्थापित प्राविधिक मापदण्डका आधारमा गरिनुपर्ने माग गरिएको छ। साथै, सम्बन्धित सरकारी निकायबिच एकरूप व्याख्या तथा कार्यान्वयन सुनिश्चित गर्न स्पष्ट प्राविधिक कार्यविधि, परीक्षण पूर्वाधार तथा प्रमाणीकरण प्रणाली तत्काल विकास गरिनु आवश्यक रहेको पनि नाइमाले जनाएको छ।

विद्युतीय सवारी क्षेत्रसँग सम्बन्धित प्राविधिक तथा नीतिगत विषयलाई पर्याप्त अध्ययन, प्रमाणित तथ्य तथा स्थापित अन्तर्राष्ट्रिय अभ्यासका आधारमा नै विश्लेषण गरिनु आवश्यक रहेको नाइमाको धारणा छ।

## मुक्तिनाथका सिइओले गरे पदभार ग्रहण

**काठमाडौं**/ मुक्तिनाथ विकास बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तारा मानन्धरले पदभार ग्रहण गरेका छन्।




सिइओमा नियुक्त मानन्धरले शुक्रबार पदभार ग्रहण गरेका हुन्। मानन्धरसँग विभिन्न वाणिज्य बैंकहरूको उच्च कार्यकारी भूमिकामा रही कार्य गरेको अनुभव छ। पछिल्लो समय उनी डिस मिडिया नेटवर्कमा प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्य गरिरहेका थिए। उनको नेतृत्वले संस्थागत तथा रणनीतिक विकास, सुशासन तथा दिगो बैंकिङ अभ्यासलाई थप प्रभावकारी बनाउने विश्वास बैंकले लिएको जनाएको छ।

नवनियुक्त प्रमुख कार्यकारी अधिकृत मानन्धरले बैंकको दीर्घकालीन लक्ष्य, उच्चस्तरीय ग्राहक सेवा, कर्मचारीको उच्च मनोबल तथा सरोकारवालाले राखेको विश्वासलाई अझ सुदृढ बनाउँदै बैंकलाई नयाँ उचाइमा पुर्‍याउने प्रतिबद्धता व्यक्त गरे।

## ओप्पो ए-६ सी सार्वजनिक

**काठमाडौं**/ ओप्पोले नयाँ स्मार्टफोन ओप्पो ए-६ सी सार्वजनिक गरेको छ। आकर्षक प्रिमियम डिजाइन, शक्तिशाली सात हजार एमएएच ब्याट्री, एआई प्रविधिमा आधारित फोटोग्राफी सुविधा तथा टिकाउ डिजाइनका साथ यो फोन सार्वजनिक गरिएको कम्पनीले जनाएको छ। लामो समय गेम खेल्न, भिडियो हेर्न,



इन्टरनेट ब्राउज गर्न तथा अन्य दैनिक कार्य गर्न यो फोन उपयुक्त हुने बताइएको छ। साथै, यसमा रिभर्स वायर्ड चार्जिङ सुविधा पनि उपलब्ध छ।

ओपो एछसीको ४/६४ जिबी स्टोरेज भेरियन्टमा पाउन सकिन्छ। यसको प्रारम्भिक मूल्य २० हजार नौ सय ९९ रुपैयाँ तोकिएको कम्पनीले जनाएको छ। त्यसैगरी, ८/१२८ जिबी भेरियन्टको मूल्य ४० हजार नौ सय ९९ रुपैयाँ तोकिएको छ। धेरै स्टोरेज, सहज मल्टिटास्किङ तथा प्रिमियम स्मार्टफोन अनुभव खोज्ने प्रयोगकर्तालाई लक्षित गर्दै यो भेरियन्ट सार्वजनिक गरिएको कम्पनीले जनाएको छ।


# उपकार लघुवित्त वित्तीय संस्था लि.
Upakar Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था

फोन नं. : ०८१-५४२०५३
इमेल : upakar.banke1@gmail.com
recovery.upakar@gmail.com

## ऋण कर्जा भुक्तान/चुक्ता गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/२/३ गते**

यस उपकार लघुवित्त वित्तीय सस्था लि. को विभिन्न शाखाहरूबाट तपसिल बमोजिममा उल्लेखित ऋणीहरूले सामुहिक जमानी वा धितो सुरक्षण राखी कर्जा लिनु भएकोमा कर्जा लिने समयमा यस वित्तीय संस्थासँग गरेको कबुलियतनामा बमोजिम कर्जाको सावाँ, ब्याज लगायतको रकम तिरी बुझाउनु पर्नेमा सो रकम नतिरी शर्त बन्देज उल्लङ्घन गरी कर्जाको भाखा नाघेकोले पटक–पटक मौखिक तथा लिखित एव्म फोन मार्फत अनुरोध गरी तरताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्न ब्यवास्ता गर्नु भएकाले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो कर्जा कारोबार गरेको शाखा कार्यालयमा सर्म्पक राखी यस वित्तीय संस्थाबाट लिएको ऋण कर्जाको तिर्न बाँकी सम्पुर्ण सावाँ र ब्याज भुक्तानी गर्नुहोला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, तथा अन्य ऐन कानुन र यस संस्थासंग गरेको लिखत बमोजिम ऋण तथा जमानत कर्जा समेतलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा सूचिकृत गरिने ब्यहोरा यसै सूचनामार्फत जानकारी गराइन्छ। साथै धितोमा रहेका वा नरहेका चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै ब्यवस्था गरी यस वित्तीय संस्थाको लेना रकम असुल उपर गरिने हुँदा यथाशीघ्र कर्जा चुक्ता गर्न गराउनहुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ।

तपसिल

| ऋणीको विवरण | | | | | | | जमानीको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | ऋणी सदस्यको नाम | हालको ठेगाना | स्थायी ठेगाना : | ना.नं. | पति/बुवाको नाम | ससुरा/बाजेको नाम | जमानीको नाम | स्थायी ठेगाना : | ना.नं. | पति/बुवा : |
| मौरीघाट शाखा | | | | | | | | | | |
| १ | पानमति बोटे | गढवा २ दाङ | गोबरडिहा ५ दाङ | ५२२००१/३४७६ | प्रदिप बोटे | गुरु बोटे | शरद बोटे | गढवा २ दाङ | ५२-०६-७४-०५१५० | चन्द्र बिर बोटे |
| २ | सुरजमति चौधरी | गढवा २ दाङ | सतबरिया १ दाङ | ५२२०११/३०२१ | मान प्रसाद चौधरी | गणेश राज चौधरी | सुनिल थारु कुमाल | गोबरडिहा ४ दाङ | ५२२००१/४१५ | छुनिलाल थारु कुमाल |
| ३ | कमला सुनार | गढवा ५ दाङ | गंगापरस्पुर ६ दाङ | ५२१००२/१२४४ | गोपाल सुनार | इश्वर बहादुर सुनार | गोपाल सुनार | गंगापरसपुर ६ दाङ | ८१९४/५७३ | इश्वर बहादुर सुनार |
| ४ | आरती सुनार | गढवा ५ दाङ | गढवा ४ दाङ | ५२-०६-७४-००५६३ | मुक्त बहादुर सुनार | मंगल सिंह सुनार | मुक्त बहादुर सुनार | मधुवन १ बर्दिया | ५२३००२/५२३ | मंगल सिंह सुनार |
| ५ | सरस्वती सुनार | गढवा ५ दाङ | गढवा ५ दाङ | ५२-०६-७५-०२९७० | रोहित सुनार | राम सिंह सुनार | रोहित सुनार | गंगापरसपुर ६ दाङ | ५२२००२/२३७६ | राम सिंह सुनार |
| ६ | सुमित्रा योगी | गढवा १ दाङ | गोबरडिहा ३ दाङ | ५२३००१/१२१५ | लालुनाथ योगी | डिला नाथ योगी | खिम कुमारी गिरी | गोबरडिहा ३ दाङ | २९१३/२४९९ | तुलाधर गिरि |
| ७ | खिमा घिमिरे | राप्ती ५ दाङ | सिसिहनिया ७ दाङ | ५२२००८/३२४६ | बसन्त घिमिरे | मान बहादुर घिमिरे | कुच्चे घिमिरे | सिसिहनिया ७ दाङ | ५२३००८/९०० | टोप बहादुर घिमिरे |
| सितलाबजार | | | | | | | | | | |
| ८ | किशोर प्रसाद बसौला | बढैयाताल ७ पचासा | पटिहानी २ चितवन | २९४०/०३५ | कुविर दत्त बसौला | पदम दत्त बसौला | रबिना चौधरी | बढैयाताल ७ पचासा | ६५-०६-७८-००१६४ | पुनिराम थारु |
| ९ | गंगा श्रेष्ठ | बढैयाताल ७ पचासा | जगदपुर ०८ चितवन | १४८७९ | इशवर कुमार श्रेष्ठ | शिब कुमार श्रेष्ठ | ईश्वर बहादुर श्रेष्ठ | बढैयाताल ७ पचासा | ८५२ | शिव कुमार श्रेष्ठ |
| १० | दिलमाया दर्जि | गुलरीया ११ टेशनपुर | कालिका ५ बर्दिया | ६५१००९/१०४० | भिम बहादुर दर्जी | चुरे बहादुर दजी | भिम बहादुर दर्जी | बढैयाताल ९ गणेशपुर | ६५२९६९ | चुरे बहादुर दर्जि |
| ११ | सुमित्रा न्यौपाने | बढैयाताल ८ सितलाबजार | दोडोरा ७ कैलाली | ६७२००४/१३९३२ | विकाश अर्याल | सीताराम अर्याल | चेत नाथ अर्यल | बढैयाताल ८ सितलाबजार | ६५१००९/५९ | चेत नाथ अर्यल |
| १२ | सारदा बि.क | बढैयाताल ८ सितलाबजार | ताराताल ९ बर्दिया | ६५१००३-१३९ | हिरा बहादुर बि.क. | ठाकुर बहादुर बि.क. | हिरा बहादुर बि.क. | बढैयाताल ८ सितलाबजार | ६५-०१-७७-०१४८७ | हिरा बहादुर बि.क. |
| १३ | लक्ष्मी मगर | गुरलरीया ८ | गुलरिया ८ बर्दिया | २७२१६ | डिल बहादुर मगर | जित बहादुर थापा | सगुन थाप मगर | गुलरिया ८ गुलरिया | ६५-०१-७१-००३२१ | डिल बहादुर मगर |
| १४ | प्रिती श्रष्ठ | गुरलरीया ८ | गुलरिया ८ बर्दिया | ६५३००१-२१९४ | दिपक रामजाली मगर | धन बहादुर रामजाली मगर | आश्रा दहाल क्षेत्री | तेह्रथुम सिम्ले ४ | ०८-०१-७४-०१८१६ | राम बहादुर दहाल क्षेत्री |
| १५ | चन्द्र कुमारी भण्डारी | गुरलरीया ८ | गुलरिया ८ बर्दिया | ३०५२२ | तिलक बहादुर भण्डारी | गणेश बहादुर भण्डारी | ओम भण्डारी | ओम भण्डारी | ६५-०१-७६-०६०२६ | तिलक बहादुर भण्डारी |
| १६ | सृजना हास्मी पनेरु | गुरलरीया ८ | गुलरिया ६ बर्दिया | ६५-०१-७४-०४५८५ | तनविर अहमद | रहिस अहमद | तनबिर अहमद | तनबिर अहमद | ६५३००१/७९७ | रइस अहमद |
| १७ | वसिम अहमद सिद्धिकी | गुरलरीया ८ | गुलरिया ८ बर्दिया | ६५३००१-२२९६ | कैफुलवरा सिद्धिकि | फजल हज | इशाक बाबु पुन | भेरी घ जाजरकोट | ६२-०१-८०-०४३८९ | पदम बहादुर पुन |
| १८ | ओमकुमारी वली | बढैयाताल ३ फुटाहा | जमुनि १ बर्दिया | २५१९५ | अम्मर बहादुर वली | धन बहादुर वली | अम्मर बहादुर वली | बढैयाताल ३ फुटाहा | ९३२ | धन बहादुर वली |
| १९ | मुना पुन | बढैयाताल ३ फुटाहा | जमुनि १ बर्दिया | ६५३०११/५६ | अर्जुन राना | राम बहादुर राना मगर | सुश्री ढांका घर्ती | बढैयाताल ३ फुटाहा | १६३०/९६ | कर्ण घर्ति |
| २० | बिष्णुमाया पौडेल | बढैयाताल ३ फुटाहा | ताराताल ३ बर्दिया | १२५८ | श्री गिरी प्रसाद पौडेल | टीका राम | श्री गिरी प्रसाद पौडेल | बढैयाताल ३ फुटाहा | १३३ | टीका राम |
| रिमझिम शाखा | | | | | | | | | | |
| २१ | उमा बि.सी. | नेपालगंज १८ बाँके | खजुरा २ बाँके | २१९३६ | लाल बहादुर बि.सी. | धरम बुढा क्षेत्री | लाल बहादुर बि.सी. | नेपालगंज १८ बाँके | ६२०५ | धरम बुढा क्षेत्री |
| २२ | कल्पना सुनार | खजुरा १ बाँके | खजुरा १ बाँके | ६६१०३९/३३८ | खगेन्द्र बहादुर विश्वकर्मा | धनसिंह सुनार | नवराज सुनार | खजुरा १ बाँके | ६६-०१-७४-०१९५४ | खगेन्द्र बहादुर विश्वकर्मा |
| २३ | सिमा कमारी राना थापा | खजुरा १ बाँके | खजुरा १ बाँके | १६१२४ | हरिलाल थापा | भक्तविर थापा | कुल बहादुर राना | खजुरा १ बाँके | ४७८४ | राम बहादुर राना |
| २४ | पुस्पा नेपाली | खजुरा २ बाँके | खजुरा २ बाँके | ६५१०१४/१९९६ | नवराज नेपाली | रने दमाई | नवराज नेपाली | खजुरा २ बाँके | ६५३०१४/७६६ | रने दमाई |
| २५ | नविना बुढा क्षेत्री | खजुरा २ बाँके | खजुरा २ बाँके | ६६३०३८/२६२ | हरि बहादुर बुढा क्षेत्री | जित बहादुर बुढा क्षेत्री | हरि बहादुर बुढा क्षेत्री | खजुरा २ बाँके | १२०५७ | जित बहादुर बुढा क्षेत्री |
| समशेरगंज शाखा | | | | | | | | | | |
| २६ | रमेश खनाल | राप्ती सोनारी ८ जिरो बजार | राप्ती सोनारी ८ जिरो बजार | ४३४९।९८२ | निम बहादुर खनाल | अम्मर सिंह खनाल | सविना खनाल राना | राप्ती सोनारी ८ जिरो बजार | ६१०१०।५४२ | चित्र बहादुर राना |
| २७ | मेघराज वली | नेपालगन्ज १२ | बनकटवा ७ बाके | ४०३१ | राम बहादुर वली | शेर बहादुर वली | पुनम के.री | बनकटवा ७ बाँके | ९८१३।२४००।०४४ | बिम बहादुर के.सी |
| २८ | तारा वली | राप्तीसोनारी २ मधुवा | राप्तीसोनारी २ मधुवा | १०१८।६० | डिल्ली बहादुर वली | जयमान वली | कमला बि. क | राप्तीसोनारी २ मधुवा | १७२३ | भिम बहादुर बि.क |
| २९ | सरिता चन्द | राप्तीसोनारी ८ आभरी | राप्तीसोनारी ८ आभरी | ६६-३०-१०।३०२ | नन्द कुमार चन्द | डम्वर बहादुर चन्द | सविना कुमारी चन्द | मदादेवपुरी ७ | ६६-०१-७०-०३३१५ | डम्वर बहादुर चन्द |
| ३० | दिपा बस्नेत | राप्तीसोनारी ८ सम्शेरगन्ज | बनगाड कुपिण्डे ९ सल्यान | २।२०।४००२४ | मान बहादुर बस्नेत | नोखीराम बस्नेत | खड्ग बहादुर बस्नेत, महेश कुमार चलाउने | डुरुवा २ दाङ, कुपिण्डे ९ सल्यान | १६०९-६०५,३०२।१६०८ | चोक बहादुर चलाउने, मिठुलाल सुनार |
| ३१ | साबित्रा कुमारी थारु | राप्तीसोनारी ८ सम्शेरगन्ज | महादेवपुरी ८ बाँके | ६६१०१०।५८८ | सुरेश सुनार | लाल बहादुर सुनार | सुमित्रा सुनार | राप्तीसोनारी ८ सम्शेरगन्ज | २५२८।७०८ | टोरे सुनार |
| ३२ | भावना पुन मगर | राप्तीसोनारी ८ जिरो | बाँफिकोट ६ रुकुम | ५६-०१-७५-०४३४७ | अर्जुन खड्का | गन बदादुर खड्का | अर्जुन खड्का | राप्तीसोनारी ८ जिरो | ६५२०१०-८०८ | गन बदादुर खड्का |
| ३३ | यसोदा डाँगी | राप्ती सोनारी २ कचनापुर | कचनापुर ६ बाँके | ६६१०११।३१ | घनश्याम भण्डारी | लोकेन्द्र बहादुर डाँगी | यमुना कामी | खास कुस्मा ४ | ६६३००९।२०७ | नन्दराम कामी |
| ३४ | बिष्णु शाहा | राप्ती सोनारी ८ जिरो बजार | खलंगा ५ जाजरकोट | २४०२ | लुद्र बहादुर सिन ठकुरी | भिम्बहादुर सिन डकुरी | लुद्र बहादुर सिन ठकुरी | हापुरे ९ दाङ | २३२५।१९०९ | भिम्बहादुर सिन डकुरी |
| ३५ | चित्रा खड्का | राप्ती सोनारी २ कचनापुर | कालापानी १ सुर्खेत | ६६३०११ | चुडामणी खड्का | दिल्ली बहादुर खड्का | चुडामणी खड्का | राप्ती सोनारी २ कचनापुर | १४९५३ | दिल्ली बहादुर खड्का |
| ३६ | रुपा ददेल | राप्ती सोनारी २ पेरानी | मुसिकोट ३ रुकुम | ५६१०२७-१ | तिलक ददेल | शशिराम कामी | तिलक ददेल | रुकुम छिवाङ २ | १२०७१६।२६५१ | शशिराम कामी |
| ३७ | शुष्मा थारु | राप्ती सोनारी २ बाँके | राप्ती सोनारी २ बाँके | ६६-०६-७५-००६१४ | राजु चौधरी | झन्नु थारु | राजु चौधरी | कचनापुर ५ बाँके | ६६१०११।२८४ | झन्नु थारु |
| ३८ | सरस्वती नेपाली | राप्तीसोनारी २ अगैया | कचनापुर १ | ६६३०११।३०३७ | शंकर बादी | कालु बादी | अर्नुन कुमार के.सी | राप्तीसोनारी २ अगैया | १४८(०३५)१८७२ | जय बहादुर खत्री |
| कुशुम्बा शाखा | | | | | | | | | | |
| ३९ | गिता थापा | मधुबन ६ श्रीनगर | सानोश्री ४ | ६५१०१५-३९५ | मुन्सीराम चौधरी | बुधराम थारु | मुन्सीराम चौधरी | ढोढरी १ बर्दिया | ५७६४ | बुधराम थारु |
| ४० | लक्ष्मी सुनार | बानियाभार ५ | बानियाभार ५ जोगीगाउ | ६५३००६/३०४ | विपेन सुनार | अर्जुन कुमार सुनार | विपेन सुनार | बारबर्दिया २ जोगीगाउ | ६५१००६/८२० | अर्जुन कुमार सुनार |
| ४१ | अनिता सुनार | गुलरिया ५ तुलसिपुर | बानियाभार ५ जोगीगाउ | ६५-०१-७०-०६५२५ | सुमन बिक | तिलक बहादुर बि क | रन्जना बि क | गुलरिया ४ तुलसिपुर | ६५-०१-७६-०२४३३ | प्रकाश बि क |
| ४२ | अमृता सुनार | बारबर्दिया २ जोगीगाउ | बानियाभार ५ जोगीगाउ | ६५१००६-९६३ | बिनोद सुनार | अर्जुन कुमार सुनार | सुमन बि क | गुलरिया ५ तुलसिपुर | ६५-०१-७१-०३९४७ | तिलक बहादुर बि क |
| ४३ | जमुना कामी | मधुबन ४ बेलवा | सुर्यपटुवा ३ बर्दिया | ६५-११-७०-००९६३ | चन्द्र बहादुर लोहार | बाबुराम लोहार | बिनोद सुनार | बारबर्दिया २ जोगीगाउ | ६५१००६-९६० | अर्जुन कुमार सुनार |
| ४४ | कमला कसेरा | मधुबन ६ श्रीनगर | सानोश्री ५ बर्दिया | ६५१००२-११५२ | नन्दलाल कसेरा | हरिलाल कसेरा | बालकृष्ण कसेरा | मधुबन ६ श्रीनगर | ६५-०१-७८-००७२० | नन्दलाल कसेरा |
| ४५ | साबित्रा बि क | बारबर्दिया २ जोगीगाउ | बानियाभार ५ जोगीगाउ | ६५१००६-८१९ | बिमल सुनार | अर्जुन कुमार सुनार | अर्जुन कुमार सुनार | बारबर्दिया २ जोगीगाउ | ५८२ | वल बहादुर सुनार |
| ४६ | रिता बि क | मधुबन ८ कुसुम्बा | कालिका ४ बर्दिया | ६५-०१-६९-००४४६ | भरत बि क | कालीमान बिश्वकर्मा | खड्क बहादुर बि क | मधुबन ६ श्रीनगर | २७१०४ | गोप बहादुर कामी |
| ४७ | पार्बती दमाई | मधुबन ५ सात नम्बर | सानोश्री ८ बर्दिया | ६५१००२-१०९० | भिम बहादुर दमाई | गंगा राम दमाई | राजु दमाई | मधबन ५ सात नम्बर | ६५-०१-७३-०८५८७ | भिम बहादुर दमाई |
| ४८ | दिलमाया चौधरी | मधुबन ७ गंगाबस्ती | चितवन | ७९५/०३५ | सुर्य कुमार महतो | डिमरा महतो | सुर्य कुमार महतो | मधुबन ७ गंगाबस्ती | १७०० | डिमरा महतो |
| ४९ | लक्ष्मी घर्ती क्षेत्री | मधुबन ५ कृष्णगर | सानोश्री ५ बर्दिया | ६५३००२/१८१ | तुल बहादुर घर्ती क्षेत्री | बिर बहादुर घर्ती क्षेत्री | तुल बहादुर घर्ती क्षेत्री | मधुबन ५ कृष्णगर | ९८५६ | बिर बहादुर घर्ती क्षेत्री |
| ५० | आशा कुमारी चमार | गुलरिया ३ निकोठीया | गुलरिया ३ निकोठीया | ६५१००१/१५०३ | शिवचरण चमार | छेदन चमार | शिवचरण चमार | गुलरिया ३ निकोठीया | .२/६४०९ | छेदन चमार |
| सुर्पाल शाखा | | | | | | | | | | |
| ५१ | रेखा सेन परियार | रुन्टीगढी गा.पा.९ सखी,रोल्पा | रुन्टीगढी गा.पा.९ सखी,रोल्पा | ५४-०१-७८-०५४४७ | केशव परियार | धन बहादुर दमाई | अमृता नेपाली | रुन्टीगढी गा.पा.९ सखी, रोल्पा | ५४१०३९/५०५ | तिलक बहादुर दमाई |
| सम्भना शाखा | | | | | | | | | | |
| ५२ | बिपना घर्ति मगर | बजैनाथ ६ | खाड. ५ रुकुम | ५६२०११-३८९ | प्रदिप थापा मगर | छबि लाल मगर | प्रदिप थापा मगर | बजैनाथ ६ | ६६-०१-६९-०८६६४ | छबि लाल मगर |
| ५३ | माया शाहि | बजैनाथ ८ | गर्खाकोट २ जाजरकोट | ६२१०६/४३ | बखत बहादुर शाही | मान बहादुर शाही | गंगा देबी ढकाल | बजैनाथ ८ | १४१६२ | कृष्णलाल ढकाल |
| ५४ | उषा कुमारी रोकाया | बजैनाथ ८ | टिटिहिरिया ६ | ६६१०४५ | गणेश बहादुर खड्का | जंगे खड्का | गणेश बहादुर खड्का | बजैनाथ ८ | २१९८ | जंगे खड्का |
| ५५ | सुनिता बुढा | बजैनाथ ८ | टिटिहिरिया ६ | ६६३०४५/११२३ | भक्त बहादुर बुढा | गोरे बुढा क्षेत्री | श्रीमती लालि बुढा | बजैनाथ ८ | १४३७४ | गोरे बुढा |
| ५६ | पुर्णिमा हमाल | बजैनाथ ८ | कोहलपुर ४ बाँके | ६६३०१३/६८६ | नरेन्द्र सिंह ठकुरी | टेकु सिंह ठकुरी | नरेन्द्र सिंह ठकुरी | बजैनाथ ८ | ७८४७ | टेकु सिंह ठकुरी |
| ५७ | भबिसरा खड्का | बजैनाथ ८ | बारबर्दिया ७ | ६५-०१-७४-००४७८ | प्रकाश खड्का | नारायण बहादुर खड्का | पुर्णिमा थारु | बजैनाथ ८ | ६६-०१-७७-०८१९३ | मथुरा थारु |
| ५८ | निरमाया राना | बजैनाथ ८ | राधापुर ३ | ६६-०१-७०-००२३१ | गणेश भण्डारी | भक्त बहादुर भण्डारी क्षेत्री | गणेश भण्डारी | बजैनाथ ८ | ६६-०१-६९-००३२९ | भक्त बहादुर भण्डारी क्षेत्री |
| ५९ | भिमसरा सुनार | बजैनाथ ८ | बनकटवा ५ | ६६-०१-७२-००३६५ | बिजय कुमार सुनार | बिक्रम कुमार सुनार | शान्ति सुनार | बजैनाथ ८ | ६६३०४५/५०६ | बिरबल सुनार |
| मैदान शाखा | | | | | | | | | | |
| ६० | गोमाया थारु | तिलोत्तमा ११ बिजय नगर | मक्रहर गा.बि.स ९ रुपन्देही | ३७ १/२७ | सुरेन्द्र प्रसाद थारु | हरि प्रसाद थारु | बेलीसरा चोहान | देबदह ३ टटेरा | ३७-०२-७२-०१५३५ | धन बहादुर चोहान |
| ६१ | माया गुरुङ | देबदह ५ खैरेनी | देबदह ६ रुपन्देहि | ९६१९ | इमन बहादुर गुरुङ | घन बहादुर गुरुङ | इमन बहादुर गुरुङ | देबदह ५ खैरेनी | ११०५७ | घन बहादुर गुरुङ |
| ६२ | ज्ञान कुमारी रोका | देबदह ५ खैरेनी | सिङा गा.बि.स.४ म्याग्दी | ५११३ | राम बहादुर रोका | शमसेर रोका मगर | राम बहादुर रोका | देबदह ५ खैरेनी | ४९/२४२ | शमसेर रोका मगर |
| ६३ | बिष्णुमाया चौधरी | देबदह ३ टटेरा | देबदह न.पा. ३ रुपन्देही | ३७-०२-७२-०६०९८ | जितेन्द्र चौधरी | रामनी प्रसाद थारु | जितेन्द्र चौधरी | देबदह ३ टटेरा | ३७१००२/३२३३८ | रामनी प्रसाद थारु |
| ६४ | हेमा गुरुङ | देबदह ३ टटेरा | पेलाकोट गा.बि.स ७ स्याङजा | १४/६/०४४ | बिर बहादुर गुरुङ | हर्क बहादुर गुरुङ | बिर बहादुर गुरुङ | तिलोत्तमा ११ भुल्का | ३७-१००/३२२१८ | हर्क बहादुर गुरुङ |
| ६५ | बबिता बगाले मगर | तिलोत्तमा ११ कालिकास्थान | मक्रहर गा.बि.स ८ रुपन्देही | १/२१४१० | जित बहादुर बगाले मगर | मन बहादुर बगाले मगर | जित बहादुर बगाले मगर | तिलोत्तमा ११ कालिकास्थान | ९२१५ | मन बहादुर बगाले मगर |
| ६६ | अनिता राना | तिलोत्तमा ११ भुपुसैनिक | तिलोत्तमा ११ भुपुसैनिक | ३७-२२-७७-०६५२३ | टिका बहादुर राना | इन्द्र बहादुर राना | उदिम पुन | तिलोत्तमा ११ भुपुसैनिक | १५३३५ | रन बहादुर पुन |
| ६७ | जुनी श्रीस | तिलोत्तमा ११ भुपुसैनिक | देबदह न.पा. ८ रुपन्देही | २२६६५ | यम बहादुर श्रीस मगर | लाल बहादुर श्रीस | सिमा श्रीस राना | देबदह ८ | ३७-०२-७६-०५७२४ | यम बहादुर श्रीस मगर |
| ६८ | राज कुमारी पहिमा थारु | तिलोत्तमा १२ बिजय नगर | मक्रहर गा.बि.स ९ रुपन्देही | १७२६३ | जगराम थारु | बासुदेब थारु | सोमनी थारु | तिलोत्तमा १२ बिजय नगर | १७९१८ | सोमदत्त थारु |
| ६९ | राजु बुढा मगर | तिलोत्तमा ११ कालिकास्थान | मक्रहर गा.बि.स ८ रुपन्देही | ३४१००१/२५९२५ | केहर सिंह बुढा मगर | लक्ष्मन बुढा मगर | मन्जु केवट | तिलोत्तमा ११ कालिकास्थान | ३७३००१/७०१ | खुम बहादुर बहादुर बुढा मगर |
| ७० | चुना कुमारी राना | तिलोत्तमा ११ कालिकास्थान | शंकरनगर गा.बि.स १ रुपन्देही | ३०३९९ | किशन राना मगर | मन बहादुर राना मगर | किशन राना मगर | तिलोत्तमा ११ कालिकास्थान | ३७-०१-७३-०२७१४ | मन बहादुर राना मगर |
| ७१ | शोभा देवि थारु | देबदह ३ टटेरा | देबदह गा.बि.स. ३ रुपन्देही | ३८३०२२/३८२ | सन्तराम थारु चौधरी | शिब कुमार थारु | सन्तराम थारु चौधरी | देबदह ३ टटेरा | ३७३००२/८० | शिब कुमार थारु |
| ७२ | भगबती थारु | तिलोत्तमा १२ बिजय नगर | तिलोत्तमा १२ रुपन्देहि | ३७-०१-७५-१३९४४ | जनक बहादुर थारु | हिरा लाल थारु | जनक बहादुर थारु | तिलोत्तमा १२ बिजय नगर | ३७-०१-७५-०६११८ | हिरा लाल थारु |
| ७३ | दिलमाया चौधरी | तिलोत्तमा ८ मणिग्राम | देखतभुली गा.बि.स. ९ कञ्चनपुर | ७५-०१-७३-०९९८८ | मनोज चौधरी | दिनेश कुमार चौधरी | सुमित्रा कवर जोगी | तिलात्तमा ६ आनन्दबन | ३७१०१४/४७३१६ | राजु कवर जोगी |
| ७४ | सन्जु थारु | तिलोत्तमा १२ बिजय नगर | तिलोत्तमा न.पा. १५ रुपन्देहि | ३७-०१-७०-०४३६१ | त्रिभुवन थारु | बेश बहादुर थारु | एलिसा थारु | तिलोत्तमा १२ बिजय नगर | ३७-०१-८१-०१२०६ | त्रिभुवन थारु |
| ७५ | पुष्पा थारु चौधरी | देबदह ३ टटेरा | केरवानी गा.बि.स. ६ रुपन्देहि | ३७-०१-७१-००३६८ | बुद्धिराम थारु चौधरी | शिब कुमार थारु | बुद्धिराम थारु चौधरी | देबदह ३ टटेरा | ३७३००२/८३ | शिब कुमार थारु |
| ७६ | टुक बहादुर कामी | तिलोत्तमा ११ भल्का | तिनाउ गा.बि.स २ पाल्पा | ३९-०१-७७-०४९३७ | भिम बहादुर कामी | बल बिर कामी | सरिता बि क | तिलोत्तमा ११ भुल्का | ३७-०१-८०-११६२४ | टुक बहादुर कामी |
| ७७ | नथुइर्या थरुनी | तिलोत्तमा १२ बिजय नगर | मधवलीया गा.बि.स ४ रुपन्देहि | १२/२६६ | बंश बहादुर थारु | काइल थारु | बंश बहादुर थारु | तिलोत्तमा १२ बिजय नगर | १२/२६५ | काइल थारु |
| ७८ | बिष्णु राकस | तिलोत्तमा ११ गणेशनगर | तिलोत्तमा न.पा. ११ रुपन्देहि | ३७-०१-७८-०२११७ | राजेन्द्र क्षेत्री | राम बहादुर क्षेत्री | सपना नेपाली | तिलोत्तमा ११ गणेशनगर | ३७-०१-७८-०५२५१ | हाकीम नेपाली |
| ७९ | गंगा राना मगर | देबदह ८ देउराली | बुटवल ८ रुपन्देहि | ३/६०८२ | बाल कृष्ण श्रेष्ठ | पर बहादुर श्रेष्ठ | बाल कृष्ण श्रेष्ठ | देबदह ८ देउराली | ८/२४३ | पर बहादुर श्रेष्ठ |
| ८० | तिर्थ कुमारी थारु चौधरी | देबदह ३ टटेरा | केरवानी गा.बि.स. ६ रुपन्देहि | ३७-०१-७१-००५८८ | राम नन्दन थारु | शिब कुमार थारु | राम नन्दन थारु | देबदह ३ टटेरा | ३७३००२/७८ | शिब कुमार थारु |
| ८१ | फुल कुमारी थारु | देबदह ३ टटेरा | केरवानी गा.बि.स. ६ रुपन्देहि | ३७३००२/१०८ | बिष्णु प्रसाद थारु | माधो थारु | प्रशुराम थारु | देबदह ३ टटेरा | २२८३ | माधो थारु |
| ८२ | तुल्सा चौधरी | तिलोत्तमा १२ बिजय नगर | तिलोत्तमा न.पा. १२ रुपन्देहि | २१६१३ | प्रदेशि थारु | मनु चौधरी | प्रदेशि थारु | तिलोत्तमा १२ बिजय नगर | ७८०८ | मनु चौधरी |
| ८३ | अनमोल श्रेष्ठ | तिलोत्तमा १२ बिजय नगर | मक्रहर गा.बि.स १ रुपन्देही | ३७-०१-७१-०००६३ | संजितमान श्रेष्ठ | जितमान श्रेष्ठ | शान्ती श्रेष्ठ | तिलोत्तमा १२ बिजय नगर | १५०६९ | जितमान श्रेष्ठ |
| जिमिरेभार शाखा | | | | | | | | | | |
| ८४ | सरस्वती पाण्डेय | बर्दघाट ४ शान्ती टोल | कन्चनपुर भीमदत्त २ | ७५-०१-७१-०१६९२ | रबि भट्टराई | शिवलाल भट्टराई | रबि भट्टराई | नवलपरासी बर्दघाट ४ | ३६-०१-७४-०४०८८ | यज्ञराज पाण्डेय |
| ८५ | राम माया बि क | बर्दघाट ४ कालीका टोल | नवलपरासी माकर १ | ३६३०५५/२०७५ | सोम बहादुर विश्वकर्मा | नर बहादुर विश्वकर्मा | सोम बहादुर विश्वकर्मा | नवलपरासी माकर ४ | १३९१ | छोटे सुनार |
| ८६ | सरस्वती पाण्डे | बर्दघाट ४ कालीका टोल | नवलपरासी बर्दघाट ४ | ३६-०१-७६-०४४९७ | यम बहादुर पाण्डे | मान बहादुर पाण्डे | लक्ष्मण खडगी | नवलपरासी माकर ४ | ९०००९ | ज्योती प्रसाद ढकाल |
| ८७ | रिता राना | बर्दघाट ४ कालीका टोल | नवलपरासी माकर ९ | ८११९२ | रविलाल बि क | सान बहादुर कामी | संजय सुलार | नवलपरासी माकर ७ | ३६-०१-६९-०४९४२ | सुर्य बहादुर राना |
| ८८ | श्रीकिसुन चौधरी | बर्दघाट ७ जिमिरेभार | नवलपरासी माकर ७ जिमिरेभार | ७७६९५ | रुप नारायण चौधरी | दल सिंगार थारु | माया चौधरी | रुपन्देही मेरवानी २ | ३७१००२/२६९०५ | रुप नारायण चौधरी |
| ८९ | रमेश यादव | बर्दघाट ७ जिमिरेभार | नवलपरासी माकर ७ जिमिरेभार | ३६३०५५/७४ | गुम्ती यादव | सुभक यादव | राम वेलास यादव | नवलपरासी माकर ७ जिमिरेभार | ३६३०५५/७२ | गुम्ती यादव |
| ९० | अनिता कहार | सरावल ५ धनगढवा | नवलपरासी बडहरा ८ दुर्बा | ३६१०६३/२३८ | रविन्द्र नाथ कहार | रामनरेश कहार | रामनरेश कहार | बडहरा ८ दुर्बा | २११ | रामाश्री कहार |
| ९१ | मनमाया राना | बर्दघाट ४ बर्दघाट | स्याङजा पेलाकोट ३ | ४२२०४४/१६८ | गोपाल बहादुर गुरुङ्क | चिज बहादुर गुरुङ्क | सविता थारु | नवलपरासी माकर ३ | ३६३०५५/११५० | प्रेम बहादुर गाहा |
| ९२ | भगवती थारु | बर्दघाट ६ बेताहानी | नवलपरासी बर्दघाट ६ बेताहानी | ३६-०१-७२-०५११५ | कुन्दन थारु | केदार थारु | छनुई देवी थारु | बर्दघाट ६ बेताहानी | ३६३०५५/७६० | चिन्नु प्रसाद खवास |
| ९३ | सुमित्रा सापकोटा (गुरुङ्गं) | बर्दघाट ७ | रुपन्देही सिद्धार्थनगर १ | ३७-०१-७३-०६८९५ | अम्मर बहादुर गुरुङ्गं | देउ सुब्बा गुरुङ्गं | अम्मर बहादुर गुरुङ्गं | नवलपरासी बर्दघाट १६ | ४२९८३ | डण्डपानी सापकोटा |
| ९४ | लाल कुमारी गुरुङ्क | बर्दघाट ६ बेताहानी | नवलपरासी विनयीत्रिवेणी १ | ९६४४ | भोलानाथ चौधरी | विष्नु थारु | भोलानाथ चौधरी | नवलपरासी माकर ६ | १७४६९ | लाल बहादुर गुरुङ्क |
| ९५ | सृजना लोहार | बर्दघाट ४ बर्दघाट | नवलपरासी बर्दघाट ४ बर्दघाट | ३६-०१-७५-०३६९४ | विजय कुमार लोहार | बल बहादुर लोहार | समिर परियार | नवलपरासी बर्दघाट ४ बर्दघाट | ३६-०१-७७-०१५८३ | टेक बहादुर दमै |
| ९६ | शिवानी परियार | बर्दघाट ४ बर्दघाट | नवलपरासी बर्दघाट ४ बर्दघाट | ३६-०१-७७-०२००६ | सिजन परियार | पदम बहादुर परियार | गीता देवी दर्जी | नवलपरासी माकर ४ | ,४/२१२१ | टेक बहादुर दमै |
| ९७ | जानदेवी सिर्पाली | बर्दघाट ४ बर्दघाट | वाग्लुङ्क सुंखानी ५ | ५०२०५१/९८०१ | दिले कामी | जिते कामी | पवित्रा बि क | नवलपरासी बर्दघाट ४ | १४८७/०४४ | जस बहादुर कामी |
| ९८ | विष्णु माया परियार | बर्दघाट ७ कुकुमारा | नवलपरासी दाउन्नदेवी ७ | ३६३०५६/२११२ | सुर्य नेपाली | शशिधर दमाई | सुनिल परियार | नवलपरासी बर्दघाट ५ | ३६-०१-७४-००००१ | टेक बहादुर दमाई |
| ९९ | विष्णु खनाल | बर्दघाट १२ दविल्ला | रुपन्देही पडसरी ९ | ७४८६ | बसन्त खनाल | धनपती खनाल | खेम कुमारी कडेल | नवलपरासी कुभाखर्ती १ | १६८७२ | स्व .श्री कुमलाक खनाल |
| १०० | जयकला थारु | बर्दघाट १२ दविल्ला | नवलपरासी बर्दघाट १२ दविल्ला | ३६-०६-७७-०१०७१ | टंक प्रसाद थारु | पूर्णवासी थारु | मिना चौधरी | नवलपरासी जहदा ९ | ३६३०६१/४२० | बुद्धिलाल कुमाल |
| १०१ | सिर्जना नेपाली | बर्दघाट ७ माकर | नवलपरासी वेनिर्माणपुर ९ | ३६३०३५/११०९ | राम बहादुर नेपाली | नर सिं सार्की | राम बहादुर नेपाली | नवलपरासी वेनिर्माणपुर ९ | ६३३३२० | बलराम नेपाली |
| १०२ | अमिना वेगम | बर्दघाट ७ माकर | स्याङजा पुतलीबजार १३ | ८९३८३ | कमरुदीन अली अंसारी | हविव मुसलमान | विविजन मियाँ | पाल्पा दर्छा ८ | ३९-०१-७०-०११९५ | मुहम्मद करिम मिया |
| १०३ | खातुन मिया | नवलपरासी बर्दघाट ५ | स्याङजा दहथुम ६ | ९४९८७ | रहमद मिया | नुर बक्स | रहमद मिया | स्याङजा दहथुम ६ | ३३८५ | हवि उल्ल मिया |

का.नि.इ.नं.१२८/०६३/६४, म.ले.हु.नि.इ.न. १७/०६९/७७०

■ आइसिसी विश्वकप लिग-२

# कुशलले शतक हान्दा अमेरिकाविरुद्ध सानदार जित

**रमेश सुवेदी**/नयाँ पत्रिका

तीन खेलपछि कमब्याक गरेका ओपनर कुशल भुर्तेलको शतक प्रेरित नेपालले आइसिसी एकदिवसीय विश्वकप लिग-२ को घरेलु शृंखलामा अमेरिकामाथि ९ विकेटको सानदार जित निकालेको छ। शनिबार त्रिवि क्रिकेट मैदानमा ओपनरद्वय कुशल र आसिफ सेख चम्किएपछि नेपालले सहज जित निकाल्यो।

यसअघि टस जितेर ब्याटिङ गरेको अमेरिकाले ४३.३ ओभरमा सबै विकेट गुमाएर एक सय ९५ रनको लक्ष्य दिएको थियो। २२.३ ओभरसम्म १२२ रन बनाउँदा एक विकेट गुमाएको अमेरिकाले त्यसपछि बाँकी ७५ रन जोड्दा ९ विकेट गुमायो। सम्मानजनक स्कोर पाएको नेपालले ३६.४ ओभरमा १ विकेट गुमाउँदै जित निकालेको थियो। खेलमा प्लेयर अफ म्यान चुनिएका कुशलले आसिफसँग राम्रो सहकार्य भएको प्रतिक्रिया दिए। 'आसिफसँग फेरि राम्रो साझेदारी भयो। यसबाट निकै खुसी छु,' आसिफले भने, 'तीन खेलपछि राम्रो गर्न सफल भए। देशलाई जिताउन सफल भए।'

जितपछि नेपाल आठ राष्ट्र सहभागी लिग-२ मा २० अंकका साथमा सार्तौं स्थानमा यथावत् छ। अमेरिका पराजित भए पनि ३६ अंकका साथ दोस्रो स्थानमा यथावत् छ। अब, नेपालले सोमबार स्कटल्यान्डसँग खेल्नेछ। यसअघि नेपाल स्कटल्यान्डसँग पहिलो खेलमा २ रनले पराजित भएको थियो। लिग-२ बाट आफ्नो एकदिवसीय मान्यता जोगाउन सबै खेल जित्नैपर्ने दबाब रहेको छ। अमेरिकाका प्रशिक्षक पुवुदु दासानायकेले लगातार गल्ती गर्दा हार व्यहोर्नुपरेको बताए। 'हामीले सुरुवात राम्रो गरेका छौं। तर, लगातार गल्ती गर्दा पराजित हुनुपर्यौं।'

## अमेरिकाका दुई खेलाडीको अर्धशतक

अमेरिकाको इनिङ्समा दुई खेलाडीले अर्धशतक बनाएका थिए। ओपनर स्मित पटेलले ८९ बलमा ८ चौका र ३ छक्कासहित सर्वाधिक ८३ रन बनाए। उनलाई सोमपाल कामीले आसिफ सेखबाट क्याच गराएका थिए। सेहान जयसूर्याले ५२ बलमा ५० रन बनाए। जयसूर्या र स्मितले दोस्रो विकेटका लागि १०० रनको शतकीय साझेदारी पूरा गरेका थिए।

त्यसपछि भने अमेरिकाका अन्य ब्याटर चल्न सकेनन्। मिलिन्द कुमारले ४१ बलमा २८ रन तथा हरमित सिंहले १४ रन बनाएका थिए। अमेरिकाका कप्तान साइतेजा मुक्कामल्लासहितका ७ ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। नेपालका लागि उपकप्तान दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ४ रन बनाए। सोमपाल कामीले २ तथा सन्दीप लामिछाने र गुल्सन झाले समान १ विकेट हात पारे।



नेपालको जितमा शतक बनाएका ओपनर कुशल भुर्तेल

तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

> ओमानविरुद्ध खेलेपछि तीन खेलमा ड्रप भएका कुशल भुर्तेल सानदार कमब्याक गर्दै शतक प्रहार गर्न भए सफल

## कुशलको अर्धशतक

नेपालको जितमा ओपनर कुशलले शतक बनाए। उनले ११८ बलमा १३ चौका र ४ छक्कासहित सर्वाधिक १२० रन बनाएका हुन्। कुशलले पहिलो विकेटका लागि अर्का ओपनर आसिफ सेखसँग मिलेर एक सय ४५ रनको शतकीय साझेदारी गरेका थिए। आसिफ ७२ बलमा ५८ रन बनाए।

कुशलको यो एकदिवसीयमा दोस्रो शतक हो। उनले पहिलो शतक नामिबियाविरुद्ध सन् २०२३ मा त्रिवि मैदानमा नै पूरा गरेका थिए। एकदिवसीय करिअरमा उनी दोस्रो शतक प्रहार गर्ने दोस्रो नेपाली खेलाडी हुन्। यसअघि कप्तान रोहितकुमार पौडेलले नेपालका लागि २ शतक प्रहार गरेका थिए। यसै खेलबाट एकदिवसीय क्रिकेटमा डेब्यु गरेका ईशान पाण्डे २० रनमा अविजित रहे। अमेरिकाका लागि एक मात्रै विकेट मोहम्मद मोहसिनले लिएका थिए।

## गल्तीले तीन खेल ड्रप हुनुपऱ्यो

● **कुशल भुर्तेल**, खेलाडी, नेपाल

अमेरिकाविरुद्धको प्रदर्शनबाट खुसी छु। आसिफसँग राम्रो साझेदारी भयो। ओमानसँग मैले एउटा गल्ती गरेको थिएँ। त्यसैले मलाई तीन खेलमा ड्रप हुनुपऱ्यो। तर, मैले ब्याटिङ राम्रो गरिरहेको थिएँ। नेटमा पनि राम्रो अभ्यास भएको थियो। एकछिन खेल्न सके भने राम्रो खेल्न सक्छु भन्ने विश्वास थियो। जुन अमेरिकासँग सम्भव भयो। दर्शकहरू मेरो शतककै दिन आउनुभयो। धेरै खुसी लागेको छ। अरू खेलमा पनि आशा गर्नौं धेरै दर्शक आउनेछन्।

## हामीले धेरै गल्ती गऱ्यौं

● **पुबुदु दासानायके**, प्रशिक्षक, अमेरिका



मलाई लाग्छ, मेरा खेलाडीले दुवै खेल राम्रो खेलेका हुन्। हामीले धेरै कुरामा छलफल गरेका थियौं। दुवै खेलमा अवसर पनि पाएका थियौं। त्यत्तिकै गल्ती पनि भयो। हामीले राम्रो सुरुवात गरेका छौं। तर, त्यसपछि राम्रो हुन सकेको छैन। यो विकेटमा खेल्न गाह्रो छ। अझ हामी घरेलु टिम नेपालसँग खेल्दै छौं। यहाँ खेल जित्न २७० सम्म बनाउनैपर्ने हुन्छ।

# अन्जिलाको कप्तानीमा साफ खेल्ने टिम घोषणा

**नयाँ पत्रिका**



गोलकिपर अन्जिला तुम्बापो सुब्बाको कप्तानीमा साफ महिला च्याम्पियनसिप २०२६ खेल्ने नेपाली राष्ट्रिय महिला टोलीको घोषणा भएको छ। शनिबार अखिल नेपाल फुटबल संघ (एन्फा)ले भारतमा आइलिग खेलिरहेकी अन्जिलाको कप्तानीमा २३ सदस्यीय टिम घोषणा गरेको हो।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)बाट शुक्रबार मात्रै दुई महिनापछि निलम्बन फुकुवा भएपछि नेपालले ढुक्क भएर प्रतियोगिता खेल्ने माहोल बनेको हो। त्यसपछि मात्रै मुख्य प्रशिक्षक नवीन न्यौपानेले टिम घोषणा गरेका हुन्। यद्यपि, एन्फा निलम्बनमा परे पनि राखेपले म्यानेजर तथा एन्फा प्रवक्ता सुरेश शाहलाई जिम्मेवारी दिँदै टिमको अभ्यास सत्र जारी राखेको थियो। यसअघि निलम्बनकै कारण नेपालले फिफा सिरिजको खेल गुमाएको थियो।

घोषित टिममा घाइते भएकी स्ट्राइकर सावित्रा भण्डारी र मिडफिल्डर सविता रानामगर अटाएनन्। यस्तै, मिडफिल्डर सरस्वती हमाल र लेफ्ट ब्याक मनमाया दमाईं भने टिममा अटाउन सकेनन्। बिर्सना चौधरी र अनिता लम्जेलले पहिलोपटक टोलीमा स्थान बनाएका छन्। बिर्सनाले भने दुई वर्षपछि कमब्याक गरेकी छिन्।

नेपालले लगातार साफ च्याम्पियनसिप खेलेपछि हालसम्म जित्न सकेको छैन। नेपाल लगातार फाइनलमै पराजित हुँदै आएको छ। सुरुमा भारतसँग चुक्दै आएको नेपाल पछिल्लो समय बंगलादेशसँग पराजित भएको हो। यसपटक प्रतियोगिता २५ मे देखि ५ जुनसम्म भारतको गोवामा हुँदै छ। समूह 'ए'मा नेपालसहित श्रीलंका र भुटान छन्। समूह 'बी' मा आयोजक भारतसहित बंगलादेश र माल्दिभ्स छन्। समूहका शीर्ष दुई टोली सेमिफाइनलमा प्रवेश गर्नेछन्।



▶ बिर्सना चौधरी



▶ अनिता लम्जेल

## बिर्सना र अनिता पहिलोपटक टिममा

घोषित टिममा पहिलोपटक बिर्सना र अनिताले अवसर पाएका छन्। फुलब्याक सविना चौधरीले दुई वर्षपछि पुनरागमन गरिन्। बिर्सना र अनिताले पछिल्लो समय प्रारम्भिक टोलीमा स्थान बनाएपछि अन्तिम टोलीमा अटाएका थिएनन्। अनिता त्रिभुवन आर्मी फुटबल खेल्छिन्। त्यस्तै, बिर्सनासँग नेपालको राष्ट्रिय यू-२० टोली र नेपाल पुलिसबाट खेलिसकेको अनुभव रहेको छ।

फुलब्याक सबिनाले भने सन् २०२४ पछि कमब्याक गर्न सफल भइन्। फेब्रुअरीमा साउदी अरेबियामा सम्पन्न वाफ महिला च्याम्पियनसिपमा सविना टिममा थिइन्। उनले इराकविरुद्ध खेल्दै डेब्युसमेत गरेकी थिइन्। नेपाली टिमको गोलकिपरमा अन्जिलासँगै अन्जना रानामगर र उषा नाथले निरन्तरता पाएका छन्। यस्तै, डिफेन्डरमा पूजा राना, गीता राना, विमला विक, हिराकुमारी भुजेल, प्रतीक्षा चौधरी, समीक्षा घिमिरे, निशा थोकर तथा सविता रहेका छन्।

यता, मिडफिल्डरमा रेनुका नगरकोटेलाई दीपा शाही, प्रीति राई, सरु लिम्बू, अनिता बस्नेत र अनिता केसीले साथ दिँदै छन्। यसपटक बिर्सना र लम्जेल थपिएका छन्। यस्तै, सावित्रा अग्रपंक्तिमा नहुँदा रश्मिकुमारी घिसिङ, रेखा पौडेल, पूर्णिमा राई र मीना देउवाले अवसर पाएका छन्।

■ ह्यारी केन बुन्डेस लिगाको 'टप स्कोरर'



**एजेन्सी**/ इंग्ल्यान्डका कप्तान ह्यारी केन जर्मन बुन्डेस लिगा सिजन २०२५/२६ को सर्वाधिक गोलकर्ता बनेका छन्। शनिबार राति भएको खेलमा एफसी कोलोग्नेविरुद्ध उनले ह्यात्रिक गरे। जुन खेलमा बायर्न ५-१ ले विजयी भयो। यो सिजन ३१ खेल खेलेका केनले ३६ गोल गरेका छन्। पाँच गोलका लागि अवसर सिर्जना गरे। यता, बायर्नले उनको लगातार उत्कृष्ट प्रदर्शनसँगै बुन्डेस लिगाको उपाधि जितिसकेको छ। कुल ३४ खेलमा बायर्नले ८९ अंक जोडेको छ। यसअघि टोली च्याम्पियन हुँदा मात्र ८२ अंक जोडेको थियो।

■ काभा महिला च्याम्पियनसिप

# भलिबलमा ६ नयाँ अनुहार

**नयाँ पत्रिका**



नेपाल भलिबल संघ (एनभिए)ले ६ नयाँ खेलाडी समावेश गर्दै काभा महिला च्याम्पियनसिपका लागि नेपाली टिम घोषणा गरेको छ। एनभिएले शुक्रबार नै नयाँ कप्तानको जिम्मेवारी निरुता ठगुन्नालाई दिएको थियो। १४ सदस्यीय टिममा ६ खेलाडी नयाँ छन्। प्रतियोगिता जेठ ८ देखि १५ गतेसम्म त्रिपुरेश्वरस्थित दशरथ रंगशालाको कभर्डहलमा आयोजना हुँदै छ। जसमा नेपालसहित सेन्ट्रल एसियाका आठ टोलीले प्रतिस्पर्धा गर्नेछन्।

प्रशिक्षक जगदीश भट्टले आउटसाइड हिटरमा कप्तान निरुतासँगै उषा भण्डारी, सलिना बुढामगर र मीना सुनारलाई अवसर दिएका छन्। अप्पोजिट हिटरमा कामना विष्ट र रिमा कुँवर छन्। मिडल ब्लकरमा सुमित्रा रेग्मी, बसन्ती साउद, सुनिता खत्री र एलिसा मानन्धरले मौका पाए। अरुणा शाही अस्ट्रेलिया गएपछि प्रगति नाथ र जसना महतोले सेटरमा मौका पाउने निश्चित भएको थियो। अरुणा टिमको कप्तान हुँदा प्रगति वैकल्पिक सेटरको रूपमा खेल्दै आएकी थिइन्। लिबेरोमा सलिना श्रेष्ठ र शान्तिकला तामाङले निरन्तरता पाएका छन्। ६ नयाँ खेलाडीमा आउटसाइट हिटर सलिना र मीना, सेटर जसना तथा मिडर ब्लकरहरू बसन्ती, एलिना र सुनिता खत्रीले पहिलोपटक राष्ट्रिय टिममा स्थान बनाएका हुन्।

काभा महिला भलिबल च्याम्पियनसिपमा नेपालले चिरपरिचित प्रतिद्वन्द्वी भारतसँग जेठ ८ गते पहिलो खेल खेल्दै छ। यस्तै, नेपालले जेठ ९ गते किर्गिस्तान र जेठ १० गते माल्दिभ्ससँग खेल्नेछ। इरान, कजाकस्थान, श्रीलंका र बंगलादेश समूह 'बी' मा छन्। दुवै समूहका शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन्। नेपालले सन् २०१९ र सन् २०२२ मा काभा च्याम्पियनसिप जितिसकेको छ। त्यसपछि नेपाल लगातार दुईपटक उपाधि जित्नबाट वञ्चित भयो। नेपालाई घरेलु कोर्टमै हुने काभा च्याम्पियनसिप जित्ने अवसर रहेको छ।

## खेल संक्षेप

### प्रिन्स र रशिला राष्ट्रिय च्याम्पियन

**काठमाडौं**/ विभागीय टोली एपिएफका प्रिन्स दाहाल र नेपाल आर्मीकी रशिला महर्जनले ४२औं राष्ट्रिय व्याडमिन्टन प्रतियोगिताको एकलतर्फ उपाधि शनिबार जितेका छन्। प्रिन्स पुरुष तथा रशिला महिलामा राष्ट्रिय च्याम्पियन बने। त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा भएको पुरुष एकलतर्फ फाइनलमा प्रिन्सले आर्मीका विधान अधिकारीलाई २१-१६ र २१-३ को सोझो सेटमा पराजित गरे। प्रिन्स दोस्रोपटक राष्ट्रिय च्याम्पियन बनेका हुन्। ०७९ सालमा प्रिन्सले पहिलोपटक उपाधि जितेका थिए। एपिएफका देवराज राणा र आर्मीका प्रफुल महर्जन तेस्रो भए। महिला एकलतर्फको उपाधि भिडन्तमा रशिलाले तीनपटककी राष्ट्रिय च्याम्पियन नडसल तामाङलाई सिधा सेटमा २१-१८ र २१-१८ ले हराइन्। रशिलाको यो तेस्रो उपाधि हो। यसअघि रशिलाले २०७६ र २०७९ मा उपाधि जितेकी थिइन्। आर्मीका द्वय अमिता गिरी र रिहाना शेरचन तेस्रो बने। प्रिन्स र रशिला दुवैले डबल्समा पनि स्वर्ण जिते।

### भ्याली पब्लिक फाइनलमा

**काठमाडौं**/ भ्याली पब्लिक 'ए' एसइई थ्री-अन-थ्री बास्केटबल प्रतियोगिताको महिलातर्फ शनिबार फाइनलमा प्रवेश गरेको छ। मनमैजुस्थित आयोजक एन्जल्स हार्टमा भइरहेको प्रतियोगिताको सेमिफाइनलमा भ्याली पब्लिकले फेयरलेस फ्लायर्स 'बी'लाई ७-५ ले पराजित गऱ्यो। भ्याली पब्लिक 'ए'ले उपाधिका लागि मनास्लु र सगरमाथाबिचको विजेतासँग खेल्नेछ। पुरुषतर्फ टिम सेवा लाइट सेमिफाइनलमा पुग्यो। एयरजो 'बी', आइस, स्निकर फ्रिकर, हिमालयन वर्ल्ड स्कुल र सुटरले क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे। लाटे लभर्स र एयरजो 'ए'ले प्रिक्वाटरफाइनलमा स्थान पक्का गरे। प्रतियोगिताको पूर्व प्रदेश मन्त्री शैलेन्द्रमान वज्राचार्यले एक कार्यक्रमबिच उद्घाटन गरे। दुईदिने प्रतियोगिताको पुरुषतर्फ ४० तथा महिलातर्फ १४ टिम सहभागी छन्। दुवै समूहका विजेताले १५ हजार र उपविजेताले १० हजार नगद पुरस्कारसहित छात्रवृत्ति प्राप्त गर्नेछन्।

### टेबुलटेनिस टोली कोरिया प्रस्थान

**काठमाडौं**/ दक्षिण कोरियाको इन्चोनमा मे १६ देखि २६ तारिखसम्म सञ्चालन हुने याङ यङ जा टेबुलटेनिस मिसन (वाइटिटिए) अन्तर्राष्ट्रिय प्रशिक्षण शिविरमा सहभागी ६ सदस्यीय नेपाली टोली शनिबार दक्षिण कोरियाको इन्चोन प्रस्थान गरेको छ। प्रशिक्षण शिविर र प्रतियोगितामा सहभागी हुने खेलाडीमा यू-१३ मा रिभानमुनि बज्राचार्य र प्राज्ञा महर्जन, यू-१६ मा रिजन शाक्य र सुरम्या शाक्य तथा यू-१९ मा हिमाल विष्ट र योंगी पौडेल रहेका छन्। टोली व्यवस्थापकको रूपमा रहेको अखिल नेपाल टेबलटेनिस संघका कोषाध्यक्ष ज्याकी महर्जनले जनाएका छन्। यस प्रशिक्षण शिविरका लागि खेलाडी छनोट गत अक्टोबर ५, २०२५ मा ललितपुरको भैंसेपाटीस्थित नेपाल एपिएम क्लबमा भएको थियो। प्रतियोगितामा यू-१३, यू-१६ र यू-१९ उमेरसमूहका छात्र तथा छात्रा गरी ६ विधामा प्रतिस्पर्धा भएको थियो।

### जुडो अर्गनाइजिङ सेमिनार सुरु

**काठमाडौं**/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)अन्तर्गत तालिम तथा प्रशिक्षण विभागको समन्वय तथा जुडोका मुख्य प्रशिक्षक वीरेन्द्र रन्जितको पहलमा जुडो अर्गनाइजिङ सेमिनार शनिबारदेखि सुरु भएको छ। सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुदपरिसरमा भइरहेको सेमिनारमा १९ पुरुष र १५ महिला गरी ३४ जनाको सहभागिता रहेको मुख्य प्रशिक्षक रन्जितले जनाएका छन्। सहभागीलाई तालिम तथा प्रशिक्षण विभागका उपनिर्देशक जगदीशप्रसाद भट्टले मोटिभेसन स्पिच, तालिम तथा प्रशिक्षण विभागकै उपनिर्देशक राजेश्वरमान स्थापितले साइकोलोजी र सुप्रसिद्ध ताम्राकारले प्राविधिक विषयमा प्रशिक्षण दिइरहेका छन्।

# रसियन खेलाडी पेटले जिते दोलखा अन्तर्राष्ट्रिय चेसको उपाधि

**दोलखा**/ छैटौं दोलखा खुला अन्तर्राष्ट्रिय चेस प्रतियोगितामा रसियाका खेलाडी किरियाकोभ पेटले अपराजित रहँदै उपाधि आफ्नो नाम लेखाएका छन्। रसिया, भारत र नेपालका तिन खेलाडीहरूले समान ७.५ अंक जोडे पनि प्रोग्रेसिभ प्वाइन्टका आधारमा प्रथम, द्वितीय तथा तृतीय स्थान प्राप्त गरेको आयोजक दोलखा चेस होमका अध्यक्ष गोविन्दमान श्रेष्ठले जानकारी दिए। रसियन २४७३ रेटेड जिएम किरियाकोभले नौ चरणको क्लासिकल खेलमा ६ जित ३ बराबरीको खेल प्रदर्शन गर्दै ७.५ अंकका साथ उपाधि जितेका छन्। रसियन ग्रायन्ड मास्टरले प्रोग्रेसिभ ५४.५ प्वाइन्ट जोडेर नगद एक लाख पुरस्कार, आकर्षक ट्रफी, मेडल प्राप्त गरेका छन्। २३२४ रेटेड भारतीय खेलाडी अर्पण दासले प्रोग्रेसिभ ५३.५ प्वाइन्ट जोडेर द्वितीय स्थान प्राप्त गरेका छन्। उनले नगद ६० हजार प्राप्त गरे। त्यस्तै, नेपाली २०४० रेटेड खेलाडी रिसोन थापाले प्रोग्रेसिभ ५१.५ प्वाइन्ट जोडेर तृतीय स्थान प्राप्त गर्दै नगद ४० हजार जितेका छन्।

यसैगरी, तीनजना खेलाडीले समान सात अंक जोडेर प्रोग्रेसिभ प्वाइन्टका आधारमा चौथोदेखि छैटौं स्थान प्राप्त गरेका छज्। जसमा नेपाली युवा सिएम पुरुषोत्तम सिलवाललेे ५१ प्रोग्रेसिभ प्वाइन्ट बनाउँदै चौथो स्थानको नगद २५ हजार पुरस्कार जितेका छन्। यस्तै, भारतका अंकित दासले ४९.५ प्रोग्रेसिभ प्वाइन्ट जोडेर पाँचौं स्थानको नगद १५ हजार, नेपालका धीरेन राई छैटौं हुँदै १० हजार पुरस्कार जितेका छन्। प्रतिस्पर्धामा भारतका राहुल गुरुङ सार्तौं, थेन्दुप तामाङ आठौं, विनायक सिंह यादव तथा नेपालका प्रशान्त गुरुङले दसौं स्थान प्राप्त गरेका छन्। दोलखा चेस होम्सको आयोजनामा सञ्चालन भएको प्रतिस्पर्धामा सात राष्ट्रका १४० जना अन्तर्राष्ट्रिय खेलाडीहरू सहभागी थिए। आयोजकले विजयी खेलाडीहरूलाई कुल पाँच लाख दुई हजार वितरण गरेको जनाएको छ।

# सिटीले जित्यो एफए कप

**एजेन्सी**



म्यानचेस्टर सिटीले सिजन २०२५/०२६ को एफए कपको उपाधि जितेको छ। शनिबार लन्डनको वेम्बली रंगशालामा ८३ हजार समर्थकमाझ सिटीले चेल्सीलाई १-० ले हरायो। सिटीको जितमा एन्टोइन सेमेन्योले विजयी गोल गरे। एर्लिङ हाल्यान्डको पासमा उनले खेलको ७२औं मिनेटमा गोल गरेका हुन् जुन गोल नै खेलको निर्णायक बन्यो। घानाका खेलाडी यसै सिजन सिटीसँग जोडिएका थिए। सिजनको सुरुवातमा प्रशिक्षक पेप ग्वार्डिओलाले गरेको निर्णयमा उनले न्यायसमेत गरेका छन्। बाँकी समय दुवै टोलीले गोलको प्रयास गरे पनि सफल भएनन्।

> सिटीको जितमा घानाका एन्टोइन सेमेन्योले गरे विजयी गोल

यता, ग्वार्डिओलाको प्रशिक्षणमा सिटीले जितेको यो सिजन जितेको दोस्रो उपाधि हो। यसअघि टोली युरोपियन च्याम्पियन्स लिगको उपाधि दाबेदार भए पनि उपाधिबाट वञ्चित भयो। लिग कपको भने उपाधि जितेको छ। यस्तै, टिम प्रिमियर लिगको उपाधिनजिक रहेको छ। तर, सिटीभन्दा आर्सनल शीर्ष स्थानमा रहँदा उसको सम्भावना निकै कठिन मानिन्छ।

प्रशिक्षक ग्वार्डिओलाले सेमोन्योसँगै हाल्यान्ड र ओमार मामोउसलाई अग्रपंक्तिको जिम्मेवारी दिएका थिए। तर, गोलका लागि टिमले दोस्रो हाफ कुर्नुपऱ्यो। यस्तै, जेमी डोकु, रोड्री, बर्नान्डा सिल्भाले टिमको मध्यभाग सम्हालेका थिए। योसँगै सिटीले सार्तौंपटक एफए कपको उपाधि जितेको छ। यस्तै, सिटी आएपछि प्रशिक्षक पेप ग्वार्डिओलाले २०औं उपाधि जिताएका छन्।

## प्रिमियर लिगको पनि सम्भावना

सिटीलाई सिजनको दोस्रो उपाधि जित्ने अवसरसमेत रहेको छ। एफए कप जितेको उसलाई प्रिमियर लिगको उपाधि जित्ने अवसर छ। तर, त्यसका लागि शीर्ष स्थानको आर्सनलको नतिजा गडबडी हुनुपर्नेछ।

यदि आर्सनल बाँकी खेलमा पराजित भए वा बराबर खेले मात्रै सिटी लगातार च्याम्पियन बन्ने बाटो खुल्नेछ। नत्र २० वर्षपछि आर्सनल च्याम्पियन बन्ने पक्का छ। सिटी बाँकी खेलमा बर्नामाउथ र एस्टन भिल्लासँग खेल्ने तालिका रहेको छ। प्रिमियर लिगमा दुई खेल बाँकी हुँदा आर्सनलको ७९ अंक छ। दुई अंक कम भएको सिटी दोस्रो स्थानमा छ। ६५ अंकसहित म्यानचेस्टर युनाइटेड तेस्रो स्थानमा छ। यो नतिजासँगै युनाइटेड लामो समयपछि च्याम्पियन्स लिगमा छनोट भएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com